बारेकोट गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

लिम्सा, जाजरकोट

कर्णाली प्रदेश, नेपाल



# गाउँपालिकाको दोस्रो आवधिक विकास योजना

(आ व २०८२/०८३ - ०८६/०८७)

अन्तिम प्रतिवेदन





**पेश गर्ने**


InSelf Western Nepal P.Ltd.
Nepalgunj Sub- Metropolitan City Ward no.-1, Bishalnagar
Banke District, Lumbini Province, Nepal
Contact : 9858072603
*email: inselfwesternnp@gmail.com*

बारेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

मितिः २०८२।०३।२०

## प्रकाशकीय मन्तव्य

### प्रकाशकीय

संघीय संरचना सहितको गणतन्त्रात्मक राज्य व्यवस्था र लोकतान्त्रिक शासन प्रणाली, सामाजिक न्याय सहितको समानुपातिक, समावेशी शासकीय चरित्र, मौलिक अधिकार, नागरिक स्वतन्त्रता, धर्म निरपेक्षता जस्ता महत्वपूर्ण उपलव्धीहरू संविधान मार्फत संस्थागत भएका छन्। स्थानीय सरकारलाई संबिधानले व्यवस्था गरेका यी उपलव्धीहरूको स्थानीय स्तरमा संस्थागत विकास गर्ने प्रमुख आधारको रुपमा लिईएको छ। तीन तहका सरकारको समन्वय, सहकार्य र सह–अस्तित्वको सिद्धान्त अनुसार शासन व्यवस्थाको सञ्चालनबाट मात्रै जनताको जनआकांक्षा पुरा गर्न सकिन्छ। यसै मर्मलाई मध्यनजर गर्दै, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिकाले स्थानीय तहको विकासका लागि आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालीन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ।

यसको प्रावधान तथा गाउँपालिकाको समग्र नतिजामूखि विकासका लागि आवश्यकता महसुस गरी ***"सुशासन, सामाजिक न्याय र समृद्ध बारेकोट"*** भन्ने दीर्घकालिन सोँचका साथ बारेकोट गाउँपालिकाको दोस्रो आवधिक योजना (२०८२/८३ – २०८६/८७) तर्जुमा गरिएको छ। यसवाट गाउँपालिका क्षेत्रको सेवा प्रवाह, नीति तथा कार्यक्रम निर्माण, योजना तर्जुमा, आन्तरिक आय वृद्धि तथा विकास प्रकृया लगाएत समग्र बारेकोटको उत्थान तथा रुपान्तरणमा मार्गदर्शन गर्नेछ भन्ने पूर्ण विश्वास लिएको छु। यो योजनाले बारेकोटलाई आगामी वर्षहरूमा कसरी र कहाँ लैजाने भन्ने कुरा दिशानिर्देश गर्ने विश्वास लिएको छु। यसका साथै बारेकोट गाउँपालिकाको विकास प्रति चासो व्यक्त गर्ने अन्य विकास साझेदारहरू तथा सरोकारवालाका लागि समेत यो आवधिक योजना महत्वपूर्ण र सहयोगी सिद्ध हुनेछ।

यस आवधिक योजना तर्जुमा कार्यमा सहयोग तथा परामर्श प्रदान गर्ने गाउँपालिकाका निर्वाचित जनप्रतिनिधिहरु, स्थानीय तहमा क्रियाशिल राजनीतिक दल, कर्मचारी मित्रहरू, विषयगत शाखा प्रमुख, अन्य सरोकारवाला संघ संस्था र प्राविधिक सहयोग गर्ने इन्सल्फ वेस्टर्न नेपाल प्रा. लि., नेपालगंज १ बाँकेका प्राविधिक टोलीको योगदानको उच्च कदर गर्दे सबैमा धन्यवाद व्यक्त गर्न चाहन्छु। आउने दिनहरुमा पनि बारेकोटको विकास र समृद्धिका लागि सबैको सहयोग, सदभाव र सहकार्यको अपेक्षा लिएको छु।

धन्यवाद।

................................

बीर बहादुर गिरी
अध्यक्ष
बारेकोट गाउँपालिका, जाजरकोट

बारेकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

मिति: २०८२।०३।२०

## मन्तव्य !

संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्था लागु भई स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी पश्चात ***"सुशासन, सामाजिक न्याय र समृद्ध बारेकोट"*** भन्ने दीर्घकालिन सोँचका साथ बारेकोट गाउँपालिकाको दोस्रो आवधिक योजना (२०८२/८३– २०८६/८७) तर्जुमा गरिएको छ। गाउँपालिकाको स्थानीयस्तरको विकासका लागि आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, विषयक्षेत्रगत रणनीतिक योजना बनाई लागू गर्नु पर्ने स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था अनुरुप यो योजना तयार गरिएको छ। स्थानीय तहले आफ्नो अधिकारक्षेत्र (संविधानको अनुसूची ८ एकल अधिकारक्षेत्र र अनुसूची ९ साझा अधिकारक्षेत्र) का विषयमा आफ्नो मापदण्ड तथा कार्यविधि वनाई अल्पकालिन, मध्यकालीन तथा दिर्घकालीन विकास योजना तुर्जमा गरी कार्यान्वयन गर्नसक्ने प्रावधान समेत रहेको छ। एकीकृत स्वरुपको यस प्रथम आवधिक योजनाले गाउँपालिकाको दिर्घकालीन सोच निर्धारण गरी, आगामि ५ वर्षमा गापालाई कस्तो अवस्थामा पुर्याउने भनेर लक्ष्य किटान र सो प्राप्तीका लागि श्रोत परिचालनको योजना समेत निर्माण गरेको छ। गापाको नतिजामुखी तथा समग्र विकासमा र आगामी वर्षहरूको वार्षिक योजना तर्जुमा गर्नको लागि यो योजना महत्वपूर्ण मार्गदर्शक सावित हुने विश्वास गरेको छु। गाउँ विकासका लागि सहकार्य गर्ने गैसस तथा विकास साझेदारका लगायत सम्पूर्ण सरोकारवालाको लागि समेत महत्वपूर्ण दस्तावेज हुने विश्वास लिएको छु।

गाउँपालिकाको समग्र नेतृत्वमा तर्जुमा गरिएको यो योजनाको प्रकृयामा सहयोग तथा सहकार्य गर्ने सम्पूर्ण पदाधिकारीहरू, राजनीतिक दल, कर्मचारी र प्राविधिक सहयोग गर्ने इन्सेल्फ वेस्टर्न नेपाल प्रा. लि., नेपालगंज -१, बाँके र यसका प्राविधिक टोली सहित सबैको योगदानको उच्च कदर गर्दै धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद !

=========================

नर बहादुर गिरी
उपाध्यक्ष
बारेकोट गाउँपालिका, जाजरकोट

# बारेकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## लिम्सा, जाजरकोट
### कर्णाली प्रदेश, नेपाल

मितिः २०८२।०३।२०

## दुइ शव्द

२०७२ सालमा नेपालको संविधान मार्फत नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था घोषणा भएको थियो। उक्त व्यवस्थाको कार्यान्वयन गर्न बनेको स्थानीय तह सञ्चालन सम्बन्धी संघीय कानून (स्थानीय सरकार सञ्चालन ऐन, २०७४) ले गाउँपालिका तथा नगरपालिकाले स्थानीयस्तरको विकासका लागि आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, विषयक्षेत्रगत रणनीतिक, मध्यकालीन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ। योजना तर्जुमा गर्दा प्राथमिकता दिनु पर्ने विषयहरू समेत तोकेको र स्थानीय तहले कार्यसम्पादनका क्रममा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग र प्रभावकारी सेवा प्रवाह सम्वन्धी व्यवस्था स्पष्टरुपमा उल्लेख गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भए पश्चात ***"सुशासन, सामाजिक न्याय र समृद्ध बारेकोट"*** **भन्ने दीर्घकालिन सोँचका साथ बारेकोट गाउँपालिकाको दोस्रो आवधिक योजना (२०८२/८३– २०८६/८७) तर्जुमा गरिएको छ** । यस योजनाले आगामि ५ वर्षमा गाउँपालिकालाई कस्तो अवस्थामा पुर्याउने भनेर लक्ष्य किटान र सो प्राप्तीका लागि श्रोत परिचालनको योजना समेत निर्माण गरेको छ। गाउँपालिकाको नतिजामुखी तथा समग्र विकासमा र आगामी वर्षहरूको वार्षिक योजना तर्जुमामा योजना महत्वपूर्ण मार्गदर्शक सावित हुने विश्वास गरेको छु। यस योजनाले आगामी ५ वर्षमा यस गाउँपालिकालाई SMART Rural Municipality उन्मुख तथा आधारभूत आवश्यकता पुरा भएको गाउँपालिका बनाउन सहयोग गर्ने छ भन्ने विश्वास लिएको छु।

गाउँपालिकाको समग्र नेतृत्व, विषयगत शाखाहरू तथा विकासका सरोकारवालाको सहयोग तथा सहकार्यमा यस आवधिक योजना तयार गरिएको छ। यसले सेवा प्रवाह, नीति निर्माण, आन्तरिक आय वृद्धि तथा विकास प्रकृयालाई निश्चित गन्तव्यमा पुर्याउने विश्वास लिएको छु। यसका अतिरिक्त, गाउँ विकासका लागि सहकार्य गर्ने अन्य निकाय लगायत गैर सरकारी संस्था तथा विकास साझेदारका लागि पनि यो योजना र सहयोगी हुनुका साथै गाउँपालिकाको विकास र समुन्नतिको सपना सबैको एकता, साझा प्रयास र प्रतिवद्धताबाट प्राप्त हुने कुराको पुनः स्मरण गर्न चाहन्छु।

आवधिक योजना तर्जुमामा सहयोग र परामर्श प्रदान गर्ने गाउँपालिकाका निर्वाचित पदाधिकारीहरू, राजनीतिक दल, कर्मचारी र प्राविधिक सहयोग गर्ने इन्सेल्फ वेस्टर्न नेपाल प्रा. लि., नेपालगंज -१, बाँकेका प्राविधिक टोली सहित सबैको योगदानको उच्च कदर गर्दै धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद !

...................
राम बहादुर मल्ल
नि. प्रमुख प्रशासकीय अधिकृत

# विषयसूची


परिच्छेद एक....................................................................................................................१

परिचय....................................................................................................................१

१.१ पृष्ठभूमि ....................................................................................................................१

१.२ आवधिक विकास योजनाको उद्देश्य....................................................................................................................१

१.३ आवधिक विकास योजना तर्जुमाका आधारहरू ....................................................................................................................२

१.४ आवधिक विकास योजना तर्जुमा तथा प्रक्रिया....................................................................................................................२

१.५ सीमा ....................................................................................................................४

परिच्छेद दुई....................................................................................................................५

गाउपालिकाको समग्र स्थितिको संक्षिप्त समीक्षा....................................................................................................................५

२.१ भौगोलिक, राजनीतिक र प्राकृतिक अवस्था ....................................................................................................................५

२.१.१ भौगोलिक अवस्था....................................................................................................................५

२.१.२ राजनीतिक तथा प्रशासनिक अवस्था ....................................................................................................................५

२.१.३ साँस्कृतिक, प्राकृतिक, पर्यटकीय स्थलहरू....................................................................................................................५

२.२ जनसांख्यिक अवस्था....................................................................................................................६

२.२ आर्थिक अवस्था ....................................................................................................................६

२.२.१ कृषि तथा पशुपालन....................................................................................................................६

२.२.२ उद्योग, व्यापार र व्यवसाय....................................................................................................................७

२.२.३ आम्दानी तथा रोजगारी....................................................................................................................७

२.३ सामाजिक अवस्था....................................................................................................................७

२.३.१ जनस्वास्थ्य तथा पोषण ....................................................................................................................७

२.३.२ शैक्षिक अवस्था....................................................................................................................८

२.३.३ खानेपानी तथा सरसफाई....................................................................................................................८

२.३.४ महिला, बालबालिका, ज्येष्ठ नागरिक र लक्षित वर्ग....................................................................................................................८

२.३.५ युवा, खेलकुद तथा मनोरञ्जन....................................................................................................................९

२.४ पूर्वाधार विकासको अवस्था ....................................................................................................................९

२.४.१ सडक तथा यातयात....................................................................................................................९

२.४.२ आवास, वस्ती विकास तथा भवन तथा सार्वजनिक पूर्वाधार....................................................................................................................९

२.४.३ विद्युत तथा वैकल्पिक उर्जा ....................................................................................................................९

२.४.४ सूचना, संचार तथा प्रविधि....................................................................................................................९

२.५ वन, वातावरण तथा विपद व्यवस्थापन....................................................................................................................१०

२.५.१ वन तथा जैविक विविधता....................................................................................................................१०

२.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन ....................................................................................................................१०

२.५.४ जाजरकोट भुकम्प २०८० र विपद व्यवस्थापन ....................................................................................................................१०

२.६ सुशासन तथा संस्थागत व्यवस्था ....................................................................................................................११

२.६.१ संगठनात्मक विकास....................................................................................................................११

२.६.२ श्रोत परिचालन....................................................................................................................११

२.६.३ स्थानीय नीति, ऐन तथा सुशासनको अवस्था....................................................................................................................११

२.६.४ योजना व्यवस्थापन....................................................................................................................११

परिच्छेद तीन ..........१२
गाउँपालिकाको विकासको दीर्घकालिन सोच तथा अवधारणा ..........१२
३.१ गाउँपालिकाको विकासको संभावना तथा अवसरहरू ..........१२
३.२ गाउँपालिकाको विकासका प्रमुख समस्या तथा चुनौतिहरू ..........१२
३.३ गाउँपालिकाको दोस्रो पंचवर्षीय योजनाको रूपरेखा ..........१३
३.४. दिगो विकास लक्ष्यसंगको आवद्धता ..........१४
३.५. नेपालको सोह्रौं आवधिक योजना र कर्णाली प्रदेशको दोस्रो आवधिक योजनासंगको आवद्धता ..........१५
३.६ गाउँपालिकाको समष्टिगत परीमाणात्मक लक्ष्य ..........१५
परिच्छेद ४ ..........१९
आर्थिक विकास योजना ..........१९
४.१ पृष्ठभूमि ..........१९
४.२ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम ..........१९
४.२.१ सोच ..........१९
४.२.२ लक्ष्य ..........१९
४.२.३ उद्देश्य ..........१९
४.२.४ रणनीति तथा कार्यनीति ..........२०
४.३ आर्थिक विकास क्षेत्रका प्रमुख कार्यक्रम तथा लागत अनुमान ..........२३
परिच्छेद ५ ..........२७
सामाजिक विकास योजना ..........२७
५.१ पृष्ठभूमि ..........२७
५.२ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम ..........२७
५.२.१ सोच ..........२७
५.२.२ लक्ष्य ..........२७
५.२.३ उद्देश्य ..........२८
५.२.४ रणनीति तथा कार्यनीति ..........२८
५.३ सामाजिक विकास क्षेत्रको प्रमुख कार्यक्रम तथा लागत अनुमान ..........३२
परिच्छेद ६ ..........३६
भौतिक विकास योजना ..........३६
६.१ पष्ठभूमि ..........३६
६.२ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम ..........३६
६.२.१ सोच ..........३६
६.२.२ लक्ष्य ..........३६
६.२.३ उद्देश्य ..........३६
६.२.४ रणनीति तथा कार्यनीति ..........३७
६.३ भौतिक पुर्वाधार विकास क्षेत्रको प्रमुख कार्यक्रम तथा लागत अनुमान ..........३९
परिच्छेद ७ ..........४२
वन, वातावरण तथा विपद व्यवस्थापन योजना ..........४२
७.१ पृष्ठभूमि ..........४२
७.२ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम ..........४३

७.२.१ सोच ........ ४३
७.२.२ लक्ष्य ........ ४३
७.२.३ उद्देश्य ........ ४३
७.२.४ रणनीति तथा कार्यनीति ........ ४३
७.३ वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको प्रमुख कार्यक्रम तथा लागत अनुमान ........ ४६
परिच्छेद ८ ........ ४८
संस्थागत विकास तथा सुशासन योजना ........ ४८
८.१ पृष्ठभूमि ........ ४८
८.२ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम ........ ४८
८.२.१ सोच ........ ४८
८.२.१ लक्ष्य ........ ४८
८.२.३ उद्देश्य ........ ४८
८.२.४ विषयगत रणनीति तथा कार्यनीति ........ ४९
८.२ संस्थागत विकास तथा सुशासन क्षेत्रको प्रमुख कार्यक्रम तथा लागत अनुमान ........ ५१
परिच्छेद ९ ........ ५६
कार्यान्वयन व्यवस्था ........ ५६
९.१ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना ........ ५६
९.२ स्रोत अनुमान तथा प्रक्षेपण ........ ५६
९.३ विषयक्षेत्र अनुसार लागत अनुमान ........ ५७
९.४ श्रोत परिचालन रणनीति ........ ५८
९.५ आवधिक विकास योजना कार्यान्वयन ........ ५९
अनुसूचीहरू ........ ६१
अनुसूची १: राष्ट्रिय जनगणना २०७८ र गा पा को घरधुरी सवेक्षण २०७५ र आगामी ५ बर्षको प्रक्षेपित घरपरिवार
अनुसूची २: आवधिक योजना तयारीका लागि वडा स्तरीय छलफलबाट प्रस्तावित योजनाहरु
अनुसूची ३: वडागत वस्ती र डुवान तथा कटानको जोखिम रहेका वस्ती विवरण
सन्दर्भ सामग्रीहरू

# परिच्छेद एक

# परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान जारी भएसँगै नेपाल एकल शासन प्रणालीबाट सङघीय शासन प्रणालीमा रुपान्तरण भएको छ। संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र तीनै तहले संविधान र कानून बमोजिम राज्यशक्तिको प्रयोग गर्ने व्यवस्था गरेको छ। नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा कानून बनाउने, नीति तथा योजना तयार गर्ने, बार्षिक बजेट बनाउने, सोको कार्यान्वयन र नतिजा मापन गर्ने व्यवस्था गरेको छ (धारा ५९ को उपधारा १)। यसैगरी संविधानले प्रदेश र स्थानीय तहले बजेट पेश गर्ने समय सङ्घीय कानून बमोजिम हुने व्यवस्था गरेको छ (धारा ५९ को उपधारा ३)। सङ्घीय शासन व्यवस्थामा स्थानीय सरकारलाई नागरिकको घरदैलोको सरकारको रुपमा लिइएको हुन्छ। तसर्थ राजनीतिक र अवधारणागत रुपमा पनि स्थानीय सरकारसँग जनताको बढी नै अपेक्षा हुने गर्दछ। नागरिकको आवश्यकता तथा अपेक्षा सम्बोधनको लागि स्थानीय सरकार अझ बढी सबल, सक्षम र जवाफदेही हुन आवश्यक छ। सक्षम, सबल र नागरिकप्रति संवेदनशिल तथा जवाफदेही स्थानीय सरकारबाट मात्रै जनचाहाना सम्बोधन हुन सक्दछ। यसका लागि स्थानीय सरकारहरुले स्थानीय धरातलिय परिवेश, विशिष्टता तथा नागरिकको वास्तविक आवश्यकता र चाहाना प्रतिबिम्बित हुने गरी स्थानीय नीति, योजना तथा बजेट तर्जुमा गर्नु आवश्यक रहेको छ।

यसका लागि नेपाल सरकारले स्थानीय सरकार संचालन ऐन, २०७४; अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४; स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ लगायत आर्थिक संकेत, वर्गीकरण र व्याख्या जस्ता नीतिगत तथा कानूनी व्यवस्था समेत गरेको छ। स्थानीय सरकार संचालन ऐन, २०७४ ले नगरपालिका तथा गाउँपालिकाले स्थानीयस्तरको विकासका लागि आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ। यस प्रकारका योजना तर्जुमा गर्दा दिगो विकास लक्ष्य, नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी तर्जुमा गर्नु पर्ने व्यवस्था ऐनमा गरिएको छ।

बारेकोट गाउँपालिकाले दोस्रो आवधिक विकास योजना (२०८२/०८३-२०८६/०८७) तर्जुमा गरी कार्यान्वयन गर्ने प्रतिवद्धता गरेको छ। यस आवधिक विकास योजनामा गाउँपालिकाको समष्टिगत विकास तथा प्रभावकारी सेवा प्रवाहका लागि लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरी आगामी ५ बर्ष अवधिभित्र सो हासिल गर्ने गरी मार्गचित्र प्रस्तुत गरिएको छ। यस योजनाले निर्धारित गन्तव्यतर्फ गाउँपालिकालाई डोहोर्‍याउने अपेक्षा गरिएको छ।

## १.२ आवधिक विकास योजनाको उद्देश्य

गाउँपालिकाको विकासको दीर्घकालिन सोच अनुसार सरकारी, गैर सरकारी, सहकारी, समुदायमा आधारित संस्था तथा निजी क्षेत्रलाई मूलधारमा ल्याई गाउँपालिकाको एकीकृत, व्यवस्थित र योजनाबद्ध विकास प्रक्रिया तथा नतिजालाई मार्गदर्शन गर्नु आवधिक विकास योजना तर्जुमाको मुख्य उद्देश्य रहेको छ। यस योजनाको अन्य उद्देश्यहरु देहाय अनुसार रहेका छन् :

- गाउँपालिकाको एकीकृत, योजनाबद्ध तथा नतिजामूलक विकासका लागि सरकारी, गैर सरकारी, साझेदार तथा सरोकारवालालाई एकथलोमा ल्याई विकास प्रक्रिया र उपलब्धीमा साझा उत्तरदायित्व सिर्जना गर्ने ।
- गाउँपालिकाको विकासको संभावना, अवसर, समस्या तथा चूनौति र स्रोत परिचालनको विद्यमान स्थिति विश्लेषण गरी स्थानीयबासीको चाहानाअनुसार लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता सहित गाउँपालिकाको विकासको प्रारुप तयार गर्ने ।
- गाउँपालिकाको विकास प्रयासलाई मार्गदर्शन गर्ने र अपेक्षित नतिजा हासिल गर्ने नविन तथा रणनीतिक महत्वका कार्यक्रम र सोको कार्यान्वयनको लागि कार्यनीति तयार गर्ने ।
- गाउँपालिकाको विकास प्रयासहरुको प्रक्रिया र नतिजाको अनुगमन तथा प्रभाव लेखाजोखा खाका तयार गर्ने ।

## १.३ आवधिक विकास योजना तर्जुमाका आधारहरू

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीति, स्थानीय तहको अधिकार क्षेत्र, नेपाल सरकार एवं प्रदेश सरकारको नीति तथा कानून र स्थानीय नीति तथा कानून बमोजिम स्थानीय तहको विकासको मार्गचित्र निर्माण गरिनु पर्दछ । सोही बमोजिम देहायअनुसारका नीतिगत तथा कानूनी व्यवस्थालाई आधार लिई बारेकोट गाउँपालिकाको दोस्रो आवधिक विकास योजना तर्जुमा गरिएको छ :

- नेपालको संविधान (मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, राज्यशक्तिको बाँडफाँड तथा अनुसुची ८ र ९) अनुसार स्थानीय तहको अधिकार क्षेत्रहरु
- नेपाल सरकाबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरुको कार्य विस्तृतीकरण प्रतिवेदन
- स्थानीय सरकार संचालन ऐन र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय र प्रदेश सरकारले जारी गरेका विषयगत नीति, कानून र मापदण्ड
- नेपाल सरकारको दीर्घकालिन सोच तथा सोह्रौं राष्ट्रिय योजना, नेपाल सरकार तथा प्रदेश सरकारको मध्यमकालिन खर्च संरचना, बार्षिक बजेट तथा कार्यक्रम
- दीगो विकास लक्ष्य (सन् २०७२-२०८७) तथा नेपाल सरकारले अन्तराष्ट्रियस्तरमा जनाएका प्रतिवद्धताहरु
- नेपाल सरकार र कर्णाली प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक नीति, सम्बन्धित कानून र घोषणाहरु
- नेपाल सरकार, प्रदेश सरकारबाट प्राप्त राजस्व बाँडफाँड, वित्तीय समानीकरण, सशर्त अनुदान, समपुरक र विशेष अनुदान, स्थानीय आय (कर, शुल्क र दस्तुर, जनसहभागिता आदी) समेत स्रोत परिचालन विवरण
- विकासका अन्तरसम्बन्धित (साझा) विषयहरु (लैंगिक समानता तथा समावेशीकरण, सुशासन, वातावरण तथा विपद् व्यवस्थापन, जलवायु परिवर्तन अनुकुलन आदी)

## १.४ आवधिक विकास योजना तर्जुमा तथा प्रक्रिया

बारेकोट गाउँपालिकाको दोस्रो आवधिक विकास योजना सहभागितामूलक विधि तथा प्रक्रिया बमोजिम देहायअनुसार तर्जुमा गरिएको छ :

### १.४.१ योजना तयारी तथा अभिमुखिकरण

बारेकोट गाउँ कार्यपालिकाको आयोजनामा गाउँ कार्यपालिकाका तथा विषयगत समितिका पदाधिकारी, कर्मचारी र स्थानीय सरोकारवाला बीच आवधिक विकास योजना बारेमा साझा धारणा, बुझाई, योजना तर्जुमा प्रक्रिया, कार्ययोजना तयार गर्न मितिः २०८१ साल फाल्गुन ५ गते एक दिवसीय योजना तयारी कार्याशाला तथा अभिमुखीकरण गोष्ठी आयोजना गरियो ।

### १.४.२ स्थिति विश्लेषण विवरण र आधार सूचना तयारी

राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन, स्थानीय तह सम्बन्धी जानकारी पुस्तिका, राष्ट्रिय कृषि गणना २०७८ र गाउँपालिकाको वस्तुस्थिति विवरण, २०७५ लाई प्रमुख आधार मानी गाउँपालिकाको स्थिति पत्र र आधार सूचना तयार गरियो । साथै कार्यशाला गोष्ठीमा सहभागितामूलक छलफलबाट प्राप्त सूचना समेतलाई आधाररेखा सूचनाको रुपमा लिइएको छ ।

### १.४.३ दीर्घकालिन सोच निर्धारण तथा स्थिति विश्लेषण कार्यशाला गोष्ठी

गाउँपालिकाको आयोजनामा २०८२ साल बैसाख १४ गते दीर्घकालिन सोच निर्धारण तथा स्थिति विश्लेषण कार्यशाला सम्पन्न गरियो । उक्त कार्यशाला गोष्ठीमा गाउँपालिकाको विकासको दीर्घकालिन सोच (Vision), ध्येय (Mission) योजनाको समष्टिगत लक्ष्य (Goal), उद्देश्य (Objectives), प्राथमिकता तथा रणनीति (Priorities & Strategies), विषय क्षेत्रगत संभावना तथा अवसर, समस्या तथा चूनौती र अवलम्बन गर्नु पर्ने क्षेत्रगत रणनीति (Sectoral Strategies) आदी तयार गरियो ।

### १.४.४ योजना तर्जुमा कार्यशाला गोष्ठी

कार्यपालिकाको नेतृत्व तथा विषयगत योजना तर्जुमा समितिहरुको संयोजनमा २०८२ साल बैसाख १५ गते विषयगत योजना तर्जुमा कार्यशाला गोष्ठीको आयोजना गरियो । गोष्ठीबाट विषय क्षेत्रगत लक्ष्य तथा उद्देश्य र सो हासिल गर्ने रणनीति तथा अपेक्षित प्रतिफल हासिल गर्न अवलम्बन गर्ने कार्यनीति तर्जुमा गरियो ।

### १.४.५ योजना दस्तावेज तयारी

स्थिति पत्रमा प्रस्तुत र अन्य स्रोतबाट आधार सूचना, स्थिति विश्लेषणबाट प्राप्त विवरण र योजना तर्जुमा कार्यशाला गोष्ठीको नतिजा, विषयक्षेत्र योजना तर्जुमा समितिको छलफल र परामर्शबाट प्राप्त सूचना, विवरण तथा निष्कर्षलाई तर्कबद्ध रुपमा लिपिबद्ध गरी आवधिक योजनाको मस्यौदा दस्तावेज तयार गरियो ।

### १.४.६ मस्यौदा प्रस्तुती तथा सुझाव संकलन कार्यशाला

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन तथा नतिजामूलक योजनाको ढाँचामा तयार यस दोस्रो आवधिक योजनाको मस्यौदा दस्तावेजलाई २०८२ साल असार ६ गते मस्यौदा प्रस्तुती सुझाव संकलन कार्यशालाको आयोजना गरी प्रस्तुती, छलफल तथा सुझाव प्राप्त गरियो ।

### १.४.७ योजना अन्तिम दस्तावेज तयारी

आवधिक योजनाको मस्यौदा प्रस्तुती तथा सुझाव संकलन कार्यशालाको निष्कर्ष, कार्यशाला र सरोकारवालाबाट प्राप्त सुझाब तथा पृष्ठपोषणलाई समावेश गरी बारेकोट गाउँपालिकाको दोस्रो आवधिक विकास योजनाको दस्तावेजलाई अन्तिम रुप प्रदान गरिएको छ ।

### १.५ सीमा

गाउँपालिकाको स्थिति पत्र र अन्य स्रोतबाट उपलब्ध सूचना तथा विवरणलाई आवधिक विकास योजनामा आधार सूचनाको रुपमा उपयोग गरिएको छ । यसका साथै गाउँपालिकाबाट संचालित घरधुरी सर्वेक्षण, आवधिक विकास योजना तर्जुमा कार्यशाला गोष्ठीमा गरिएको विषयगत, विषय/वडागत छलफल तथा संस्थागत सूचनालाई योजनाको प्रमुख आधारको रुपमा लिइएको छ । योजना तर्जुमा प्रक्रियामा बिषयगत क्षेत्र तथ्याङ्क तथा उपलब्ध आधार सूचनामा कुनै दुविधा उत्पन्न भएको अवस्थामा कार्यशाला प्रक्रियामा सहभागितामूलक छलफलबाट सहमति भएको सूचनालाई प्रयोग गरिएको छ । यसका साथै नेपाल सरकार र प्रदेश सरकारको प्रकाशन तथा दस्तावेज लगायत अन्य सूचना समेतलाई आधार बनाइएको छ । कर्णाली प्रदेश सरकारले पहिलो र दोस्रो प्रादेशिक आवधिक योजना तथा नेपाल सरकारको सोह्रौं योजनाका कार्यक्रम तथा लक्ष्यलाई समेत यस आवधिक योजनामा समेट्ने प्रयास गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार यस गाउँपालिकामा क्रियाशील गैरसरकारी संस्था, सामुदायिक संघ/संस्था र निजी क्षेत्रबाट संचालन हुने कार्यक्रमहरू गाउँसभाबाट पारित गरी कार्यान्वयन गर्नु पर्ने व्यवस्था रहेको छ । तर यो अभ्यास पूर्ण रुपमा कार्यान्वयनमा अझै आइनसकेको हुँदा गैर सरकारी तथा अन्य क्षेत्रबाट संचालन हुने कार्यक्रम, आयोजना र लगानीलाई पूर्ण रुपमा समायोजन गर्न सकिएको छैन र योजनाको अद्यावधिक तथा मध्यावधी मूल्याङ्कनको क्रममा यसलाई पूर्णता प्रदान गरिने अपेक्षा गरिएको छ ।

# परिच्छेद दुई

# गाउपालिकाको समग्र स्थितिको संक्षिप्त समीक्षा

## २.१ भौगोलिक, राजनीतिक र प्राकृतिक अवस्था

### २.१.१ भौगोलिक अवस्था

बारेकोट गाउँपालिका जाजरकोट जिल्लाको उत्तर पुर्वमा रहेको गाउँपालिका हो । नेपालको संघीय शासन प्रणाली अर्न्तगत राज्य पुनरसंरचनामा स्थानीय तहको नयाँ सिमांकन गर्दा यो गाउँपालिका साविकका ४ वटा गाविसहरु (सक्ला, रामिडाँडा, रोकायगाउँ र नायकवाडा) मिलाएर स्थापना भएको हो । क्षेत्रफलका हिसावले जाजरकोट जिल्लाका ७ वटा स्थानीय तह मध्ये सवै भन्दा ठुलो यस गाउँपालिकाले जिल्लाको २६% भु भाग ओगटेको छ । जिल्लाको कुल २२२३.३५ वर्ग किलोमिटर मध्ये ५७७.५ वर्ग किलोमिटर क्षेत्र यस गाउँपालिकाले ओगटेको छ । यो गाउँपालिका २८ डिग्री ५८ मिनेट उत्तरदेखि २९ डिग्री ०७ मिनेट उत्तरी अक्षांश र ८२ डिग्री ११ मिनेट पूर्वदेखि ८२ डिग्री ४१ मिनेट पूर्वी देशान्तर बीच फैलिएको छ । उचाइका हिसाबले यो गाउँपालिका समुद्रि सतहवाट ६१० मिटर देखि ५४१२ मिटर सम्म रहेको छ । दक्षिण पुर्वि मोहोडा फर्किएर उत्तर पश्चिम तर्फ फैलिएको यो गाउँपालिकाको पुर्वमा डोल्पा जिल्लाको जगदुल्ला गाउँपालिका र जाजरकोट जिल्लाको नलगाड गाउँपालिका पर्दछ । पश्चिममा जुम्ला जिल्लाको तातोपानी गाउँपालिका र जाजरकोट जिल्लाकै कुशे गाउँपालिका पर्छ । त्यस्तै उत्तर तर्फ जुम्ला जिल्लाको गुठी चौर गाउँपालिका पर्दछ भने दक्षिण तर्फ जाजरकोट जिल्लाकै नलगाड गाउँपालिका पर्दछ ।

### २.१.२ राजनीतिक तथा प्रशासनिक अवस्था

सङघीय लोकतान्त्रिक गणतन्त्र नेपालको कर्णाली प्रदेश अन्तर्गत जाजरकोट जिल्लाको उत्तरी भागमा अवस्थित यस गाउँपालिकामा जम्मा ९ वटा वडाहरु रहेका छन् । यो गाउँपालिका सङघीय प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ र प्रदेश सभा निर्वाचन क्षेत्र नं. (क) मा पर्दछ ।

### २.१.३ सांस्कृतिक, प्राकृतिक, पर्यटकीय स्थलहरू

यो गाउँपालिका जातिगत तथा सांस्कृतिक रुपमा बिशिष्टता र बिविधता बोकेको गाउँपालिका हो । यो गाउँपालिकामा मुख्य रुपमा क्षेत्री र त्यसपछि क्रमश ठकुरी, कामी, मगर, दमाई,सार्की र गुरुङ जातीको वसोवास रहेको छ । स्थानीय जीवनशैली, परम्परागत संस्कृति, प्राकृतिक स्रोत-साधन, पर्यटनको प्रचुर संभावना, जल तथा जडिबुटीको पर्याप्तता बारेकोट गाउँपालिकाको प्रमुख विशेषता हो । प्राकृतिक हिसावले प्रचुर मात्रामा धनी मानिने यस गाउँपालिकामा जल, जमिन, बन जंगल, जडिबुटी, हिमाल, ताल तलैयाहरु उल्लेख्य मात्रामा पाउन सकिन्छ भने विश्र्वमै लोपोन्मुख रहेको रेडपाण्डा, सुनगिद्ध, चीर कालिज लगायका बन्यजन्तु तथा पशुपंक्षीहरु पाउन सकिन्छ । यो गाउँपालिका पर्यटकिय दृष्टिकोणले पनि महत्त्वपूर्ण मान्न सकिन्छ त्यस्तै विभिन्न खालका बहुमुल्य जडिबुटीहरु पनि यहाँ पाइन्छन । ठाकुरजी, शंखदह, नलगाड खोला, सिल्पाचौर वस्ती लगायतका स्थानहरु पर्यटकिय दृष्टिकोणले महत्त्वपूर्ण रहेका छन । यहाँका धार्मिक, सास्कृतिक, पर्यटकीय र मनोरमस्थलमा वर्षेनी हजारौं पर्यटक तथा धर्मालम्बीहरुले भ्रमण गर्ने गर्दछन् ।

## २.२ जनसांख्यिक अवस्था

वि.सं. २०७८ सालको राष्ट्रिय जनगणना अनुसार यस गाउँपालिकामा ३८८७ घरपरिवार र २२००५ जनसंख्या (पुरुष ११०३५ र महिला १०९७०) रहेको छ । बारेकोट गाउँपालिकाको घरधुरी सर्वेक्षण २०७५ अनुसार यस गाउँपालिकामा ३५५७ घरधुरी थिए भने जनसंख्या २१७८९ (पुरुष १११०७ र महिला १०६८२) रहेको थियो । यी दुइवटै सर्वेक्षणमा यस गाउँपालिकामा महिला भन्दा पुरुषहरुको जनसंख्या बढि देखिएको छ । बारेकोट गाउँपालिका जाजरकोट जिल्लामा महिलाभन्दा पुरुषको जनसंख्या बढि भएको एक मात्र गाउँपालिका हो । यहाँको लैंगिक अनुपात प्रत्येक १०० जना महिला बराबर १००.५९ जना पुरुष रहेको छ । २०७५ देखि २०७८ सम्म (५ बर्ष अबधि) को जनसंख्या विश्लेषण गर्दा जनसंख्या बृद्धिदर ०.३२९ प्रतिशत रहेको छ । स्थानगत रुपमा जनसंख्याको विश्लेषण गर्दा वडा नं. ४ मा सबैभन्दा बढी जनसंख्या (३२६८) र वडा नं. ६ मा सबभन्दा कम जनसंख्या (१६८६) रहेको छ, जुन अवस्था २०७५ सालको घरधुरी सर्वेक्षणमा पनि सबैभन्दा बढि जनसंख्या वडा नं ४ र सबैभन्दा कम जनसंख्या वडा नं ६ मा नै थियो । जनसंख्याको वृद्धी दर विश्लेषण गर्दा वडा नं. ८ मा सबभन्दा बढी (३.९४) प्रतिशत र वडा नं. ३ मा सबैभन्दा कम ०.०४ प्रतिशत रहेको छ । गाउँपालिकाको आगामी ५ बर्षको जनसंख्याको प्रक्षेपणलाई देहाअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १: राष्ट्रिय जनगणना २०७८ र गा.पा.को घरधुरी सर्वेक्षण २०७५ अनुसारको जनसंख्या र ५ बर्षको प्रक्षेपण**

| वडा नम्बर | घरधुरी सर्वेक्षण २०७५ र राष्ट्रिय जनगणना २०७८ अनुसार जनसंख्या, ३ वर्षको अन्तरमा जनसंख्याको वार्षिक वृद्धिदर र आगामी ५ बर्ष अवधिको जनसंख्या प्रक्षेपण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घरधुरी सर्वेक्षण, २०७५ | राष्टिय जनगणना २०७८ | वार्षिक जनसंख्या वृद्धिदर | २०७९ | २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
| १ | २९१७ | २९०४ | -०.१५ | २८९९ | २८९४ | २८९० | २८८५ | २८८१ | २८७६ | २८७२ | २८६७ |
| २ | २२९३ | २१०६ | -२.८२ | २०४७ | १९८९ | १९३४ | १८८० | १८२७ | १७७६ | १७२७ | १६७९ |
| ३ | २३०४ | २३०१ | -०.०४ | २३०० | २२९९ | २२९८ | २२९७ | २२९६ | २२९५ | २२९४ | २२९३ |
| ४ | ३०८४ | ३२६८ | १.९५ | ३३३२ | ३३९७ | ३४६४ | ३५३२ | ३६०२ | ३६७३ | ३७४६ | ३८२० |
| ५ | २४६३ | २२८५ | -२.४८ | २२२८ | २१७२ | २११८ | २०६५ | २०१३ | १९६३ | १९१४ | १८६६ |
| ६ | १८२३ | १६८६ | -२.५८ | १६४३ | १६०० | १५५९ | १५१९ | १४८० | १४४२ | १४०५ | १३६९ |
| ७ | २५५३ | २६५१ | १.२७ | २६८५ | २७२० | २७५४ | २७९० | २८२५ | २८६१ | २८९७ | २९३४ |
| ८ | २४२२ | २७१९ | ३.९४ | २८२६ | २९३७ | ३०५२ | ३१७१ | ३२९४ | ३४२१ | ३५५२ | ३६८७ |
| ९ | १९३० | २०८५ | २.६० | २१४० | २१९६ | २२५३ | २३११ | २३७० | २४३१ | २४९३ | २५५७ |
| **जम्मा** | २१७८९ | २२००५ | ०.३२९ | २२१०० | २२२०४ | २२३२२ | २२४५० | २२५८८ | २२७३८ | २२९०० | २३०७२ |

*स्रोत: जनगणना २०७८ र पारिवारिक सर्वेक्षण २०७५*

## २.२ आर्थिक अवस्था

### २.२.१ कृषि तथा पशुपालन

यस गाउँपालिकाको अर्थतन्त्र कृषि तथा पशुपालनमा निर्भर रहेको छ । राष्ट्रिय कृषि गणना २०७८ अनुसार बारेकोट गाउँपालिकाको कुल कृषि भूमी १८६३२ हेक्टर रहेको छ । कुल कृषि भूमी मध्ये खेतीयोग्य जमिन ३७१२ हेक्टर रहेको छ त्यसमा पनि सिंचाइ हुने जमिन मात्र १५३२ हेक्टर रहेको छ । त्यसकारण कृषिमा निर्भर अर्थतन्त्र भएता पनि यस गाउँपालिकामा आफ्नो उत्पादनले ९ देखी १२ महिना खान पुग्ने परिवार २० प्रतिशत मात्र रहेका छन् । बाँकी ८० प्रतिशत घरपरीवारलाई आफ्नो उत्पादनले खाना पुग्दैन र उनीहरु खाद्यान्नको अभाव झेल्दै आइरहेका छन् । गाउँपालिकाको लागि खाद्य सुरक्षा प्रमुख चुनौति बनेको

छ । कृषि तथा खाद्य असुरक्षालाई कमि गर्न प्रयास स्वरुप गाउँपालिकाले आफ्नो बजेट तथा कार्यक्रममा कृषकहरुलाई कृषि उत्पादन तर्फ प्रोत्साहन गर्नका लागि ७५ प्रतिशत अनुदानमा उन्नत बालीका बीउँ वितरण, हाइटेक नर्सरी कार्यक्रम, रैथाने बाली प्रवर्द्धन कार्यक्रम, मौरीपालन, जैविक तरकारी फर्म संचालन जस्ता कार्यक्रमहरु मार्फत अगाडी बढ्ने रणनीति लिएको देखिन्छ । यसै गरी पशुपालन तर्फ एकिन तथ्यांक नभएता पनि यस गाउँपालिकामा पालन गरिने मुख्य पशुवस्तुहरुमा भैंसी, बाखा, भेडा र केही मात्रामा गाईहरु र पंक्षी तर्फ कुखुरा पालन गरिन्छ । गाउँपालिकाले अहिले मानव -पशु अलग घर कार्यक्रम, पशु स्वास्थ्य शीविर तथा एक वडा एक प्राविधिक कार्यक्रमहरु संचालन गरी पशुपालन प्रवद्धनका लागि स्थानीय समुदायलाई प्रेरीत गरिरहेको छ ।

### २.२.२ उद्योग, व्यापार र व्यवसाय

हाल गाउँपालिका क्षेत्रमा कृषि विकास बैंकले आफ्नो शाखा स्थापना गरी वित्तीय सेवा उपलब्ध गराइरहेको छ । यस गाउँपालिका क्षेत्रमा साना ठुला गरी कुल ३९४ वटा व्यापार तथा व्यवसाय संचालनमा रहेको र यसबाट ७६४ जनाले रोजगारी प्राप्त गरेका तथ्याङ्क देखिन्छ । यस गाउँपालिकाको घाट बजार, दह बजार, लिम्सा बजार, काउली बजार, सक्ला बजार र सेपुखोला बजारहरुमा स्थानीय उत्पादनको खरिद विक्री हुने गर्दछ ।

### २.२.३ आम्दानी तथा रोजगारी

कुनै पनि मुलुकमा १५ वर्ष देखि ६४ वर्ष उमेर सम्मको जनसंख्यालाई कामको लागि सक्रिय जनसंख्या मानिन्छ । यस तथ्यका आधारमा गाउँपालिकामा बसोबास गर्ने कुल २२००५ जना जनसंख्या मध्ये १२६५० जना मात्र कामका लागि सक्रिय रहन सक्ने देखिन्छ । यसमा पनि कर्णाली प्रदेशको बेरोजगार दर ९.७ प्रतिशतलाई आधार मान्ने हो भने यस गाउँपालिकामा जम्मा १२६५० सक्रिय जनसंख्या मध्ये १२२८ जना बेरोजगार रहेको अनुमान गर्न सकिन्छ भने बाँकी ११४२२ जना मात्र कुनै न कुनै रोजगारीमा सक्रिय रहेको देखिन्छ । यो भनेको औसतमा एक घर परीवारमा ३ जनाले मात्र आम्दानी गर्ने र घर परीवारको सबै खर्च धानीरहेको देखिन्छ ।

आम्दानीको प्रमुख श्रोतहरुमा कृषि पशुपालन, व्यापार, उद्योग व्यवसाय, नोकरी, ज्यालादारी तथा वैदेशिक रोजगारी आदी रहेका छन । यस आधारमा हेर्दा कृषि तथा पशुपालनवाट ५०%, व्यापारबाट ८%, उद्योग व्यवसायबाट १%, नोकरीबाट १५%, ज्यालादारी बाट २३% र वैदेशिक रोजगारीवाट ३% आम्दानी भइरहेको छ । आम्दानीमा संलग्न जनसंख्या मध्ये ६३% कृषि पेशामा, ५% व्यापारमा, १% उद्योग व्यवसायमा, ४% नोकरीमा, २७% ज्यालादारीमा र ३% वैदेशिक रोजगारीमा रहेको देखिन्छ । यस तथ्यांकबाट अर्को कुरा के देखिन्छ भने ६३% जनसंख्या संलग्न रहेको कृषि पेशाले ५०% आम्दानी दिएको छ भने ५% संलग्न रहेको व्यापारले ८% आम्दानी दिएको छ । यसैगरी ४% संलग्न रहेको नोकरीले १५% आम्दानी दिएको छ भने २७% संलग्न रहेको ज्यालादारीले २३% र वैदेशिक रोजगारीले ३% आम्दानी दिएको देखिन्छ ।

नेपाल राष्ट्र बैंकको आर्थिक सर्वेक्षण अनुसार आ.व. ०८०।०८१ मा कर्णाली प्रदेशको प्रतिव्यक्ति कुल ग्राहस्थ उत्पादन १०६६ अमेरीकी डलर हुने अनुमानलाई आधार मान्दा बारेकोट गाउँपालिकाको प्रति व्यक्ति कुल ग्राहस्थ उत्पादन बार्षिक १,४६,१२७ रुपैंया रहने अनुमान गर्न सकिन्छ ।

## २.३ सामाजिक अवस्था

### २.३.१ जनस्वास्थ्य तथा पोषण

बारेकोट गाउँपालिकामा आधारभुत ४ वटा स्वास्थ्य चौकी, ५ वटा आधारभूत स्वास्थ्य केन्द्र र ३ वटा सामुदायिक स्वास्थ्य इकाइ रहेका छन् उपरोक्त स्वास्थ्य संस्थाहरुबाट आधारभूत स्वास्थ्य सेवा तथा

स्वास्थ्य शिक्षा, सूचना र संचार लगायत का सेवा उपलब्ध भइरहेका छन् । यी स्वास्थ्य संस्थाहरुमा स्थायी २३ जना र करार ४३ जना गरी जम्मा ६४ जना स्वास्थ्यकर्मी कार्यरत रहेका छन् ।

स्वास्थ्य सेवामा समुदायको पहुँचको कुरा गर्दा यो बारेकोट गाउँपालिका भित्र ५१% घरधुरीका लागि आधा घण्टा पैदल दुरी भित्र स्वास्थ्य संस्था उपलव्ध छ भने ३५% घरधुरीको लागि स्वास्थ्य संस्था पुग्न १ घण्टा हिड्नु पर्ने हुन्छ । यसै गरी ३६% घरधुरी स्वास्थ्य संस्था भन्दा २ घण्टाको पैदल दुरी टाढा रहेका छन भने ११% घरधुरी लाई स्वास्थ्य संस्था पुग्न ३ घण्टा भन्दा वढी समय हिड्नुपर्ने देखिन्छ ।

गाउँपालिकामा मुख्यतः दुर्घटना, क्यान्सर, मुटुरोग, आत्महत्या, मृगौला विग्रिएर, प्रसुती व्यथा लागेर मानिसहरुको अकालमा ज्यान जाने गरेको देखिन्छ । यसै गरी कुपोषण, निमोनिया, झाडापखाला, ग्यास्टिक, उच्च रक्तचाप जस्ता रोगहरु पनि देखिन्छ । यस आधारमा यो गाउँपालिका पोषणयुक्त गाउँपालिका घोषणाको अभियानमा अघि बढेको छ भने विशेषज्ञ स्वास्थ्य सेवा उपलव्ध गराउन लिम्सा स्वास्थ्य चौकीलाई १५ शैयाको अस्पतालको रुपमा स्तर वृद्धि गर्न लागि परेको छ ।

### २.३.२ शैक्षिक अवस्था

बारेकोट गाउँपालिकाको औषत साक्षरता दर ७८.६ प्रतिशत रहेको छ । यो राष्ट्रिय साक्षरता दर (७६.३ प्रतिशत) भन्दा बढि हो । यस पालिकामा पुरुष साक्षरता दर ८४.४ प्रतिशत र महिला साक्षरता दर ७२.८ प्रतिशत रहेको देखिन्छ । साक्षर जनसंख्या मध्ये १ प्रतिशतले मात्र स्नातकोत्तर वा सो भन्दा माथिको शैक्षिक योग्यता हासिल गरेको देखिन्छ ।

### २.३.३ खानेपानी तथा सरसफाई

यस गाउँपालिकामा पाइप प्रणालीबाट वितरित खानेपानी सुविधा उपलब्ध घरपरिवार ७३.६ प्रतिशत रहेका छन् । उनीहरुमध्ये धेरैजसोले घर बाहिर पाइप धाराको पानी प्रयोग गर्छन भने कमैले मात्र घर भित्र नै पाइप धाराको पानीको सुविधा उपभोग गर्दछन् । यस पालिकामा पाइप धारा पछी मुलको पानी उपभोग गर्ने घरपरीवारहरु २५.५ प्रतिशत रहेका छन् । यसै गरी यस पालिकामा केही नगण्य संख्यामा खोला र इनार कुवाको पानी प्रयोग गर्ने घरपरीवार समेत रहेका छन् ।

गाउँपालिका क्षेत्रमा बसोबास गर्ने कुल घरपरिवार मध्ये सेफ्टिट्याङ्कमा जडान भएको शौचालय भएका घरपरिवार ३० प्रतिशत भने साधारण शौचालय भएका घरपरिवार ६४.२ प्रतिशत छन् । यस पालिकामा शौचालय नै नभएका केही घरपरिवारहरु रहेका छन् जसको प्रतिशत ३.९ प्रतिशत रहेको छ ।

### २.३.४ महिला, बालबालिका, ज्येष्ठ नागरिक र लक्षित वर्ग

यस गाउँपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको विषयलाई महत्वका साथ हेरीएको छ । यस गाउँपालिकामा कुल घर परिवार मध्ये करिव ८ प्रतिशत घरपरिवारमा महिला घरमुली रहेका छन् । यस गाउँपालिकाको कुल जनसंख्याको करिब १ प्रतिशत ज्येष्ठ नागरीकहरुको संख्या रहेको छ जसलाई राज्यले सामाजिक सुरक्षा भत्ता उपलव्ध गराइरहेको छ ।

यस गाउँपालिकामा घरजग्गामा महिलाको स्वामित्व दर २.६ प्रतिशत रहेको छ भने बालबालिकाहरुको जन्मदर्ता दर ९५.७ प्रतिशत छ । यसै गरी अपांगता भएको जनसंख्या ५.२ प्रतिशत रहेको छ । यस गाउँपालिकामा महिला, बालबालिका, ज्येष्ठ नागरीक तथा लक्षित वर्गको हक हितमा विभिन्न कामहरु हुँदै आइरहेका छन् ।

### २.३.५ युवा, खेलकुद तथा मनोरञ्जन

यस गाउँपालिका क्षेत्र भित्र केही युवा क्लबहरु क्रियाशिल रहेका छन् । खेलकुदका सन्दर्भमा यस पालिकाले मुख्य गरी भलिबल, एथलेटिक्स लगायत खेलहरुमा दक्षता राख्दछ । यस पालिका भित्र खेलमैदान को रुपमा विकास गर्न सकिने स्थलहरु रहेका छन् जसको निर्माणसंगै खेलकुदको क्षेत्रमा यो गाउँपालिका अगाडी बढ्ने देखिन्छ । यसै गरी गाउँपालिकाका विभिन्न स्थानमा मनोरञ्जन स्थलहरु रहेका छन् जुन स्थलहरुमा अहिले आन्तरीक भ्रमण गर्ने व्यक्तिहरुको चहलपहल बढेको छ । आगामी दिनहरुमा यी मनोरञ्जन स्थलहरुलाई व्यवस्थित गरी आन्तरीक आम्दानीमा वृद्धि गर्न सकिने सम्भावना समेत रहेको छ ।

## २.४ पूर्वाधार विकासको अवस्था

### २.४.१ सडक तथा यातयात

यस गाउँपालिकामा १५० मिटर सडक आर.सि.सि, २.३ कि.मि. सडक नयाँ, २.५ कि.मि. सडक स्तरोन्नति भएको छ । अन्य सडकहरु कच्ची र निर्माणाधीन अवस्थामा रहेका छन् । खोलानालाहरुम पुल पुलेसा नबन्दा र गुणस्तरीय सडकका कारण यस गाउँपालिकामा वर्षभरी निर्वाध यातायात संचालन हुन सकेको अवस्था अहिले पनि छैन ।

### २.४.२ आवास, वस्ती विकास तथा भवन तथा सार्वजनिक पूर्वाधार

यस गाउँपालिकाका बासिन्दाहरुले बसोबास गर्ने घरहरुको प्रकारको कुरा गर्दा ९७.१ घरहरु माटोको जोडाइ भएका कच्ची घरहरु रहेका छन् भने २.२ प्रतिशत घरहरु मात्र सिमेन्टको जोडाइ रहेका पक्की घरहरु रहेको तथ्यांकमा देखिन्छ ।

### २.४.३ विद्युत तथा वैकल्पिक उर्जा

यस गाउँपालिका क्षेत्रमा राष्ट्रिय प्रसारण लाइन विस्तार हुने क्रममा रहेको छ । अहिले विभिन्न स्थानहरुमा रहेका लघु जलविद्युत आयोजनाबाट विद्युत उर्जा प्रयोग गर्ने घरपरीवार २८ प्रतिशत रहेका छन् । यसै गरी सौर्य उर्जा प्रयोग गर्ने घरपरीवार ६५ प्रतिशत रहेका छन् ।

यस गाउँपालिकाका ९४.८ प्रतिशत घरधुरीले खाना पकाउन मुख्य इन्धनको रुपमा काठ दाउराको प्रयोग गर्ने गरेका छन् भने ४.२ प्रतिशतले एल पि ग्याँस प्रयोग गर्दछन् । वायोग्यास, सुधाएिको चुल्हो तथा स्वस्थ उर्जाको प्रयोग अवस्था न्यून रहेको देखिन्छ । गाउँपालिकामा संचालित ८ वटा लघु जलविद्युत आयोजनाहरुमा विद्युत प्रसारणका लागि पोलहरु काठका रहेको, तारहरु पर्याप्त नरहेको कारण विद्युत लाईन सबै ठाउँमा वितरण हुन सकेको छैन ।

### २.४.४ सूचना, संचार तथा प्रविधि

गाउँपालिका क्षेत्रमा मोबाइल फोन प्रयोगकर्ता जम्मा घरधुरी संख्याको ४८ प्रतिशत रहेको छ । गाउँपालिकाका बासिन्दाहरु कूल घरपरिवार मध्ये ७ प्रतिशतसँग टेलिभिजन र कम्प्युटर सुविधा उपलब्ध रहेको छ । यसै गरी इन्टरनेट प्रयोगकर्ताहरुको संख्या जम्मा घरधुरीको ६ प्रतिशत रहेको छ ।

गाउँ कार्यपालिकाको कार्यालयका साथै ९ वटै वडा कार्यालयहरुमा इन्टरनेट सेवा उपलब्ध रहेको छ । साथै विद्यालयहरु, स्वास्थ्यसंस्थाहरु लगायत अन्य निकायहरुमा इन्टरनेट सुविधा उपलब्ध छ । यद्यपी इन्टरनेटको गुणस्तरीयता कायम गर्नुपर्ने चुनौति भने रहेको छ ।

## २.५ वन, वातावरण तथा विपद व्यवस्थापन

### २.५.१ वन तथा जैविक विविधता

कुनै पनि क्षेत्रमा वातावरणीय सन्तुलन कायम राख्न सामान्यतः कुल क्षेत्रफलको कम्तीमा ४० प्रतिशत भूमिमा वन क्षेत्र ढाकेको हुनु पर्ने मान्यता रहेको छ । बारेकोट गाउँपालिकाको कूल क्षेत्रफल ५७७ वर्ग कि.मि. मध्ये ३४०.१ वर्ग कि.मि. अर्थात ५९ प्रतिशत क्षेत्र वनजङ्गलले ओगटेको छ । गाउँपालिका क्षेत्रमा १७ वटा सामुदायिक वन उपभोक्ता समूह क्रियाशिल रहेको देखिन्छ । उपरोक्त सामुदायिक वन उपभोक्ता समितिहरुबाट वन क्षेत्र को संरक्षण, रेखदेख र व्यवस्थापन भएको देखिन्छ । सामुदायिक वन उपभोक्ता समूहमा ३५१७ घरपरिवार आवद्ध भएको देखिन्छ । जुन गाउँपालिका क्षेत्रमा बसोबास गर्ने कूल घरपरिवारको १६ प्रतिशत हुन आउँछ । यस गाउँपालिकाको वन क्षेत्र जैविक विविधतायुक्त र उत्पादनमूलक रहेको छ ।

प्रर्याप्त मात्रामा जडिबुटी उपलब्ध रहेको यस गाउँपालिका क्षेत्र भित्र काष्ठ र गैरकाष्ठ वन पैदावारको समुचित व्यवस्थापन, खेती र प्रवर्धन गरी वनजन्य उद्यमको विकास गरी जीविकोपार्जनमा सुधार गर्न सकिने सम्भावना रहेको छ । यहाँ बाँस, वेत, निगालो, कुरिलो, बोझो, अमला लगायत विभिन्न वहुमुल्य जडीबुटीहरु पाइन्छन् भने लोपोन्मुख रेडपाण्डा, सुन गिद्ध, कस्तुरी मृग, झारल लगायतका संरक्षित वन्यजन्तुहरु पाइन्छन् ।

### २.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

बारेकोट गाउँपालिकामा जलाधार तथा केहि मौसमी खोलाहरु रहेका छन । ससाना जरुवा मुलका श्रोतहरु पनि प्रसस्त रहेका छन । यो गाउँपालिकामा रहेका प्रमुख जलाधार श्रोतहरुमा राँगा गाड, घाटखोला, दहखोला, छराखोला, कोटिलि खोला, कलाँसे, मुल्साम खोला, रुमसिल खोला, घाटखोला, नलसिंगाड, स्यापु गाड, अधेरी खोला र लुहाग खोलाहरु रहेका छन । यो गाँउपालिकामा वालकुने तथा रहपानी जस्ता राम्रा झरना रहेका छन । यस्तै यो गाउँपालिकामा पानीका प्रसस्त कुण्डहरु समेत रहेका छन ती कुण्डहरु मध्ये नौमुली कुण्ड, शंखदह, राघस दह, कुकुर दह प्रमुख रहेका छन । यो गाउपालिका वाट बग्ने खोलाहरु नलगाडको रुपमा भेरी नदीमा मिल्दछन् ।

### २.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन

गाउँपालिकाको केन्द्र र खोला किनारामा रहेका बजार क्षेत्र र अन्य स्थानहरुमा ठोस तथा तरल फोहोरमैलाको विसर्जनको मात्रा बढ्दै गएको देखिन्छ । विसर्जन हुने फोहोरमैला मध्ये कुहिने र नकुहिने फोहोर वर्गीकरण गरी व्यवस्थित गर्नु अवको तत्काल आवश्यकता रहेको छ । विश्वव्यापी रुपमा बढेको तापमान र जलवायु परिवर्तनको असरबाट यस गाउँपालिका क्षेत्रको जैविक, भौतिक र आर्थिक तथा सामाजिक क्षेत्रमा नकारात्मक असहरु देखिन थालेका छन् । जलवायु परिवर्तनको प्रत्यक्ष असरको रुपमा यस पालिकामा रहेका अग्ला पहाडहरुमा हिउँ पग्लनु, अति वृष्टि, अनावृष्टी, सुख्खा खडेरी, बाढी पहिरो देखिएको छ भने मुहानहरु सुक्दै जानु, खोलाहरुमा पानीको तह समेत घट्दै गएको महशुस गरिएको छ ।

### २.५.४ जाजरकोट भुकम्प २०८० र विपद व्यवस्थापन

यसै गाउँपालिकाको वडा नं १ रामिडाँडा केन्द्रविन्दु भएर मितिः २०८० साल कार्तिक १७ गते ६.३ रेक्टर स्केलको भुकम्प गयो । तत् पश्चात विपदको रोकथाम तथा पूर्व तयारी, प्रतिकार्य र पुनःस्थापना तथा पुनःर्लाभ सम्बन्धी नीतिगत र व्यवहारिक रुपमा सम्बोधनको लागि गाउँपालिकामा पालिकास्तरीय विपद

व्यवस्थापन समिति गठन भएको छ भने स्थानीय आपतकालिन कार्यसंचालन केन्द्र स्थापना भई संचालनमा रहेको छ ।

भुकम्प लगायत बाढी, पहिरो, आगलागी, चट्याङ्ग आदी विपदका घटनाहरु यस गाउँपालिका घट्ने प्रमुख विपदका घटनाहरु हुन् । गाउँपालिकाको संवेदनशिल क्षेत्रमा नदी कटान र चट्याङ्गको लागि पुर्व सूचना यन्त्र जडान गरिएको छ । विपद व्यवस्थापन तथा प्रतिकार्यको लागि गाउँपालिकाको विपद प्रतिकार्य योजना निर्माण भएको छ ।

## २.६ सुशासन तथा संस्थागत व्यवस्था

### २.६.१ संगठनात्मक विकास

संवैधानिक र कानून व्यवस्था अनुसार यस गाउँपालिकामा सभा, कार्यपालिका र समितिहरुमा पदाधिकारी समावेशी रुपमा निर्वाचित तथा चयन भएका छन् । गाउँपालिका बासीको चाहना, अधिकार क्षेत्र र श्रोतको संभावनाको आधारमा सेवा प्रवाह तथा विकास कार्यलाई व्यवस्थित रुपमा संचालन गर्न आवश्यक पर्ने संगठन संरचना, कर्मचारीको आवश्यकता र कार्यविवरण तयार गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण को कार्य सम्पन्न भएको छ । प्रतिवेदनको प्रस्ताव अनुसार १३१ जना कर्मचारीहरु प्रस्ताव गरिएको छ ।

### २.६.२ श्रोत परिचालन

यस गाउँपालिकाको गत आर्थिक बर्ष ०८०।०८१ को आय विवरणको विश्लेषण गर्दा आन्तरिक आम्दानी रु. २२ लाख रहेको छ भने नेपाल सरकार तथा प्रदेश सरकारसँग राजस्व बाँडफाडबाट प्राप्त रकम करिब १० करोड रहेको देखिन्छ । यसै गरी नेपाल सरकार तथा प्रदेश सरकारबाट वित्तीय हस्तान्तरणबाट प्राप्त रकम रु. ८ करोड ७३ लाख रहेको छ । संघ तथा प्रदेशबाट निक्षेपित विभिन्न कार्यक्रमका लागि प्राप्त रकम सशर्त करिब २४ करोड, विशेष ५० लाख र समपुरक १ करोड ८५ लाख रहेको छ । उपरोक्त श्रोत एकीकृत गर्दा गाउँपालिकाको बार्षिक बजेट रु. ४५ करोड ६१ लाख ४६ हजार रुपैंया रहेको देखिन्छ । अहिलेसम्म गाउँपालिकासँग समन्वय र सहकार्य गरी लगानी समेत गरीरहेका गैरसरकारी संस्थाहरुले आफुले गर्ने बार्षिक लगानी प्रतिवद्धता रकम गाउँपालिकालाई उपलव्ध गराएको देखिएन ।

### २.६.३ स्थानीय नीति, ऐन तथा सुशासनको अवस्था

संविधानको अनुसूची ८ को एकल अधिकार क्षेत्र र अनुसूची ९ को साझा अधिकार क्षेत्र अन्तर्गत विषयहरु मध्ये ३ वटा नीति, १९ वटा ऐन, ३ वटा नियम, २३ वटा कार्यविधि, ७ वटा निर्देशिका तथा ३ वटा मापदण्ड तर्जुमा तथा प्रकाशन भएको देखिन्छ । संविधान तथा प्रचलित कानून अनुसार गाउँ सभाबाट न्यायिक समिति, विधायन समिति, लेखा समिति र कार्यपालिकाबाट विषयगत समितिहरु गठन भई तत्सम्बन्धी विषयमा क्रियाशिल हुन प्रयासरत रहेका छन् ।

### २.६.४ योजना व्यवस्थापन

गाउँपालिकाबाट स्वीकृत नीति, ऐन तथा नियमको व्यवस्था कार्यान्वयन गर्न आवधिक विकास योजना, यातायात गुरुयोजना र बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयन र कार्यान्वयन प्रक्रियाको अनुगमन तथा मुल्यांकन कार्य भैरहेको छ । आवधिक योजना तथा विषयगत क्षेत्र गुरुयोजना अनुसार बार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गरी बार्षिक योजना तथा बजेटलाई नजितामूलक बनाउने प्रयास समेत भइरहेको छ ।

# परिच्छेद तीन
# गाउँपालिकाको विकासको दीर्घकालिन सोच तथा अवधारणा

## ३.१ गाउँपालिकाको विकासको संभावना तथा अवसरहरू

- कृषि तथा पशुपालन व्यवसायलाई प्रविधियुक्त वनाएर परम्परागत शैलीलाई परिवर्तन गर्न सकिने ।
- लेकाली पाटनहरुलाई भैंसी, भेडा, बाखा र च्याङग्रा पालनका लागि प्रयोग गर्न सकिने ।
- गहुँ, जौं, मकै, कोदो, फापर लगायत अन्नबाली, सिमी, गहत, भटमास, बोरी लगायत गेडागुडी, किवी, ओखर, हलुवावेद, सुन्तला लगायत फलफूल, आलु, लसुन, धनिया, अलैंची, बेसार, अदुवाको व्यवसायिक रुपमा खेति गर्न सकिने ।
- वहुमुल्य जडिबुटी खेती, प्रवर्द्धन र विक्रि वितरण गरी आय आर्जन गर्न सकिने ।
- बारेकोटी गाभा, भैंसीको घिउँ, मौरीको मह, भीर मौरीको मह, भेडाबाखाको उनबाट बुनेका राडीपाखी र कपडालाई यस गाउँपालिकाको ब्राण्ड बनाइ कोशेलीको रुपमा विक्रि गर्न सकिने ।
- वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणलाई कृषि, पशु तथा वनजन्य उद्यम/व्यवसायमा लगानी गर्न युवाहरुलाई प्रेरित गर्न सकिने ।
- यस क्षेत्रमा सम्पदा पर्यटन, पदमार्ग पर्यटन र धार्मिक पर्यटनको विकास गर्न सकिने ।
- सहकारी तथा अन्य वित्तिय संस्थाहरु मार्फत स्थानीय समुदायहरुको वित्तिय पहुँच वृद्धि गर्न सकिने ।
- दुर्लभ र लोपोन्मुख जीव जन्तुहरुको बासस्थान, वहुमूल्य जडिबुटी तथा वन पैदावरहरु भएको यस क्षेत्रलाई बारेकोट संरक्षण क्षेत्र (Barekot Conservation Area) घोषणाको लागि पहल गर्न सकिने ।

## ३.२ गाउँपालिकाको विकासका प्रमुख समस्या तथा चुनौतिहरू

- आम मानिसहरुलाई सहज यातायातको सुविधा नहुनु ।
- कृषि प्रविधि र पूर्वाधारहरुको निर्माणका लागि लगानी पर्याप्त नहुनु ।
- कृषकलाइ प्रोत्साहन तथा आकर्षण गर्ने खालका भुगोल सुहाउँदो कार्यक्रम नहुनु ।
- पर्यटनको प्रचुर संभावना भएर पनि पर्यटक भित्रयाउन र आर्थिक लाभ लिन नसक्नु ।
- शिक्षामा गुणस्तरीय सुधार ल्याउन नसक्नु ।
- विद्यालयमा शैक्षिक पूर्वाधार साधन श्रोत उपकरणहरु पर्याप्त नहुनु ।
- अस्पतालमा औषधीको उपलब्धता न्यून हुनु, गुणस्तरीय उपचारको अभाव एवम स्वास्थ्य चौकी एवम वर्थिङ सेन्टरको अवस्था कमजोर हुनु ।
- सेवा प्रवाहमा प्रभावकारीता,पारदर्शिता र जवाफदेहितामा कमी हुनु ।
- तर्जुमा भएका कानुन तथा योजना कार्यान्वयन नहुनु ।
- सीमाना जोडिएका पालिकाहरुसंग मिलेर विकास पुर्वाधार निर्माण गर्न नसक्नु ।
- स्थानीय उत्पादनमा आधारीत उद्योगहरुको प्रवर्धनमा न्यून प्राथमिकता हुनु ।
- दीर्घकालीन सोंच भन्दा पनि तत्कालिन आवश्यकताका आधारमा योजना तर्जुमा हुनु ।
- योजना तर्जुमा प्रक्रियामा सिमित वर्गको मात्र सहभागीता हुनु ।
- स्वरोजगार वन्न चाहने युवाहरुलाई लगानीको वातावरण वनाउन नसक्नु ।

### ३.३ गाउँपालिकाको दोस्रो पंचवर्षीय योजनाको रूपरेखा

### ३.३.१ दिर्घकालीन सोंचः

नेपालको सोह्रौ योजनाले लिएको दिघकालीन सोंच, कर्णाली प्रदेशको दोस्रो आवधिक योजनाले लिएको दिर्घकालीन सोंच र दिगो विकास लक्ष्य लगायत नेपाल सरकार र कर्णाली प्रदेश सरकारले लिएका अन्य सोंचहरुलाई दृष्टिगत गरी बारेकोट गाउँपालिकाको दोस्रो पंचवर्षीय आवधिक योजनाको दीर्घकालिन सोंच देहायअनुसार रहेको छ :

**"सुशासन, सामाजिक न्याय र समृद्ध बारेकोट"**

### ३.३.२ लक्ष्य :

सुखी, खुशी र मौलिक पहिचान सहितको सुशासित गाउँपालिकाको रुपमा स्थापित हुने ।

### ३.३.३ उद्देश्य :

यस दोस्रो आवधिक योजनाबाट देहाय अनुसारका उद्देश्य हाँसिल हुने अपेक्षा गरिएको छ ।

१. कृषि, पशु र वनजन्य व्यवसाय संचालन, रोजगारी सिर्जना र आम्दानी वृद्धि गर्ने ।

२. स्वस्थ, शिक्षित, सिर्जनशिल, सीपयुक्त, सशक्त र समावेशी साँस्कृतिक सम्पदायुक्त मानव समाज विकास गर्ने ।

३. सडक, बिद्युत, भवन, आवास, बजार र संचार सुविधा सुरक्षित र व्यवस्थित बनाउने ।

४. प्राकृतिक सम्पदाको संरक्षण, वातावरणमैत्री विकास, जलवायु र विपद उत्थानशिलता कायम गर्ने ।

५. जवाफदेहि, पारदर्शी, कानुनमा स्पष्ट र सहभागीतामूलक सूचना प्रविधिमा आधारीत स्थानीय शासन संचालन गर्ने ।

### ३.३.४ गाउँपालिकाको विकासका प्राथमिकता :

बारेकोट गाउँपालिकाको दीर्घकालीन सोच, समग्र लक्ष्य तथा रूपान्तरणको यात्रालाई व्यवहारिक रुपमा साकार पार्नका लागि यस गाउँपालिकाका मौलिक सम्भावना, अवसर, क्षमता, अधिकार क्षेत्र, विद्यमान समस्या तथा चुनौतीलाई समेटेर भविष्य केन्द्रित, व्यावहारिक र समावेशी आधारमा तय गरिएका आवधिक योजनाका प्राथमिकताहरू निम्नानुसार रहेका छन :

१. कृषि, वन, जलस्रोत तथा पर्यटन क्षेत्रको दिगो व्यवस्थापन र व्यवसायीकरण,
२. आधारभूत पूर्वाधार, प्रविधि र सुरक्षित आवासको सुदृढ विकास,
३. मानव विकास र समावेशी सामाजिक सेवा प्रवाह,
४. सक्षम, पारदर्शी र जवाफदेही स्थानीय शासन प्रणाली,
५. तीन तहका सरकार, निजी क्षेत्र, सहकारी तथा विकास साझेदारसँग सहकार्य र साझेदारी ।

### ३.३.५ समष्टिगत रणनीति :

बारेकोट गाउँपालिकाको विकासको दीर्घकालीन सोंचलाई व्यवहारमा उतार्न, उपलब्ध स्रोत, क्षमता, अवसर र अधिकारको अधिकतम उपयोग गर्दै विद्यमान समस्या र चुनौतीको समाधानमार्फत समृद्ध,

समावेशी र रूपान्तरणमुखी स्थानीय शासन संचालन गर्ने उद्देश्यका साथ निम्नानुसार समष्टिगत रणनीतिहरू अवलम्बन गरिनेछ :

१. कृषि, पशुपंक्षी, वनजन्य उपज तथा पर्यटन क्षेत्रको व्यवसायीकरण र आयआर्जन प्रवर्द्धन गर्ने ।
२. प्राकृतिक स्रोत, वातावरण तथा जैविक विविधताको दिगो संरक्षण र व्यवस्थापन सुनिश्चित गर्ने ।
३. पूर्वाधार, सूचना-प्रविधि तथा पहुँच विस्तारमार्फत समावेशी विकासको आधार तयार गर्ने ।
४. शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ तथा सामाजिक सुरक्षामा पहुँच अभिवृद्धि गर्ने ।
५. सांस्कृतिक सम्पदा संरक्षण, सामाजिक सद्भाव र एकता प्रवर्द्धन गर्ने ।
६. चुस्त, उत्तरदायी, पारदर्शी र प्रविधिमैत्री स्थानीय शासन प्रणाली सुदृढ गर्ने ।
७. संघीय, प्रदेश र स्थानीय सरकारबीच समन्वय तथा निजी क्षेत्र, सहकारी र विकास साझेदारसँग सहकार्य विस्तार गर्ने ।
८. स्थानीय जनशक्ति र संस्थाको क्षमता विकास तथा संस्थागत सुदृढीकरण गर्ने ।

### ३.३.६ विषय क्षेत्रगत लक्ष्य

बारेकोट गाउँपालिकाको दोस्रो पंचवर्षीय योजनाको सोंच, लक्ष्य, उद्देश्य, विकासका प्राथमिकता र समष्टिगत रणनीति अनुसार मुख्य विषयगत क्षेत्र र विषय क्षेत्रगत लक्ष्य निम्नानुसार तयार पारीएका छन् :

| विषय क्षेत्र | विषय क्षेत्रगत लक्ष्य |
|---|---|
| आर्थिक विकास | गाउँपालिकाको आर्थिक गतिविधि (व्यवसाय, उत्पादन, रोजगारी र आम्दानी) मा वृद्धि गर्ने । |
| सामाजिक विकास | साँस्कृतिक सम्पदाको संरक्षण गर्दै स्वस्थ, सशक्त, शिक्षित, सिर्जनशिल, सीपयुक्त र समावेशी मानव समाज विकास गर्ने । |
| पूर्वाधार विकास | सडक, बिद्युत, आवास, बजार र संचार सुविधा सुरक्षित र व्यवस्थित बनाउने । |
| वन, वातावरण तथा विपद व्यवस्थापन | प्राकृतिक सम्पदाको संरक्षण र सदुपयोग, वातावरणमैत्री विकास तथा जलवायु अनुकुलता र विपद उत्थानशिलता सुनिश्चित गर्ने । |
| संस्थागत विकास तथा सुशासन | जवाफदेहि, स्पष्ट र पारदर्शी स्थानीय शासन संचालन गर्ने । |

:

## ३.४. दिगो विकास लक्ष्यसंगको आवद्धता

बारेकोट गाउँपालिकाको यस दोस्रो आवधिक योजना स्थानीय विकासको आवश्यकतासँगै दिगो विकास लक्ष्य (SDGs) सँग पनि पूर्ण रुपमा आवद्ध रहनेछ । यो योजनाले गरिबी निवारण, खाद्य सुरक्षाको प्रवर्द्धन, शिक्षा र स्वास्थ्य सेवामा पहुँच, लैंगिक समानता, सुरक्षित आवास, स्वच्छ खानेपानी, वातावरण संरक्षण, जलवायु अनुकूलता, पूर्वाधार विकास, रोजगारी सिर्जना र सामाजिक सुरक्षामा जोड दिएको छ । यी विषयहरु दिगो विकास लक्ष्य १ देखि १७ सम्मका अधिकांश लक्ष्यहरूसंग आवद्ध हुन्छन् । विशेषगरी यस योजनाले गरिबी

अन्त्य (SDG 1), भोकमुक्ति र पोषण (SDG 2), शिक्षा (SDG 4), स्वास्थ्य (SDG 3), स्वच्छ पानी तथा सरसफाइ ( SDG 6), ऊर्जा (SDG 7), रोजगारी र आर्थिक वृद्धि (SDG 8), पूर्वाधार तथा औद्योगिक विकास ( SDG 9), वातावरणीय संरक्षण (SDG 13,15) र सशक्त संस्था तथा सहकार्य (SDG 16,17) सँग प्रत्यक्ष तादात्म्यता राख्छ । यसरी स्थानीय स्तरमा योजनाबद्ध ढंगले विकासका कार्यक्रमहरू सञ्चालन गरेर, बारेकोटले दिगो, समावेशी र सन्तुलित विकास सुनिश्चित गर्दै राष्ट्रिय र अन्तर्राष्ट्रिय विकास लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउने लक्ष्य राखेको छ ।

## ३.५. नेपालको सोह्रौं आवधिक योजना र कर्णाली प्रदेशको दोस्रो आवधिक योजनासंगको आवद्धता

बारेकोट गाउँपालिकाको आवधिक योजना नेपालको सोह्रौं योजना (२०८०/८१-२०८४/८५) सँग समेत प्रत्यक्ष रूपमा आवद्ध गराइएको छ । सोह्रौं योजना नेपालको दिगो, समावेशी र रोजगारीमुखी आर्थिक वृद्धिलाई प्राथमिकतामा राख्दै संघीय संरचनामा आधारित समृद्धि प्राप्तिको मार्गचित्र हो । यस योजनाले कृषि, पूर्वाधार, ऊर्जा, पर्यटन, मानव विकास, सामाजिक सुरक्षा, वातावरण संरक्षण, सुशासन र सेवा प्रवाहमा सुधारलाई मूल आधार मानेको छ, जुन बारेकोट गाउँपालिकाको प्राथमिकता, लक्ष्य, उद्देश्य र रणनीतिसँग पूर्ण तादात्म्यता राख्छ । विशेष गरी, बारेकोटको कृषि तथा वनजन्य उत्पादनको व्यवसायीकरण, पूर्वाधार विकास, शिक्षा-स्वास्थ्य सेवाको स्तरोन्नति, सामाजिक समावेशिता, विपद् जोखिम न्यूनीकरण, रोजगारी सिर्जना र सुशासन प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरू सोह्रौं योजनाका रणनीति र कार्यदिशासँग मिल्दोजुल्दो छन् । यसले स्थानीय तहको विकासलाई राष्ट्रिय योजना र नीतिसँग समन्वय गराउँदै दीगो र परिणाममुखी विकासलाई सुनिश्चित गर्न मद्दत पुऱ्याउँने अपेक्षा गरिएको छ ।

बारेकोट गाउँपालिकाको आवधिक योजना कर्णाली प्रदेशको दोस्रो आवधिक योजना (२०८०/८१-२०८४/८५) सँग पनि घनिष्ट रूपमा आवद्ध गराएर तयार पार्ने कोशिस गरिएको छ । कर्णाली प्रदेशको दोस्रो आवधिक योजनाले प्रदेशको प्राकृतिक स्रोत साधनको उच्चतम उपयोग, पूर्वाधार सुदृढीकरण, मानव पूँजी विकास, आर्थिक समृद्धि, सामाजिक न्याय, रोजगारी सिर्जना, दिगो वातावरणीय संरक्षण र सुशासनलाई प्रमुख आधार मानेको छ । यस योजनाले 'समृद्ध कर्णाली, सुखारी कर्णालीबासी' भन्ने दीर्घकालीन दृष्टिकोणलाई मूर्तरूप दिन आठ वटा प्राथमिक क्षेत्र तोकेको छ, जसमा कृषि तथा वनजन्य उत्पादनको व्यवसायीकरण, पर्यटन प्रवर्द्धन, पूर्वाधार विकास, मानव विकास, सामाजिक सुरक्षा, रोजगारी सिर्जना, वातावरणीय संरक्षण, सुशासन र संघीय समन्वय समेटिएका छन् । बारेकोट गाउँपालिकाले तय गरेका कृषि, पर्यटन, पूर्वाधार, मानव विकास, सामाजिक सुरक्षा, सुशासन, वातावरण संरक्षण र समन्वयका प्राथमिकता, उद्देश्य र रणनीति सोही अवधारणासँग मेल खाने छन् । विशेष गरी उत्पादनशील क्षेत्रको विकास, स्थानीय तहको समृद्धि, विपद् न्यूनीकरण, सामाजिक समावेशिता, रोजगारी सिर्जना र सेवामा पहुँच अभिवृद्धि जस्ता कार्यक्रमहरू कर्णाली प्रदेशको दोस्रो योजना अनुरूप नै रहेका छन् । यसरी बारेकोटको स्थानीय योजना प्रदेशस्तरको विकास रणनीति र नीति अनुरूप रहेकाले यसले समन्वित, दिगो र परिणाममुखी विकास सुनिश्चित गर्न योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

## ३.६ गाउँपालिकाको समष्टिगत परीमाणात्मक लक्ष्य

गाउँपालिकाको विकास प्रयासलाई योजनाबद्ध र व्यवस्थित रुपमा दीर्घकालिन सोच तथा लक्ष्यतर्फ उत्मुख गराउन प्रस्तावित लक्ष्य, उद्देश्य तथा अपेक्षित नतिजा हासिल गर्न परिवर्तनको सिद्धान्त अनुसार परीमाणात्मक रुपमा गाउँपालिकाको विषय क्षेत्रगत अहिलेको अवस्था र आवधिक योजना अवधिको लक्ष्य निर्धारण गरिएको छ । अहिलेको अवस्थाका आधारहरुमा राष्टिय जनगणना २०७८, गाउँपालिकाको वस्तुस्थिति विवरण २०७५, कर्णाली प्रदेशको आर्थिक सर्वेक्षण २०७८, राष्टिय कृषि गणना २०७८, कार्यशाला गोष्ठीमा

भएको छलफल, गाउँपालिकाद्धारा प्रकाशित दस्तावेज तथा अन्य विभिन्न स्रोतहरु तथा प्रतिवेदनहरु आदीमा उल्लेख भएका तथ्यांकहरुको विश्लेषण गरी अहिलेको अवस्थाको परीमाण राखिएको छ । योजनाको परीमाणात्मक लक्ष्यको तालिका देहायअनुसार प्रस्तुत गरिएको छ :

**तालिका १: योजनाका परीमाणात्मक लक्ष्य**

| क्र.सं | सूचक | एकाई | आ.व. ०८१/०८२ सम्मको अवस्था | आवधिक योजना आ.व. (०८२/०८३ देखि आ.व. ०८६/०८७) को लक्ष्य |
|---|---|---|---|---|
| १ | **आर्थिक विकास** | | | |
| | कृषि तथा पशुपालन क्षेत्रमा रोजगार | संख्या | ६२५२ | ८००० |
| | उद्योग र व्यवसाय क्षेत्रमा रोजगार | संख्या | ५७ | १५० |
| | नोकरी गर्नेको संख्या | संख्या | ४१७ | ६०० |
| | पर्यटन तथा सेवा क्षेत्रमा रोजगार | संख्या | ० | १५० |
| | वैदेशिक रोजगारीमा गएका व्यक्ति | संख्या | १४७ | ५० |
| | ज्याला मजदुरी | संख्या | २६९५ | २००० |
| | आफ्नो उत्पादनबाट वर्षभरी खान पुग्ने परिवार | प्रतिशत | २० | २८ |
| | खेती गरिएको जमिन | रोपनी | २३२५३ | २४०० |
| | किसानहरुको औषत वार्षिक आय | रु. हजारमा | २५००० | ३२००० |
| | आलु उत्पादन | मे.टन | ६७ | १०० |
| | दलहन वाली | मुरी | ७२६२ | ७५०० |
| | अन्नवाली | मुरी | ५३३११ | ५४००० |
| | फलफुल उत्पादन | के.जि. | १७०९० | २०००० |
| | नगदे वाली उत्पादन | के.जि. | ७६१७ | ९५०० |
| | तेलहन उत्पादन | मुरी | १५७८ | १८०० |
| | संचालित कृषि संकलन केन्द्र | संख्या | ० | ३ |
| | बाह्रै महिना सिंचाई हुने क्षेत्र | रोपनी | ७५६७ | ८५०० |
| | कुखुरा/खसी बोकाको बार्षिक मासु उत्पादन | के. जि. | ३०००० | ३३००० |
| | सुँगुर वा वंगुरको बार्षिक मासु उत्पादन | के.जि. | ० | ७००० |
| | बार्षिक दूध उत्पादन | लिटर | १२७७८५० | १४००००० |
| | उन्नत घाँसको उत्पादन क्षेत्र | कठ्ठा | ० | ३०० |
| | भ्रमण गर्ने वार्षिक पर्यटक (आन्तरिक/वाह्य) | संख्या | ० | १२०० |
| | व्यवस्थित ग्रामीण पर्यटकीय गाउँ | संख्या | ० | ४ |
| | स्तरोन्नती गरिएका पर्यटकीय सम्पदा | संख्या | ० | ४ |
| | सुचारु व्यापार व्यवसाय | संख्या | ३९४ | ४२० |
| | होटल तथा लज | संख्या | ५ | ८ |
| | प्राविधिक मानव संशाधन | संख्या | ११४२२ | १३००० |
| | व्यवसायिक प्राविधिक सीपयुक्त दक्ष व्यक्ति | संख्या | ० | ३०० |
| २ | **सामाजिक विकास** | | | |
| | उच्च शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ६७ | १५० |
| | अस्पताल पुग्न लाग्ने औसत समय | मिनेट | ९० | ३० |
| | विरामी पर्दा सर्वप्रथम स्वास्थ्य संस्था जाने जनसंख्या | प्रतिशत | ८१ | ९५ |
| | प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ४२ | ५० |
| | विधालय विचैमा छोड्ने विद्यार्थी | संख्या | ३७ | २० |
| | विद्यालय वाहिर रहेका (५-१५ वर्ष) बालबालिका | प्रतिशत | ६०० | ३०० |
| | प्रारम्भिक बालकक्षामा अध्ययनरत बालबालिका | जना | १००० | ११५० |
| | कक्षा ८ को निरन्तरता दर | प्रतिशत | ८५ | ९२ |

| क्र.सं | सूचक | एकाई | आ.व. ०८१/०८२ सम्मको अवस्था | आवधिक योजना आ.व. ( ०८२/०८३ देखि आ.व. ०८६/०८७) को लक्ष्य |
|---|---|---|---|---|
| | कक्षा १० को निरन्तरता दर | प्रतिशत | ६० | ६७ |
| | बालमैत्री सिकाई विधि अवलम्बल गर्ने विद्यालय | प्रतिशत | ६० | ८० |
| | कम तौल भएका ५ बर्षमूनीका बालबालिका | प्रतिशत | ३५ | २८ |
| | पूर्व प्रसूति सेवा ४ पटक प्राप्त गर्ने गर्भवती | प्रतिशत | ५२ | ५५ |
| | आयोडिनयुक्त नून प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ७५ | ८२ |
| | आधारभुत सुविधा उपलब्ध स्वास्थ्य संस्था | संख्या | १२ | १३ |
| | पाइपबाट वितरित पानी प्रयोग गर्ने घरधुरी | संख्या | ३२२४ | ३४०० |
| | खानेपानी सुविधा उपलब्ध घरपरिवार | प्रतिशत | ७३.६ | ७६ |
| | सुरक्षित शौचालय भएका घरधुरी | संख्या | ३३४१ | ३५०० |
| | कारोबार सम्बन्धी निर्णयमा महिला सहभागी हुने परिवार | संख्या | ४०३ | ४१५ |
| | सक्रिय युवाक्लब, संजाल तथा संस्था | संख्या | १७ | २५ |
| | क्लब, सञ्जाल र संस्थामा आवद्ध युवा | संख्या | ६७२ | ८०० |
| | उद्यम व्यवसाय र स्वरोजगारीमा संलग्न युवा | संख्या | ० | ३० |
| | कभर्ड हल तथा खेलकुद मैदान | संख्या | २ | ५ |
| | जिल्ला, प्रदेश, राष्ट्रियस्तरमा प्रतिनिधित्व गर्ने खेलाडी | संख्या | ० | ३ |
| | संरक्षित ऐतिहासिक सार्वजनिक पोखरी | संख्या | ० | ४ |
| | स्थानीय कला, संस्कृति, सम्पदा, भाषा साहित्यमा आधारित अध्ययन तथा प्रकाशन | संख्या | ० | २ |
| ३ | **पुर्वाधार विकास** | | | |
| | सडक घनत्व (प्रति वर्ग कि.मी. सडक लम्बाई) | कि.मि. | ०.१२ | ०.१५ |
| | पक्की सडकमा पुग्न लाग्ने औषत समय | घण्टा | ३ | १ |
| | १२ है महिना यातायात सुचारु सडक लम्बाई | कि.मि. | ३० | ४० |
| | पक्की घरमा बसोबास गर्ने परिवार | संख्या | २.२ | ४ |
| | स्वस्थ उर्जाको प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ६५ | ७८ |
| | आधारभूत पूर्वाधारयुक्त व्यवस्थित बजार | स्थान | १ | ६ |
| | सुरक्षित वस्तीमा बसोबास गर्ने परिवार | प्रतिशत | २.२ | ४ |
| | भूकम्प प्रतिरोधी भवन निर्माण दक्ष व्यक्ति | जना | ० | ९० |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन | प्रतिशत | ५ | १२ |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका आवास घर | प्रतिशत | २ | १२ |
| | पक्की सडक | कि.मि. | ० | २ |
| | ग्राभेल सडक | कि.मि. | ० | ९ |
| | पक्की पुल | संख्या | ० | ४ |
| | विद्युत् सेवा उपलब्ध घरधुरी | संख्या | २८.७ | ३५ |
| | सुधारिएको ऊर्जा प्रयोग गर्ने परिवार | संख्या | ४.२ | ७ |
| | सोलार प्रणाली भएका घरपरिवार | संख्या | ६५.४ | ७६ |
| | टेलिभिजन र कम्प्युटर उपलब्ध परिवार | प्रतिशत | ७ | १५ |
| | इन्टरनेट सेवा प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ६ | २० |
| | टेलिफोन/मोबाइल प्रयोगकर्ता | संख्या | ४६ | ५२ |
| ४ | **वन वातावरण तथा विपद व्यवस्थापन** | | | |
| | रुख विरुवाले ढाकेको/हरियाली क्षेत्र | हेक्टर | ५९ | ६० |
| | वनमा आधारित उद्योग | संख्या | २ | ४ |
| | वनमा आधारित उद्योग व्यवसाय | संख्या | २ | ४ |

| क्र.सं | सूचक | एकाई | आ.व. ०८१/०८२ सम्मको अवस्था | आवधिक योजना आ.व. (०८२/०८३ देखि आ.व. ०८६/०८७) को लक्ष्य |
|---|---|---|---|---|
| | वनमा आधारित उद्यम र आयआर्जन कार्यक्रमबाट लाभान्वित परिवार | परिवार | ८० | ३०० |
| | बाढी संवेदनशील वस्ती | प्रतिशत | ७ | २ |
| | संरक्षित तथा व्यवस्थित पोखरी | संख्या | ० | ३ |
| | मनोरञ्जनस्थल, पार्क र हरित क्षेत्र | स्थान | ४ | ५ |
| | परम्परागत उर्जा प्रयोग गर्ने घरधुरी | प्रतिशत | ९४ | ८० |
| | संचालित व्यवस्थित सार्वजनिक शौचालय | संख्या | ० | ३ |
| | स्थानीय विपद् व्यवस्थापन तथा जलवायु अनुकुलन कार्ययोजना तर्जुमा र कार्यान्वयन | संख्या | १ | १ |
| | नदि कटान र डुवानबाट प्रभावित क्षेत्र | विघाहा | २५ | १५ |
| | सुरक्षित खुल्ला स्थान तथा आपत्कालीन सामुहिक आश्रयस्थल | संख्या | ० | २ |
| | स्थानीय विपद व्यवस्थित सूचना केन्द्रवाट ज्ञान तथा सिकाई प्राप्त गर्ने व्यक्ति | जना | १५ | ३० |
| | विपद् व्यवस्थापन कोष रकम (बार्षिक) | रु. हजारमा | ५०० | १५०० |
| | सुरक्षित, व्यवस्थित आवास क्षेत्र/वस्ती | संख्या | २० | २८ |
| ५ | **संस्थागत विकास तथा सुशासन** | | | |
| | गाउँपालिकाको नीति, कानून, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | ८० | ९५ |
| | कार्यालयमा कार्यरत मानव संशाधन | संख्या | १३४ | |
| | प्रयोग भएका जवाफदेहिताका औजार | संख्या | २ | ३ |
| | स्वीकृत भएका नीति र कानून | संख्या | ५६ | ६२ |
| | क्रियाशिल नीतिगत समिति तथा संयन्त्र | संख्या | ११ | ११ |
| | अभ्यास गरिएका सामाजिक जवाफदेहिताका औजारको प्रकार | प्रकार | २ | ३ |
| | स्थानीय कानून, नीति र योजना तर्जुमा प्रक्रियामा नागरिक पृष्ठपोषण र सुझाव लिने माध्यम | प्रकार | २ | ३ |
| | पेश भएका नीति, योजना तथा सेवाप्रवाह सम्बन्धी गुनासो सम्बोधन (अभिलेख मध्ये) | प्रतिशत | ९० | ९९ |
| | गाउँपाालिका पेश भएका नीति, योजना र सेवा प्रवाह सम्बन्धी गुनासो अभिलेख भएका मध्ये समाधान भएका गुनासो | प्रतिशत | ९० | १०० |
| | वडा तहमा सुचारु सेवा तथा श्रोत केन्द्र | संख्या | ० | |
| | बार्षिक आन्तरिक आय रकम | रु.हजारमा | २३०० | ४००० |
| | राजस्व बाँडफाँडबाट प्राप्त रकम | रु.हजारमा | ११०२४५.८ | ११५८६९ |
| | वित्तिय समानीकरण अनुदान | रु.हजारमा | ८८५२२ | ९३०३७ |
| | कूल बार्षिक बजेट | रु.हजारमा | ४५३२४४.८ | ५३३६०४ |
| | समपुरक तथा विशेष अनुदान रकम | रु.हजारमा | १५००० | २६३९३ |
| | अ/गैसस, विकास साझेदारबाट संचालित आयोजना/कार्यक्रमबाट लगानी रकम | रु.हजारमा | ० | ३३००० |
| | समुदायको लगानी तथा योगदान रकम | रु.हजारमा | ० | ३०९० |
| | खण्डीकृत विषयगत र श्रोत नक्शा सहित वस्तुगत विवरण तयारी तथा अद्यावधिक | भए/नभएको | १ | १ |
| | स्वीकृत स्थानीय रणनीतिक/गुरुयोजना (बालबालिका र विपद व्यवस्थापन) | विषयक्षेत्र | १ | ४ |

# परिच्छेद ४
# आर्थिक विकास योजना

## ४.१ पृष्ठभूमि

नेपालको संविधानले सुनिश्चित गरेको नागरिकको खाद्य सुरक्षा, मर्यादित रोजगारी र आयको अधिकार कार्यान्वयन गर्न नेपाल सरकार, प्रदेश सरकारको साथसाथै स्थानीय सरकारको महत्वपूर्ण भूमिका रहेको छ । नेपाल सरकार एवं प्रदेश सरकारले तर्जुमा गरेको नीति, कानून, योजना र लक्ष्यसँग तादाम्यता कायम गरी स्थानीय सरकारले समेत उक्त अधिकार सुनिश्चित गर्न योजनाबद्ध ढंगले प्रयास गर्न आवश्यक छ । यस तथ्यलाई मनन् गर्दै गाउँपालिका क्षेत्रको योजनाबद्ध र सन्तुलित विकासको लागि उद्योग व्यावसाय, पर्यटन र कृषि क्षेत्रको विकास र प्रवर्द्धन मार्फत उत्पादन, रोजगारी र आय वृद्धि गर्न उपयुक्त योजना तर्जुमा एवं सोको कार्यान्वयन गर्नुपर्ने देखिन्छ । यस गाउँपालिकाको सन्दर्भमा आर्थिक विकासको प्रयासलाई योजनावद्ध रुपमा डोऱ्याउन आर्थिक विकास क्षेत्रको सोंच, लक्ष्य, उद्देश्य, रणनिति, कार्यनीति र प्रस्तावित कार्यक्रम तथा बजेटलाइ देहायअनुसार प्रस्तुत गरिएको छ ।

## ४.२ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम

यस गाउँपालिकामा कृषि तथा पशु विकास, पर्यटन विकास, उद्योग व्यापार तथा व्यवसाय, सहकारी, बैंक तथा वित्तिय सेवा, श्रम तथा रोजगार सुविधा लगायत स्थानीय तहको लागि उपलब्ध आर्थिक अधिकार क्षेत्रको उद्धेश्य, परिमाणात्मक लक्ष्य, रणनीति तथा प्रमुख कार्यक्रमलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

### ४.२.१ सोच

गाउँपालिकाको आर्थिक विकास क्षेत्रको सोच देहायअनुसार रहेको प्रस्तुत छः

**"समृद्ध बारेकोट, सुखारी बारेकोटबासी"**

### ४.२.२ लक्ष्य

गाउँपालिकाको आर्थिक विकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

**गाउँपालिकाको आर्थिक गतिविधि (व्यवसाय, उत्पादन, रोजगारी र आम्दानी) मा वृद्धि गर्ने ।**

### ४.२.३ उद्देश्य

गाउँपालिकाको आर्थिक विकास क्षेत्रका उद्देश्यहरु देहाय अनुसार रहेका छन्:

१. कृषिजन्य उत्पादनको बृद्धि, विविधिकरण र व्यावसायीकरण गर्ने ।

२. खेतीयोग्य जमीनमा भरपर्दो सिंचाई सुविधा उपलब्ध गराउने ।

३. पशुपंक्षीजन्य उत्पादनको बृद्धि, विविधिकरण र व्यावसायीकरण गर्ने ।

४. पर्यटन प्रवर्द्धन गर्ने ।

५. उद्योग, व्यापार तथा व्यवसायको सिर्जना गर्ने ।

६. श्रम तथा रोजगारमूलक आयोजना तथा कार्यक्रम प्रवर्धन गर्ने ।

७. वित्तीय सेवामा नागरिकको पहुँच बृद्धि गर्ने ।

### ४.२.४ रणनीति तथा कार्यनीति

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न देहायअनुसारका रणनीति तथा कार्यनीति अबलम्बन गरी रणनीतिक कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिनेछ ।

**तालिका २: आर्थिक विकास क्षेत्रको रणनीति र कार्यनीति**

| रणनीति | कार्यनीति |
| --- | --- |
| **उद्देश्य १ : कृषिजन्य उत्पादनको बृद्धि, विविधिकरण र व्यवसायीकरण गर्ने ।** | |
| १. प्रविधि र आधुनिक कृषि अभ्यासको प्रवर्द्धन | १.१ सुधारिएको बिउ, मल-खाद, आधुनिक कृषि उपकरण र सिँचाइ प्रविधि किसानहरूलाई सहजै उपलब्ध गराउने ।<br>१.२ आधुनिक खेती पद्धति, रोग नियन्त्रण, मलजल व्यवस्थापन र माटो संरक्षण सम्बन्धी कृषकहरूलाई निरन्तर प्रशिक्षण दिने ।<br>१.३ कृषि अनुसन्धान संस्थानहरूसँग सहकार्य गरी नयाँ प्रजाति, उन्नत प्रविधि र जलवायु अनुकूल खेती विधिहरूको विकास र परिचय गराउने । |
| २. बाली विविधिकरण र मूल्य अभिवृद्धि | २.१ स्थानीय भू-जलवायु उपयुक्तता अनुसार आयात प्रतिस्थापन गर्ने तथा बजार माग भएका फलफूल, तरकारी, मसला बाली, औषधीय बालीहरू खेती गर्न प्रोत्साहन गर्ने ।<br>२. कृषिजन्य वस्तुहरूको प्राथमिक प्रशोधन, चिस्यान केन्द्र, प्याकेजिङ र भण्डारण प्रविधि विकास गरी मूल्य अभिवृद्धि गर्ने व्यवस्था गरिने ।<br>२.६ बाली उत्पादनसँग जोडिने कृषि उद्योग (जस्तैः मसला प्रशोधन, फलफूल रस उद्योग, आलु चिप्स, अचार आदि) स्थापनालाई प्रवर्द्धन गर्दै कृषक र उद्यमीबीच सहकार्य गरिने । |
| ३. व्यवसायीकरण र बजार पहुँच विस्तार | ३.४ कृषकहरूलाई समूहमा संगठित गरी सहकारीमार्फत उत्पादन, सङ्कलन, प्रशोधन र व्यापार सञ्चालनको क्षमता विकास गरिनेछ ।<br>३.५ कृषि उपजको संकलन केन्द्र, खुला तथा आवरणयुक्त बजारस्थल, चिस्यान केन्द्र, यातायात र संचार जस्ता भौतिक पूर्वाधार निर्माण गरिनेछ ।<br>३.६ कृषकहरूलाई बजार मूल्य, माग-आपूर्ति र व्यापार प्रक्रियाबारे समयमै जानकारी दिने सूचना प्रणाली स्थापना गरिनेछ, जसले उत्पादन र बिक्रीबीच समन्वय सुदृढ बनाउनेछ । |
| **उद्देश्य २: खेतीयोग्य जमीनमा भरपर्दो सिंचाई सुविधा उपलब्ध गराउने ।** | |
| १. विद्यमान सिँचाइ संरचनाको पुन:सञ्चालन र स्तरोन्नति | १.१ बन्द, क्षतिग्रस्त वा कमजोर अवस्थामा रहेका कुलो, पोखरी, ट्यांकी, पाइपलाइन र नहरहरूलाई नियमित रूपमा मर्मत, सरसफाइ तथा आवश्यक सुधार गरी पुनः सञ्चालनमा ल्याइने ।<br>१.२ किसान समूह वा सिँचाइ उपभोक्ता समितिमार्फत सिँचाइ संरचनाको सञ्चालन, मर्मतसम्भार र अनुगमन गर्ने क्षमता अभिवृद्धि गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | |
| २. नयाँ सिँचाइ प्रणालीहरूको विकास र विस्तार | २.१ भूगोल र स्रोतअनुसार बाँध, ट्यांकी, नहर, इन्टेक तथा पानी सङ्कलन संरचनाहरू निर्माण गरी नयाँ क्षेत्रमा सिँचाइ सुविधा विस्तार गरिने ।<br>२.२ पानीको कुशल उपयोगका लागि ड्रिप, स्प्रिंकलर, माइक्रो सिँचाइ जस्ता प्रविधियुक्त सिँचाइ प्रणाली कृषकहरूमाझ प्रोत्साहन गरिनेछ ।<br>२.३ वर्षाको पानी सङ्कलन, कृत्रिम रिचार्ज संरचना र लिफ्ट प्रविधिको उपयोग गरी सिँचाइ पहुँच नभएका क्षेत्रमा सेवा विस्तार गरिनेछ । |
| **उद्देश्य ३: पशुपंक्षीजन्य उत्पादनको बृद्धि, विविधिकरण र व्यावसायीकरण गर्ने ।** | |
| १. पशुपालनमा प्रविधि र सेवा विस्तार | १.१ उत्पादनशील र वातावरणअनुकूल उन्नत जातका गाई, भैंसी, बाख्रा, भेडा, कुखुरा, हाँस आदि वितरण र प्रवर्द्धन गरिने ।<br>१.२ पशु उपचार केन्द्रहरू स्थापना/सुदृढीकरण, मोबाइल भेट सेवा, नियमित खोप, रोग परीक्षण र औषधि सेवा विस्तार गरिनेछ।<br>१.३ वैज्ञानिक गोठ निर्माण, स्वच्छता, तापमान नियन्त्रण र पोषणयुक्त सस्तो आहारको उत्पादन तथा उपयोगमा जोड दिइनेछ । |
| २. पशुजन्य उत्पादनको विविधिकरण र मूल्य अभिवृद्धि | २.१ परम्परागत दूध, घिउँ, मासु बाहेक लेकाली राँगा, खसी, च्याँग्राको सुकुटी, बाखा, गोरुको छाला, हड्डी, मल आदि उत्पादनतर्फ कृषकलाई प्रोत्साहन गरिनेछ ।<br>२.२ दूध चिस्यान केन्द्र, मासु प्रशोधन गृह, अण्डा वर्गीकरण तथा प्याकेजिङ केन्द्रजस्ता पूर्वाधार निर्माण गरी उत्पादकत्व र गुणस्तरमा सुधार गरिनेछ ।<br>२.३ पशुजन्य वस्तुहरूलाई सहकारी, निजी क्षेत्र वा ई-कमर्समार्फत क्षेत्रीय र राष्ट्रिय बजारसम्म पु-याउन सञ्जाल तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ । |
| ३. व्यावसायिक पशुपालन र बजार पहुँचको सुदृढीकरण | ३.१ साना किसानहरूलाई समूह वा सहकारीमार्फत संगठित गरी व्यवस्थापन, उत्पादन, वित्तीय पहुँच र संस्थागत क्षमता अभिवृद्धि गरिनेछ।<br>३.२ पशुपालकहरूलाई व्यवसाय सञ्चालन, लागत व्यवस्थापन, पोषण तथा रोग नियन्त्रण तालिम प्रदान गरिनेछ । साथै, पशुधन बीमा तथा सहुलियतपूर्ण ऋण पहुँच सुनिश्चित गरिनेछ।<br>३.३ पशुपालन उत्पादनको संकलन, प्रशोधन, चिस्यान, प्याकेजिङ तथा वितरणका लागि आवश्यक पूर्वाधार र सेवा सुविधा विस्तार गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य ४: पर्यटन प्रवद्धन गर्ने ।** | |
| १. पर्यटकीय पूर्वाधार र सेवा विकास | १.१ पर्यटकीय क्षेत्रसम्म पुग्न सहज हुने गरी सडक, पुल र सार्वजनिक यातायातको सुधार र विस्तार गर्ने ।<br>१.२ होमस्टे, गेस्ट हाउस, होटेल र रेस्टुरेन्ट लगायत आवास तथा खानपान सेवा स्तर सुधार गर्ने र नयाँ सुविधा स्थापना गर्ने ।<br>१.३ पर्यटकहरूलाई आवश्यक जानकारी उपलब्ध गराउने सूचना केन्द्र, संकेतबोर्ड र गाइड सेवा विकास गर्ने ।<br>१.४ पदमार्ग, प्राकृतिक दृश्यावलोकन स्थल, सांस्कृतिक कार्यक्रम तथा अन्य मनोरञ्जनात्मक गतिविधि सञ्चालन गर्ने । |
| २. स्थानीय संस्कृति, इतिहास र प्राकृतिक स्रोतको संरक्षण र प्रचारप्रसार | २.१ स्थानीय चाडपर्व, परम्परागत कला, नृत्य, हस्तकला, पुरातात्विक स्थल र ऐतिहासिक स्मारकहरूको संरक्षण र पुनर्निर्माण गर्ने ।<br>२.२ वन, पहाड, जलाशय, जनावर र जैविक विविधताको संरक्षण गरी पर्यावरणीय सन्तुलन कायम राख्ने ।<br>२.३ स्थानीय सांस्कृतिक कार्यक्रम, मेलापर्व, हस्तकला मेला, फोटो प्रदर्शनी तथा अनलाइन सामग्रीमार्फत प्रचार गर्ने ।<br>२.४ स्थानीय बासिन्दालाई आफ्ना सांस्कृतिक र प्राकृतिक सम्पदाको महत्वबारे सचेत बनाउने तथा संरक्षणमा सक्रिय गराउने । |
| **उद्देश्य ५: उद्योग, व्यापार तथा व्यवसायको सिर्जना गर्ने ।** | |
| १. साना तथा मध्यम उद्यमहरूको प्रवर्द्धन र क्षमता विकास | १.१ उद्यमीहरूलाई व्यवसाय सञ्चालन, उत्पादन प्रविधि, व्यवस्थापन र वित्तीय साक्षरता सम्बन्धी तालिम र सेवा प्रदान गरी उनीहरूको क्षमता अभिवृद्धि गरिने।<br>१.२ साना उद्यमीलाई सहज ऋण, अनुदान र बीमा सेवा उपलब्ध गराइने तथा उत्पादित वस्तुहरूको स्थानीय र राष्ट्रिय बजारसम्म पहुँच सुनिश्चित गरिने। |
| २. स्थानीय स्रोत र कच्चा पदार्थमा आधारित उद्यमको विकास | २.१ कृषि, वन, पशुजन्य वा खनिज स्रोतबाट प्राप्त कच्चा पदार्थहरूलाई स्थानीयस्तरमै प्रशोधन गर्ने साना उद्योगहरू (जस्तैः मसला प्रशोधन, आलु चिप्स, फलफूल जुस, काठ तथा बाँसजन्य हस्तकला) को स्थापना र प्रवर्द्धन गरिने।<br>२.२ उत्पादन प्रक्रियामा आवश्यक पर्ने साना मेसिन, उपकरण तथा प्रविधिहरू सहज ढंगले उपलब्ध गराई उद्यम सञ्चालनलाई प्रभावकारी बनाइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य ६: श्रम तथा रोजगारमूलक आयोजना तथा कार्यक्रम प्रवर्द्धन गर्ने ।** | |
| १. सीपमूलक तालीम तथा दक्ष जनशक्ति उत्पादन कार्यक्रम सञ्चालन | १.१ कृषि, निर्माण, सिलाइ-कटाइ, इलेक्ट्रीसियन, प्लम्बिङ, सूचना प्रविधि, गाडी मर्मतजस्ता क्षेत्रमा स्थानीय मागअनुसारको व्यवहारिक सीप तालीम सञ्चालन गरिनेछ।<br>१.२ तालीम प्राप्त व्यक्तिहरूलाई रोजगारीमा जोड्न रोजगार मेलाको आयोजना, व्यवसाय सुरु गर्न ऋण र उपकरण सहयोग तथा सहकारी वा निजी क्षेत्रसँग समन्वय गरिनेछ। |
| २. स्थानीय पूर्वाधार निर्माणमा जनश्रम परिचालनमार्फत रोजगारी सिर्जना | २.१ सडक, खानेपानी, सिँचाइ, विद्यालय भवन, स्वास्थ्य चौकी, पदमार्गजस्ता सार्वजनिक निर्माण कार्यहरूमा स्थानीय श्रमिकलाई प्राथमिकताका साथ परिचालन गरिनेछ ।<br>२.२ विपन्न, बेरोजगार तथा सीमान्तकृत समुदायका सदस्यलाई लक्षित गर्दै "कामको माध्यमबाट रोजगारी" (Cash for Work) कार्यक्रममार्फत रोजगारी सिर्जना गरिनेछ, |
| **उद्देश्य ७: वित्तीय सेवामा नागरिकको पहुँच बृद्धि गर्ने ।** | |
| १. स्थानीय वित्तीय संस्थाहरूको पहुँच र सेवा विस्तार | १.१ दुर्गम तथा वित्तीय पहुँचबाट बाहिर रहेका बस्तीहरूमा बैंकिङ सेवा पुऱ्याउन नयाँ शाखा, सेवा केन्द्र वा मोबाइल बैंकिङ सेवा सञ्चालन गरिनेछ ।<br>१.२ प्रविधिको प्रयोगमार्फत छिटो, सुरक्षित र पहुँचयोग्य सेवा सुनिश्चित गर्न डिजिटल माध्यमबाट वित्तीय कारोबार गर्ने वातावरण तयार पारिनेछ । |
| २. वित्तीय साक्षरता अभिवृद्धि र समावेशी वित्तीय कार्यक्रम सञ्चालन | २.१ विद्यालय, समुदाय, सहकारी तथा महिला समूहहरू मार्फत बचत, कर्जा, बीमा, डिजिटल कारोबार, र वित्तीय योजना सम्बन्धी आधारभूत ज्ञान प्रदान गर्ने तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.२ सहुलियतपूर्ण कर्जा, साना उद्यम अनुदान, समूहगत बचत तथा बीमा कार्यक्रम सञ्चालन गरी ती समुदायहरूलाई औपचारिक वित्तीय प्रणालीमा सहभागी गराइनेछ । |

## ४.३ आर्थिक विकास क्षेत्रका प्रमुख कार्यक्रम तथा लागत अनुमान

आवधिक योजनाको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, नीजि क्षेत्र, प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकता अनुसार कार्यक्रम तथा आयोजना संचालन गरिनेछ । आर्थिक विकास क्षेत्रको प्रमुख कार्यक्रम तथा आयोजना, भौतिक लक्ष्य, कार्यक्रम गर्ने स्थान, अनुमानित लागत देहायबमोजिमको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३ : आर्थिक विकास क्षेत्रका प्रमुख कार्यक्रम तथा लागत अनुमान

| विषय क्षेत्रगत उद्देश्य अनुसार रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत ( रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष (२०८१/०८२) | कूल लक्ष्य (२०८६/०८७) | | |
| **उद्देश्य १ : कृषिजन्य उत्पादनको बृद्धि, विविधिकरण र व्यवसायीकरण गर्ने ।** | | | | | |
| १.१ कृषि गणना र आवधिक कृषि विकास योजना तर्जुमा | पटक | ० | १ | २००० | गाउँपालिका |
| १.२ सामुदायिक कृषि प्रसार सेवा केन्द्रको स्थापना (मल, विउ, यन्त्र, विषादि, प्राविधिक सेवाको उपलब्धता) | वडा | ० | २ | ३००० | दुइ स्थानमा |
| १.३. कृषि उपज (अन्नबाली, दलहन बाली, तेलहन बाली, मसलाबाली, फलफूल आदी) पकेट क्षेत्र विकास कार्यक्रम | वडा | ० | ९ | १०००० | सबै वडामा |
| १.४ रैथाने बाली र रैथाने बीउँ संरक्षण कार्यक्रम | पटक | | ९ | १०००० | सवै वडामा |
| १.५ व्यवसायिक फलफूल उत्पादन कार्यक्रम (किवी, सुन्तला, ओखर र हलुवावेद) | वडा | | ९ | ४००० | सवै वडामा |
| १.६ व्यवसायिक मौरी पालन कार्यक्रम | जना | ० | २० | १५०० | प्रत्येक वडामा |
| १.७ मौसमी तथा बेमौसमी तरकारी उत्पादन तथा करेसाबारी प्रवर्द्धन कार्यक्रम | स्थान | ० | ९ | ५००० | सबै वडाहरुमा |
| १.८ जैविक मल तथा जैविक विषादी प्रवर्द्धन कार्यक्रम | वडा | ० | ९ | ५००० | सबै वडाहरुमा |
| १.९ कृषि मेला प्रदर्शनी तथा कृषक भ्रमण कार्यक्रम | पटक | ० | ६ | २००० | स्थान विशेष |
| १.१० कृषि उद्यम संचालन, कृषि उत्पादन प्रवर्द्धन तथा बजारीकरण कार्यक्रम | स्थान | ० | ३ | ३०००० | तीन स्थानमा कृषि सहकारी मार्फत गर्ने |
| १.११ कृषक, कृषक समूह, सामुदायिक कृषि प्रसार सेवा केन्द्र तथा कृषि सहकारीहरुको क्षमता विकास कार्यक्रम | संख्या | १० | २५ | २००० | - उत्पादक व्यवसायी अन्तर्क्रिया |
| **कृषि विकास जम्मा** | | | | **७४५००** | |
| **उद्देश्य २: खेतीयोग्य जमीनमा भरपर्दो सिंचाई सुविधा उपलब्ध गराउने ।** | | | | | |
| २.१ नयाँ सिंचाई आयोजनाको संभाव्यता अध्ययन तथा डि.पि.आर तयारी | वटा | ० | ९ | ४५०० | अनुसूची १ मा संलग्न वडा स्तरीय छलफलबाट प्रस्ताव भएका सिंचाइ योजनाहरुको |
| २.२ नयाँ सिंचाई आयोजना निर्माण | पटक | ० | ९ | १८००० | अनुसूची १ मा संलग्न वडा स्तरीय छलफलबाट प्रस्ताव भएका सिंचाइ योजनाहरु मध्येबाट प्राथमिकताका आधारमा |
| २.३ बैकल्पिक र साना सिंचाई विकास कार्यक्रम | वडा | ० | ९ | १३५०० | आकाशे पोखरी, साना मुहान संरक्षण, संकलन पोखरी सहित पाईप, लिफ्ट सिंचाई आदि) |
| २.४ सिंचाइ कुलो, नहर, सिंचाइ पोखरी मर्मत सम्भार तथा संरक्षण कार्यक्रम | वडा | ० | ९ | १०००० | सबै वडाहरुमा रहेका सिंचाइ योजनाहरु |
| **सिंचाई विकास जम्मा** | | | | **४६०००** | |

| विषय क्षेत्रगत उद्देश्य अनुसार रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत ( रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष (२०८१/०८२) | कूल लक्ष्य (२०८६/०८७) | | |
| **उद्देश्य ३: पशुपंक्षीजन्य उत्पादनको बृद्धि, विविधिकरण र व्यावसायीकरण गर्ने ।** | | | | | |
| ३.१ पशुपालक कृषकहरुलाई उत्पादनशील र वातावरणअनुकूल उन्नत जातका भैंसी, बाखा, भेडा, बंगुर, कुखुरा, हाँस आदि वितरण र प्रवर्द्धन कार्यक्रम | वडा | ० | ९ | ७५०० | सबै वडामा |
| ३.२ नमुना पशुपालन (भैंसी, बाखा, भेडा, बंगुर, कुखुरा) तथा माछापालन फर्म संचालन | स्थान | ० | ९ | ४५०० | |
| ३.३ स्थानीय जातका भैंसी, बाखा, भेडा, कुखुरा आदी संरक्षण र प्रवर्द्धन कार्यक्रम | वडा | ० | ९ | २७०० | सबै वडामा |
| ३.४ मानव पशु अलग घर निर्माण कार्यक्रम (गोठ तथा भकारो सुधार कार्यक्रम) | घरधुरी | १२४ | ६२० | १०००० | सबै वडामा |
| ३.५ पशुपालक कृषक प्रोत्साहन कार्यक्रम | वडा | ० | ९ | ४५० | सबै वडामा |
| ३.६ पशु विमा,पशु आहार, पशु उपचार सेवा सुदृढीकरण (मोबाइल भेट सेवा, नियमित खोप, रोग परीक्षण र औषधि सेवा विस्तार) कार्यक्रम | वडा | ० | ९ | ९०० | सबै वडाहरुमा |
| ३.७ पशुजन्य उद्यम संचालन तथा बजारीकरण कार्यक्रम | स्थान | ० | १ | १०००० | वडा नं २ लिम्सामा |
| ३.८ पशुपालक किसानहरुको क्षमता अभिवृद्धि कार्यक्रम | संख्या | ० | ९ | ४५० | सबै वडाहरुमा |
| **पशु सेवा जम्मा** | | | | **३६५००** | |
| **उद्देश्य ४: पर्यटन प्रवद्धन गर्ने ।** | | | | | |
| ४.१ पर्यटन विकास सम्वन्धी अध्ययन, अनुसन्धान कार्यक्रम | पटक | ० | १ | १५०० | गाउँपालिका |
| ४.२ गाउँपालिकाको साँस्कृतिक तथा प्राकृतिक सम्पदा संरक्षण कार्यक्रम | वडा | ० | ९ | ९००० | सबै वडाहरुमा |
| ४.३ पर्यटन पुर्वाधार तथा मनोरञ्जन स्थल निर्माण कार्यक्रम | संख्या | ० | ४ | २०००० | गाउँपालिकाका चार वटा स्थानहरुमा |
| ४.४ प्रचार प्रसार कार्यक्रम | पटक | | ५ | २५०० | प्रत्येक वर्षमा एक पटक |
| **पर्यटन विकास जम्मा** | | | | **३३०००** | |
| **उद्देश्य ५: उद्योग, व्यापार तथा व्यवसायको सिर्जना गर्ने ।** | | | | | |
| ५.१ घरेलु तथा साना उद्योग स्थापना र संचालन | स्थान | ० | २ | १०००० | बारेकोटको कोशेली को रुपमा बारेकोटको पहिचान बोकेका कृषि, वन तथा पशुजन्य उपजहरु बारेकोटी गाभा, मह, रैथाने अन्न, गेडागुडी अर्गानिक चिया मसला (घोडामर्चा, लाल तुलसी, तेजपत्ता, पुदिना, बाँझखोटी आदी), घिउँ, सुकुटी, राडीपाखी, हस्तकलाका सामाग्रीहरु आदी उत्पादन तथा बजारीकरण |

| विषय क्षेत्रगत उद्देश्य अनुसार रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष (२०८१/०८२) | कूल लक्ष्य (२०८६/०८७) | | |
| ५.२ उद्यमीहरूलाई क्षमता अभिवृद्धि तथा मेसिन उपकरण सहयोग कार्यक्रम | पटक | ० | ५ | १००० | पालिका केन्द्र, लिम्सा |
| ५.३ परम्परागत ज्ञान, सिप र पेशाको संरक्षण (सिलाइ मेशीन, कृषि औजार, छाला जुत्ता, मादल, सारंगी, डोका डाला र पायो बुन्ने सीप) कार्यक्रम | वडा | ० | ९ | ९०० | |
| **उद्योग तथा व्यवसाय** | | | | **११९००** | |
| **उद्देश्य ६: श्रम तथा रोजगारमूलक आयोजना तथा कार्यक्रम प्रवर्द्धन गर्ने ।** | | | | | |
| ६.१ श्रम रोजगार सम्वन्धी अध्ययन, अनुसन्धान तथा योजना निर्माण | पटक | ० | १ | १००० | |
| ६.२ स्थानीय मागअनुसारको व्यवहारिक सीप विकास तालीम कार्यक्रम "कामको माध्यमबाट रोजगारी" कार्यक्रम | वडा | ० | ९ | १८०० | |
| **श्रम तथा रोजगार जम्मा** | | | | **२८००** | |
| **उद्देश्य ७: वित्तीय सेवामा नागरिकको पहुँच बृद्धि गर्ने ।** | | | | | |
| ७.१ वित्तिय शिक्षा कार्यक्रम सञ्चालन | पटक | ० | ५ | १००० | सबै वडाहरुमा |
| ७.२ वित्तिय पहुँच कार्यक्रम संचालन | संख्या | ० | २ | १००० | |
| **वैक तथा वित्तीय सेवा जम्मा** | | | | **२०००** | |
| **आर्थिक विकास कूल जम्मा** | | | | २०६७०० | |

# परिच्छेद ५
# सामाजिक विकास योजना

## ५.१ पृष्ठभूमि

नेपालको संविधानले गुणस्तरीय शिक्षा तथा स्वास्थ्यमा सबैको सहज पहुँच, सामाजिक न्याय र सामाजिक सुरक्षाको यथोचित व्यवस्थापन, स्वस्थ्य तथा सभ्य संस्कृतिको विकास र साँस्कृतिक विविधता कायम राख्दै सम्पदाको संरक्षणलाई राज्यको निर्देशक सिद्धान्त तथा नीतिमा समावेश गरेको छ । संविधानतः शिक्षा, स्वास्थ्य र समावेशीकरणका आधारभूत सवालहरु मौलिक हकको रुपमा स्थापित भइसकेका छन् । नेपालले लिएको दिगो विकास लक्ष्यले सन् २०३० सम्ममा सबैलाई गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्य, स्वच्छ पिउने पानी र सबैखाले विभेदको अन्त्य जस्ता सवालहरुलाई महत्वपूर्ण रुपमा उठान गरेको छ । नेपाल सरकारले तर्जुमा गरेको १६ औं राष्ट्रिय योजनाले समेत सामाजिक विकास गुणस्तरीय जीवन तथा समृद्धिको आधार हो भन्ने कुरालाई मनन गर्दै समतामूलक सामाजिक, आर्थिक तथा साँस्कृतिक संरचना निर्माणमा योगदान गर्दै हरेक नागरिकलाई गुणस्तरीय जीवनयापनको लागि अवसरको वृद्धि गर्ने कुरालाई विशेष महत्वका साथ उठान गरेको छ ।

शिक्षालाई वैज्ञानिक, व्यावसायिक, प्राविधिक, सीपमूलक, रोजगारमूलक एवं जनमूखी बनाउदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने राज्यको मुल नीतिअनुसार संरचनागत तथा नीतिगत आधारहरु परिपक्क बन्दै गएका छन् । सामाजिक न्याय तथा सामाजिक सुरक्षामा सबैको पहुँच कायम गर्दै स्वस्थ तथा सभ्य संस्कृतिको विकास गरी सामाजिक सुसम्बन्धमा आधारित समाजको निर्माण गर्नु आजको मुख्य आवश्यकता रहेको छ । साँस्कृतिक विविधता कायम राख्दै ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन र विकास स्थानीय सरकारको महत्वपुर्ण जिम्मेवारीका रुपमा रहेको देखिन्छ । सामाजिक विकासलाई गुणस्तरीय जीवनयापनको आधारको रुपमा लिई नेपाल सरकार, प्रदेश सरकार र विकास साझेदार संस्थासँगको सहकार्य र समन्वयमा स्थानीय सरकारले अर्थपुर्ण प्रयास गर्नु पर्ने आवश्यकता रहेको छ । बारेकोट गाउँपालिकाको सामाजिक न्याय कायम गर्नका लागि यस क्षेत्रको सोंच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा बजेटलाई देहाय अनुसार प्रस्ताव गरिएको छ ।

## ५.२ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम

यस गाउँपालिकाको शैक्षिक विकास, स्वास्थ्य तथा पोषण, खानेपानी र सरसफाई, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकुद र कला, संस्कृति तथा साहित्य लगायत सामाजिक विकास क्षेत्रको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजनालाई देहायअनुसार प्रस्तुत गरिएको छ ।

### ५.२.१ सोच

गाउँपालिकाको सामाजिक विकास क्षेत्रको सोंच देहायअनुसार रहेको छः

"साँस्कृतिक सम्पदाको संरक्षण- स्वस्थ्य, शिक्षित र समावेशी समाजको निर्माण"

### ५.२.२ लक्ष्य

गाउँपालिकाको सामाजिक विकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

साँस्कृतिक सम्पदाको संरक्षण गर्दै स्वस्थ, सशक्त, शिक्षित, सिर्जनशिल, सीपयुक्त र समावेशी मानव समाज विकास गर्ने ।

### ५.२.३ उद्देश्य

गाउँपालिकाको सामाजिक विकास क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

१. गुणस्तरीय शिक्षा, स्थानीय विशेषता अनुसारको (जीवनउपयोगी) प्राविधिक शिक्षा र खेलकुदको प्रवर्द्धन गर्ने ।

२. पोषण तथा गुणस्तरीय स्वास्थ्य सुविधाको उपलब्धता र उपयोगमा अभिबृद्धि गर्ने ।

३. स्वच्छ खानेपानीको सुविधा र स्वस्थ व्यवहारमा अभिवृद्धी गर्ने ।

४. महिला, दलित, जनजाति, फरक क्षमता भएका, विपन्न, जोखिममा रहेका, विशेष संरक्षणको आवश्यकता भएका वर्गको सशक्तिकरण, सहभागीता र आत्मसम्मानमा अभिबृद्धी गर्ने ।

५. युवाको नवप्रवर्तनशिलता, सक्षमता, उद्यमशिलता र क्रियाशिलता प्रवर्द्धन गर्ने ।

६. स्थानीय सम्पदा, कला, भाषा, साहित्य र संस्कृतिको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्ने ।

### ५.२.४ रणनीति तथा कार्यनीति

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न देहायअनुसारका रणनीति तथा कार्यनीति अबलम्बन गरी सामाजिक विकास सम्बन्धी रणनीतिक कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिनेछ ।

**तालिका ४ : सामाजिक विकास क्षेत्रको रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: गुणस्तरीय शिक्षा, स्थानीय विशेषता अनुसारको (जीवनउपयोगी) प्राविधिक शिक्षा र खेलकुदको प्रवर्द्धन गर्ने ।** | |
| १. शिक्षाको गुणस्तर सुधार र पहुँच विस्तार | १.१ विद्यालय पूर्वाधारको स्तरोन्नति (शौचालय, खानेपानी, ICT प्रयोगशाला आदि) गर्ने ।<br>१.२ शिक्षकहरूको क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्ने ।<br>१.३ डिजिटल शिक्षाको प्रवर्द्धन (Smart classroom, e–learning सामग्रीहरू) गर्ने ।<br>१.४ बालमैत्री, लैंगिक-संवेदनशील र समावेशी सिकाइ वातावरणको प्रवर्द्धन गर्ने । |
| २. स्थानीय विशेषता र आवश्यकतालाई सम्बोधन गर्ने जीवन उपयोगी प्राविधिक शिक्षा प्रवर्द्धन | २.१ स्थानीय स्रोत-साधनअनुसार सीपमूलक तथा व्यावसायिक तालिम सञ्चालन ( जस्तैः कृषि, पशुपालन, सिलाइ-बुनाइ, जडीबुटी प्रशोधन) गर्ने ।<br>२.२ विद्यालय स्तरमै व्यवसायिक शिक्षा पाठ्यक्रम समावेश गर्ने ।<br>२.३ प्राविधिक शिक्षामा निजी क्षेत्र/संघसंस्था/CTEVT सँग सहकार्य गर्ने ।<br>२.४ युवा तथा किशोर-किशोरी लक्षित लघु व्यवसाय प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने । |
| ३. खेलकुदको प्रवर्द्धन र प्रतिभा विकास | ३.१ विद्यालय स्तरीय खेलमैदान तथा आधारभूत खेल पूर्वाधार विकास गर्ने ।<br>३.२ विद्यालय तथा सामुदायिक स्तरमा नियमित खेलकुद प्रतियोगिता आयोजन गर्ने ।<br>३.३ बालबालिका र युवा लक्षित खेल प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने ।<br>३.४ खेलकुद प्रतिभा छनोट, अभिलेखीकरण तथा प्रोत्साहन गर्ने । |

| रणनीति | कार्यनीति |
|---|---|
| ४. शिक्षामा समावेशिता र निरन्तरताको सुनिश्चितता | ४.१ विपन्न, दलित, जनजाति, अपाङ्गता भएका विद्यार्थीका लागि छात्रवृत्ति र पोषण कार्यक्रम संचालन गर्ने ।<br>४.२ विद्यालय फिर्ता कार्यक्रम (School Re–entry Program) सञ्चालन गर्ने ।<br>४.३ अभिभावक र समुदाय संलग्न गराई विद्यालयमैत्री वातावरण बनाउने ।<br>४.४ बालबालिका श्रम रोकथाम र बालविवाह न्यूनीकरणका लागि शिक्षामार्फत सचेतना कार्यक्रम संचालन गर्ने । |
| **उद्देश्य २: पोषण तथा गुणस्तरीय स्वास्थ्य सुविधाको उपलब्धता र उपयोगमा अभिबृद्धि गर्ने ।** | |
| १. सामुदायिक स्वास्थ्य सेवामा पहुँच विस्तार | १.१ दुर्गम बस्तीहरूमा मोबाइल स्वास्थ्य क्लिनिक/स्वास्थ्य शिविर सञ्चालन गर्ने ।<br>१.२ स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य केन्द्रहरूको पूर्वाधार, औषधि, उपकरण र जनशक्ति सुधार गर्ने ।<br>१.३ टोल/वडा तहमा महिला स्वास्थ्य स्वयम्सेविकाको परिचालनलाई मजबुत पार्ने । |
| २. पोषण साक्षरता र आहार व्यवहार सुधार | २.१ गर्भवती महिला, सुत्केरी, शिशु र किशोरी लक्षित पोषण शिक्षा कार्यक्रम सञ्चालन गर्ने (आहार तालिका, खानेकुरा तयारी विधि, स्तनपानको महत्व आदि) ।<br>२.२ विद्यालय, बाल क्लब र महिला समूहमार्फत पोषण दिवस, किचन गार्डेन, र स्थानीय पोषण समाग्री प्रयोगमा अभिमुखीकरण गर्ने ।<br>२.३ कुपोषित बालबालिकाको पहिचान, निगरानी र पुनर्स्थापना सेवाहरू ( सामुदायिक पोषण कार्यक्रम) सशक्त बनाउने । |
| ३. गुणस्तरीय स्वास्थ्य सेवाको प्रत्याभूति | ३.१ स्वास्थ्य संस्थाहरूमा सेवा गुणस्तर मूल्याङ्कन गर्ने र सेवामा उत्तरदायित्व बढाउने व्यवस्था मिलाउने ।<br>३.२ चिकित्सक, स्वास्थ्यकर्मी, ल्याब/फार्मेसी सेवा लगायतका क्षेत्रमा दक्ष जनशक्ति तैनाथ गर्ने तथा नियमित तालिम दिने ।<br>३.३ टेलिमेडिसिन सेवा र डिजिटल रेकर्ड व्यवस्थापन प्रणाली विस्तार गर्ने, विशेष गरी दुर्गम क्षेत्रका लागि । |
| ४. स्वास्थ्य तथा पोषणमा स्थानीय सरकार, समुदाय र साझेदारहरूको समन्वय | ४.१ पोषण सुधार तथा मातृ-शिशु स्वास्थ्यका लागि बहुक्षेत्रीय समन्वय (शिक्षा, कृषि, खानेपानी, महिला विकास, विषय क्षेत्र समवन्धित गैसस/अगैसस आदि) गर्ने ।<br>४.२ स्थानीय बजेटमा पोषण तथा प्राथमिक स्वास्थ्यलाई प्राथमिकतामा राख्ने र पारदर्शी योजना निर्माण गर्ने ।<br>४.३ गम्भीर रोगहरूको निःशुल्क उपचार कार्यक्रम, स्वास्थ्य बीमा प्रवर्द्धन र अपाङ्गता, जेष्ठ नागरिक स्वास्थ्य कार्यक्रमलाई सशक्त बनाउने । |
| **उद्देश्य ३: स्वच्छ खानेपानीको सुविधा र स्वस्थ व्यवहारमा अभिवृद्धी गर्ने ।** | |
| १. सुरक्षित र पर्याप्त खानेपानीको पहुँच विस्तार | १.१ खानेपानीका मुहानहरुको पहिचान गरी संरक्षण गर्ने ।<br>१.२ स्वच्छ तथा सुरक्षित खानेपानी उपलब्ध गराउन खानेपानीको गुणस्तर परीक्षण लागि आवश्यक प्रबन्ध मिलाउने ।<br>१.३ विद्यमान खानेपानी आयोजनाको निरन्तरता, संरक्षण र मर्मतसंभारको व्यवस्था |

| रणनीति | कार्यनीति |
|---|---|
| | गर्ने ।<br>१.४ स्थानीय स्तरमा खानेपानी र सरफाई सम्बन्धी प्राविधिक जनशक्ति उत्पादन र परिचालन गर्ने । |
| २. सरसफाइ र स्वच्छता सम्बन्धी जनचेतना अभिवृद्धि | २.१ विद्यालय, टोल तथा समुदायमा नियमित रूपमा स्वच्छता तथा सरसफाइ अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।<br>२.२ व्यक्तिगत सरसफाइ (हात धुने अभ्यास, दाँत माझ्ने, नङ काट्ने) र सुरक्षित खाद्य व्यवहारमा अभिप्रेरणा दिने ।<br>२.३ फोहोरमैला व्यवस्थापन प्रणाली विकास गर्ने (घरमै कम्पोस्ट बनाउन प्रोत्साहन गर्ने) ।<br>२.४ स्वच्छता तथा सरसफाइ सम्बन्धी सचेतनामूलक सामाग्रीको प्रकाशन र वितरण गर्ने । |
| ३. पानीजन्य रोग नियन्त्रणका लागि पूर्वतयारी र प्रतिकार क्षमता विकास | ३.१ डाइरिया, हैजा, टाइफाइडजस्ता रोगहरूको रोकथाम तथा तत्काल उपचार प्रणाली सुदृढ गर्ने ।<br>३.२ जोखिम क्षेत्रमा WHO निर्देशिका अनुसार chlorine use water purification tablets वितरण गर्ने ।<br>३.३ विपद् पूर्वतयारीको रूपमा पानी तथा सरसफाइ योजनाको आपतकालीन योजना तयार गर्ने । |
| **उद्देश्य ४: महिला, दलित, जनजाति, फरक क्षमता भएका, विपन्न, जोखिममा रहेका, विशेष संरक्षणको आवश्यकता भएका वर्गको सशक्तिकरण, सहभागीता र आत्मसम्मानमा अभिबृद्धी गर्ने ।** | |
| १. सामाजिक समावेशिता र समान अवसरको सुनिश्चिता | १.१ नीतिगत तहमा समावेशी सहभागिता सुनिश्चित गर्न कोटा वा प्रतिनिधित्व सुनिश्चित गर्ने ।<br>१.२ सार्वजनिक सेवा, योजना निर्माण र निर्णय प्रक्रियामा सीमान्तकृत समुदायको सक्रिय सहभागिता प्रोत्साहन गर्ने ।<br>१.३ अपाङ्गता भएका व्यक्तिको पहुँचयुक्त पूर्वाधार निर्माण (ramp, accessible toilet आदि) गर्ने । |
| २. सीप विकास र आत्मनिर्भरता प्रवर्द्धन | २.१ महिला, दलित, जनजाति, अपाङ्गता भएका र विपन्न वर्गका लागि निःशुल्क वा अनुदानमा सीपमूलक तालिम (सिलाई, कृषि, IT, व्यवसाय) संचालन गर्ने ।<br>२.२ स्वरोजगारमूलक तथा लघु उद्यमहरु संचालन गर्ने ।<br>२.३ सामूहिक उत्पादन र बजार पहुँच प्रवर्द्धनका लागि सहकारी वा उद्यम समूह गठन गर्ने । |
| ३. लैंगिक तथा सामाजिक भेदभाव अन्त्य गर्न सचेतना र कानुनी पहुँच प्रवर्द्धन | ३.१ लैंगिक हिंसा, छुवाछुत, बालविवाह, घरेलु हिंसाविरुद्ध सामुदायिक स्तरमा सचेतना अभियान सञ्चालन गर्ने ।<br>३.२ पीडितमैत्री सेवा केन्द्र (One–stop Crisis Center), कानुनी सल्लाह तथा अभिभावकत्व सहायता सेवा उपलव्ध गराउने ।<br>३.३ स्थानीय सुरक्षा संयन्त्रमा महिलाको भूमिका सशक्त पार्ने (महिला प्रहरी , महिला समूहहरू) । |
| ४.शिक्षा, स्वास्थ्य र सामाजिक | ४.१ सीमान्तकृत वर्गका बालबालिका र किशोरीहरूका लागि छात्रवृत्ति तथा पोषण |

| रणनीति | कार्यनीति |
|---|---|
| सुरक्षामा पहुँच विस्तार | कार्यक्रम सञ्चालन गर्ने ।<br>४.२ सामाजिक सुरक्षा भत्ता कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन (अपाङ्गता, जेष्ठ नागरिक, एकल महिला, कुपोषित बालबालिका) गर्ने ।<br>४.३ प्रजनन स्वास्थ्य, लैंगिक स्वास्थ्य अधिकार र मानसिक स्वास्थ्य सेवा प्रवर्द्धन गर्ने । |
| **उद्देश्य ५: युवाको नवप्रवर्तनशिलता, सक्षमता, उद्यमशिलता र क्रियाशिलता प्रवर्द्धन गर्ने ।** | |
| १. युवा लक्षित सीप र नेतृत्व क्षमता विकास गर्ने | १.१ युवाहरूलाई दक्ष जनशक्ति बनाउने सीपमूलक, प्राविधिक र व्यावसायिक तालिम सञ्चालन (कृषि, IT, पर्यटन आदि) ।<br>१.२ नेतृत्व, संवाद, नवप्रवर्तन र डिजिटल क्षमतामा आधारित प्रशिक्षण कार्यक्रम सञ्चालन ।<br>१.३ युवा क्लबहरू, बाल क्लबहरू र नवप्रवर्तन समूहहरूलाई सशक्त पार्ने र संरचना निर्माण गर्ने । |
| २. युवा उद्यमशीलता र नवप्रवर्तनलाई प्रोत्साहन | २.१ राष्ट्रियस्तरका सफल युवा उद्यमीहरुका अनुभव स्थानीय युवाहरु माझ आदान प्रदान गरी उद्यमतर्फ अभिप्रेरित गर्ने ।<br>२.२ व्यवसायिक परामर्श, मार्केट लिङ्केज र प्राविधिक सहयोग प्रवाह गर्ने ।<br>२.३ युवा उद्यमशिलता अभिवृद्धि गर्न संघीय र प्रादेशिक कार्यक्रमसँग तादम्यता मिलाई स्थानीय स्तरमा उद्यमशिलता बिकास कार्यक्रम गर्ने । |
| ३. युवाको सामाजिक उत्तरदायित्व र स्वेच्छिक क्रियाशीलता प्रवर्द्धन गर्ने | ३.१ वातावरण संरक्षण, लैङ्गिक समानता, विपद् व्यवस्थापन, शिक्षा लगायत सामाजिक सेवामा युवा परिचालन ।<br>३.२ समुदायस्तरमा विकृति विसंगति विरुद्ध युवा स्वयंसेवक परिचालन कार्यक्रम सञ्चालन गर्ने ।<br>३.३ युवालाई नीति निर्माण, योजना, अनुगमनमा सहभागी गराउने प्रणाली विकास गर्ने ।<br>३.४ युवालाई श्रम बजारमा सहभागिता गराउने र रोजगारी सिर्जना गर्ने । |
| **उद्देश्य ६: स्थानीय सम्पदा, कला, भाषा, साहित्य र संस्कृतिको संरक्षण, सम्बर्धन र प्रवर्द्धन गर्ने ।** | |
| १. स्थानीय सांस्कृतिक सम्पदाको अभिलेखीकरण र संरक्षण । | १.१ मौखिक इतिहास, लोककथा, गीत, संस्कार र परम्पराको अभिलेखीकरण गर्ने कार्यक्रम सञ्चालन गर्ने ।<br>१.२ पुरातात्त्विक, धार्मिक र सांस्कृतिक सम्पदाको संरक्षण तथा पुनःनिर्माण कार्य अगाडि बढाउने ।<br>१.३ स्थानीय सम्पदा र संस्कृतिको डिजिटल अभिलेखीकरण (फोटो, भिडियो, ध्वनि आदि) गर्ने । |
| २.स्थानीय भाषा, कला र साहित्यको प्रयोग तथा सिकाइलाई प्रोत्साहन गर्ने । | २.१ स्थानीय पाठ्यक्रममा स्थानीय भाषा, कला र लोकसाहित्य समावेश गर्न पहल गर्ने ।<br>२.२ बाल क्लब, युवा समूह र सामुदायिक संस्थामार्फत भाषा तथा साहित्य सम्बन्धी सिर्जनात्मक कार्यक्रम सञ्चालन गर्ने ।<br>२.३ स्थानीय कलाकार तथा साहित्यकारलाई सम्मान तथा प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गर्ने । |
| ३. सांस्कृतिक गतिविधि र | ३.१ वार्षिक रुपमा सांस्कृतिक महोत्सव, नाटक, गीत प्रतियोगिता तथा प्रदर्शनी |

| रणनीति | कार्यनीति |
|---|---|
| महोत्सवमार्फत प्रवर्द्धन गर्ने । | आयोजना गर्ने ।<br>३.२ स्थानीय पहिरन, खाना, हस्तकला आदि प्रस्तुत गर्ने प्रदर्शनी कार्यक्रम सञ्चालन गर्ने ।<br>३.३ समुदायस्तरमा विभिन्न जातजातीका मौलिक पर्वहरू सामूहिक रूपमा मनाउने वातावरण बनाउने । |
| ४.संस्कृति तथा सम्पदालाई पर्यटन र स्थानीय अर्थतन्त्रसँग जोड्ने । | ४.१ स्थानीय सम्पदाभित्र केन्द्रित सांस्कृतिक पर्यटन कार्यक्रम (heritage trail, homestay) विकास गर्ने ।<br>४.२ स्थानीय हस्तकला उत्पादन र बिक्रीका लागि सहकारी वा व्यवसायिक समूह गठन गर्ने ।<br>४.३ पर्यटन गन्तव्यमा स्थानीय संस्कृति झल्किने संकेत, सूचना बोर्ड र मार्गनिर्देशन व्यवस्था गर्ने । |

## ५.३ सामाजिक विकास क्षेत्रको प्रमुख कार्यक्रम तथा लागत अनुमान

आवधिक योजनाको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, नीजि क्षेत्र, प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधिमा प्राथमिकता प्रस्तुत रणनीतिक कार्यक्रम तथा आयोजना संचालन गरिनेछ । सामाजिक क्षेत्रको प्रमुख कार्यक्रम तथा आयोजना, भौतिक लक्ष्य, कार्यक्रम गर्ने स्थान, तथा अनुमानित लागत देहायबमोजिमको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५ : सामाजिक विकास क्षेत्रका प्रमुख कार्यक्रम तथा लागत अनुमान**

| विषय क्षेत्रगत उद्देश्य अनुसार रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष (२०८१/०८२) | कूल लक्ष्य (२०८६/०८७) | | |
| **उद्देश्य १: गुणस्तरीय शिक्षा, स्थानीय विशेषता अनुसारको (जीवनउपयोगी) प्राविधिक शिक्षा र खेलकुदको प्रवर्द्धन गर्ने ।** | | | | | |
| १.१ भुकम्प प्रभावित सामुदायिक विद्यालय भवन निर्माण, मर्मत तथा घेराबार | विद्यालय | ० | ५३ | ५३००० | ४४ वटा विद्यालयहरु र ९ वटा सामुदायिक बाल विकास केन्द्रहरु |
| १.२ सामुदायिक विद्यालयहरुको पूर्वाधारको स्तरोन्नति (शौचालय, खानेपानी, ICT प्रयोगशाला आदि) | विद्यालय | ० | ५३ | ५३०० | शौचालय, खानेपानी सबै विद्यालयमा र ICT प्रयोगशाला माध्यमिक र प्लस टु संचालन भएका विद्यालयहरुमा |
| १.३ शिक्षकहरुको क्षमता विकास तथा शैक्षिक भ्रमण कार्यक्रम ( गाउँपालिका शिक्षा शाखाका कर्मचारी, शिक्षक, विद्यार्थी अभिभावक र विद्यार्थी सम्मिलित) | पटक | ० | ५ | २५०० | देश भित्र संचालन भएका विभिन्न नमुना सामुदायिक विद्यालयहरुमा भ्रमण गरी सिकाइ आदान प्रदान |
| १.४ डिजिटल शिक्षाको प्रवर्द्धन ( Smart classroom, e–learning सामग्रीहरू) | विद्यालय | ० | ८ | ८०० | माध्यमिक विद्यालयहरुमा |
| १.५ बालविकास केन्द्र सबलीकरण कार्यक्रम | बालविकास केन्द्र | ० | ५३ | २००० | बाल विकास केन्द्रहरु |
| १.६ बालमैत्री, लैंगिक-संवेदनशील र समावेशी सिकाइ वातावरणको प्रवर्द्धन | विद्यालय | ० | ५३ | १००० | माध्यमिक विद्यालय |

| विषय क्षेत्रगत उद्देश्य अनुसार रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष (२०८१/०८२) | कूल लक्ष्य (२०८६/०८७) | | |
| १.७ स्थानीय स्रोत-साधनमा आधारीत सीपमूलक तथा व्यावसायिक तालिम सञ्चालन ( जस्तैः कृषि, पशुपालन, सिलाइ-बुनाइ, जडीबुटी प्रशोधन) | विद्यालय | ० | ८ | ८०० | माध्यमिक विद्यालयहरुमा |
| १.८ CTEVT संगको समन्वयमा स्थानीय विशेषता अनुसारको जीवनपयोगी व्यवसायिक शिक्षा ( प्राविधिक धार) संचालन | विद्यालय | ० | २ | ४००० | दुइ वटा माध्यमिक विद्यालयहरुमा |
| १.९ विद्यालय खेल मैदान, खेल पुर्वाधार, नियमित खेलकुद प्रतियोगिता आयोजना, खेलकुद प्रतिभा छनोट, अभिलेखीकरण तथा प्रोत्साहन कार्यक्रम | विद्यालय | १ | ९ | १०००० | सवै वडामा |
| १.१० विपन्न, दलित, जनजाति, अपाङ्गता भएका विद्यार्थीका लागि छात्रवृत्ति र पोषण कार्यक्रम | विद्यालय | ० | ५३ | २५०० | सबै विद्यालयहरुमा |
| १.११ क्याम्पसको स्तरोन्नति कार्यक्रम | संख्या | ० | १ | ५००० | क्याम्पसको |
| १.१२ शैक्षिक योजना, अध्ययन तथा अनुसन्धान कार्यक्रम | पटक | ० | १ | २००० | |
| **शैक्षिक विकास जम्मा** | | | | ८८९०० | |
| **उद्देश्य २: पोषण तथा गुणस्तरीय स्वास्थ्य सुविधाको उपलब्धता र उपयोगमा अभिबृद्धि गर्ने ।** | | | | | |
| २.१ स्वास्थ्य सेवा विस्तार तथा सुदृढीकरण कार्यक्रम (प्रयोगशाला, कम्प्युटर, इन्टरनेट र पावर व्याकअप सुविधा, कोल्डचेन मेन्टेन गर्न रेफ्रिजरेटर, अक्सिजन रिफिल, एक्स रे मेशिन, औषधी खरिद आदी) | स्वास्थ्य संस्था | | १० | ८००० | नेपाल सरकारले तोकेको मापदण्ड अनुसार उपकरण र नि शुल्क औषधीको व्यवस्था मिलाउने |
| २.२ स्वास्थ्य संस्था पूर्वाधार विकास कार्यक्रम (भवन, खानेपानी, शौचालय, प्रतिक्षालय, वर्थिङ सेन्टर, वैठक तथा तालिम कक्ष, आइसोलेशन वार्ड, करेशा बारी, वगैचा) | स्वास्थ्य संस्था | | ५ | २५००० | प्राथमिकताका आधारमा |
| २.३ स्वास्थ्य शिक्षा, सुरक्षित मातृत्व र पोषण कार्यक्रम | स्वास्थ्य संस्था | ९ | ९ | १००० | गर्भवती र सुत्केरी आमा तथा बच्चालाई लक्षित गर्ने |
| २.४ दुर्गम बस्तीहरूमा मोबाइल स्वास्थ्य क्लिनिक/स्वास्थ्य शिविर सञ्चालन | पटक | ० | १० | २००० | पालिकाका दुर्गम वस्तीहरुमा |
| २.५ स्वास्थ्यकर्मी क्षमता विकास तथा मनोसामाजिक सहजकर्ता तालिम कार्यक्रम | पटक | ० | ५ | १००० | |
| २.६ आयुवेद औषधालय संचालन, स्थानीय जडिबुटीबारे अध्ययन तथा योग कक्षा संचालन | पटक | ० | ५ | ४००० | लिम्सा |

| विषय क्षेत्रगत उद्देश्य अनुसार रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष (२०८१/०८२) | कूल लक्ष्य (२०८६/०८७) | | |
| **स्वास्थ्य तथा पोषण जम्मा** | | | | ४१००० | |
| **उद्देश्य ३: स्वच्छ खानेपानीको सुविधा र स्वस्थ व्यवहारमा अभिवृद्धी गर्ने ।** | | | | | |
| ३.१ खानेपानी आयोजना निर्माण, आयोजना मर्मत सुधार कार्यक्रम | वडा | ० | ९ | ३०००० | अनुसूची १ मा संलग्न गरीएका वडा स्तरीय छलफलबाट प्रस्ताव गरिएका खानेपानी आयोजनाहरु प्राथमिकता अनुसार |
| ३.२ स्वच्छता, स्वच्छ व्यवहार र स्वच्छ खानेपानी बारे जनचेतना कार्यक्रम | वडा | ० | ९ | १८०० | सबै वडाहरुमा |
| **खानेपानी तथा सरसफाई जम्मा** | | | | ३१८०० | |
| **उद्देश्य ४: महिला, दलित, जनजाति, फरक क्षमता भएका, विपन्न, जोखिममा रहेका, विशेष संरक्षणको आवश्यकता भएका वर्गको सशक्तिकरण, सहभागीता र आत्मसम्मानमा अभिबृद्धी गर्ने ।** | | | | | |
| ४.१ लक्षित वर्ग सशक्तीकरण तथा स्वरोजगार कार्यक्रम | वडा | ० | ९ | ४५०० | सबै वडाहरुमा |
| ४.२ महिला समूह, सहकारी तथा टोल विकास संस्था सुदृढीकरण कार्यक्रम | वडा | ० | ९ | २७०० | |
| ४.३ बाल विकास कार्यक्रम | वडा | ० | ९ | १८०० | |
| ४.४ जोखिममा परेका महिला वालवालिका लागि पुर्नस्थापना केन्द्र स्थापना र सञ्चालन | संख्या | ० | १ | २००० | |
| ४.५ हिंसा पीडित संरक्षण कोष स्थापना र संचालन | पटक | ० | १ | १००० | कार्यविधि स्वीकृत गरी संचालन गर्ने |
| ४.६ अन्तरपुस्ता अनुभव हस्तान्तरण तथा सम्मान कार्यक्रम | पटक | | ५ | २००० | सबै वडाका ज्येष्ठ नागरिकलाई समेट्ने |
| ४.७ ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र संचालन | संख्या | | ९ | ४५०० | सबै वडाहरुमा |
| **सशक्तिकरण तथा समावेशीकरण जम्मा** | | | | १८५०० | |
| **उद्देश्य ५: युवाको नवप्रवर्तनशिलता, सक्षमता, उद्यमशिलता र क्रियाशिलता प्रवर्द्धन गर्ने ।** | | | | | |
| ५.१ युवा पुनःर्स्थापना, परामर्श, उद्यमशीलता स्वरोजगार, क्षमता विकास कार्यक्रम | वडा | ० | ९ | ९००० | सबै वडामा |
| ५.२ खेलकुद पूर्वाधार निर्माण, स्तरोन्नति तथा खेलकुद प्रतियोगिता संचालन | वडा | | ९ | १५००० | |
| ५.३ लागुपदार्थ दुर्व्यसन विरुद्ध सचेतना तथा निगरानी कार्यक्रम | पटक | ० | ५ | ५०० | सबै वडाहरुमा |
| ५.४ सेवा आयोग कक्षा संचालन | जना | ० | १०० | १२०० | पछाडि परेको समुदाय तथा विपन्नलाई केन्द्रित गर्ने |
| **युवा तथा खेलकुद जम्मा** | | | | २५७०० | |

| विषय क्षेत्रगत उद्देश्य अनुसार रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष (२०८१/०८२) | कूल लक्ष्य (२०८६/०८७) | | |
| **उद्देश्य ६: स्थानीय सम्पदा, कला, भाषा, साहित्य र संस्कृतिको संरक्षण, सम्बर्धन र प्रवर्द्धन गर्ने ।** | | | | | |
| ६.१ साँस्कृतिक सम्पदाहरुको पहिचान, अध्ययन, अनुसन्धान, अभिलेखन तथा प्रवर्द्धन कार्यक्रम | पटक | ० | १ | २००० | |
| ६.२ सांस्कृतिक महोत्सव, नाटक, गीत, कविता, कथालेखन, स्थानीय पहिरन, खाना, हस्तकला प्रवर्द्धन कार्यक्रम | पटक | ० | ५ | १००० | |
| ६.३ बारेकोट संग्रालय र संस्कृति कला केन्द्रको स्थापना | संख्या | ० | १ | ५००० | |
| ६.४ साँस्कृतिक सम्पदा संरक्षण, पूर्वाधार निर्माण र सुधार कार्यक्रम (मन्दिर, थान, नाचगान, मेलापर्व, कुलपुजाइ, धामीनाच, देउतामान्ने पर्व, अन्य चाडपर्वहरु) | वडा | ० | ९ | १८००० | सबै वडामा रहेका सम्पदाहरु |
| ६.५ स्थानीय कलाकार तथा साहित्यकारलाई सम्मान तथा प्रोत्साहन | पटक | ० | ५ | १००० | |
| **स्थानीय सम्पदा, कला, सस्कृती जम्मा** | | | | २७००० | |
| **सामाजिक विकास क्षेत्र जम्मा** | | | | २३२९०० | |

## परिच्छेद ६

# भौतिक विकास योजना

### ६.१ पष्ठभूमि

कुनै पनि स्थान/क्षेत्रको समष्टिगत आर्थिक, सामाजिक र भौतिक सेवा तथा सुविधा प्रवाह गर्न भौतिक पूर्वाधार विकास क्षेत्रको भूमिका प्राथमिक तथा महत्वपूर्ण हुन्छ । भौतिक पूर्वाधारको विकासले अन्तरआवद्धता र अन्तरसम्बन्ध विकास तथा विस्तार हुने र सो मार्फत बजार सूचना, सेवा सुविधाको स्तर, पहुँच र उपयोग जस्ता विकासको नतिजा हासिल गर्न प्रत्यक्ष योगदान पुग्दछ । तर पूर्वाधार विकास र विस्तारबाट दिगो लाभ लिन पूर्वाधारको दिगो निर्माण र संचालनका साथसाथै यसबाट वातावरणमा पर्ने नकारात्मक असरलाई न्यूनीकरण गर्न संरक्षणका उपायहरुको अवलम्बन जरुरत पर्दछ । गाउँपालिकाको विकास प्रयासलाई योजनाबद्ध र व्यवस्थित रुपमा संचालन गरी सामाजिक, आर्थिक र वातावरणीय स्थितिमा दिगो सुधार गर्न भौतिक पूर्वाधार विकासले विकास प्रतिफलको प्रवेशद्धारको रुपमा कार्य गर्दछ ।

अन्तरराष्ट्रिय प्रतिवद्धता प्रस्तुत दिगो विकास लक्ष्यले समावेशी र दिगो शहरीकरण गर्ने गरी आवासको व्यवस्था गर्ने, गरिबीलाई कम गर्ने तथा सबैलाई हरियाली र खुल्ला ठाउँहरु उपलब्ध गराउने लक्ष्य निर्धारण गरेको छ । यसै लक्ष्य अनुरुप भूउपयोग योजना अनुसार योजनाबद्ध र व्यवस्थित पूर्वाधारको विकास द्रुत गतिमा गर्ने, बढी फलदायी र वातावरणमैत्री आयोजना कार्यान्वयन गर्ने, निर्धारित समय, लागत र गुणस्तरमा सम्पन्न गर्ने गरी भौतिक पूर्वाधार विकासका आयोजनाको छनौट र कार्यान्वयन गर्न जरुरी छ ।

उपरोक्त पृष्ठभूमिमा आधारित भई विकास प्रतिफललाई गाउँपालिकाको दीर्घकालिन सोच र लक्ष्य तर्फ उन्मुख गराउन तथा अपेक्षित नतिजा हासिल गर्न पूर्वाधार विकास क्षेत्रमा मूलतः आवास तथा वस्ती विकास, सडक, पुल तथा यातायात, विद्युत तथा वैकल्पिक उर्जा र सूचना, संचार र प्रविधि जस्ता विषय क्षेत्रको विकास, विस्तार र दिगो संचालन सम्बन्धी विश्लेषण र विकासको मार्गचित्र यस योजनामा समावेश गरिएको छ । गाउँपालिकाको पूर्वाधार विकास क्षेत्रको विद्यमान अवस्था, संभावना र अवसर, समस्या तथा चूनौति र चाल्नु पर्ने कदम सहित संक्षिप्त विश्लेषण देहायअनुसार गरिएको छ ।

### ६.२ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम

यस गाउँपालिकाको आवास, वस्ती, भवन तथा शहरी विकास, सडक तथा यातायात, विद्युत र वैकल्पिक उर्जा, सूचना तथा संचार प्रविधि लगागत स्थानीय तहको लागि उपलब्ध पूर्वाधार विकास सम्बन्धी योजनाको सोंच, लक्ष्य, उद्धेश्य, रणनीति तथा प्रमुख कार्यक्रमलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

#### ६.२.१ सोच

गाउँपालिकाको पूर्वाधार विकास क्षेत्रको सोंच देहायअनुसार रहेको प्रस्तुत छः

“योजनावद्ध, गुणस्तरीय र वातावरणमैत्री पूर्वाधार”

#### ६.२.२ लक्ष्य

गाउँपालिकाको पूर्वाधार विकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

सडक, बिद्युत, भवन, आवास, बजार र संचार सुविधा सुरक्षित र व्यवस्थित बनाउने ।

#### ६.२.३ उद्देश्य

गाउँपालिकाका पूर्वाधार विकास क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्ः

१. सुरक्षित र व्यवस्थित वस्ती, आवास र बजार सुविधामा अभिबृद्धि गर्ने ।

२. सुरक्षित सडक र यातायात पूर्वाधारको विकास र विस्तार गर्ने ।

३. विद्युत र स्वच्छ उर्जाको उपलब्धता, गुणस्तर र उपयोगमा बृद्धि गर्ने ।

४. सूचना तथा संचार पुर्वाधारको निर्माण, गुणस्तरीयता र उपयोगमा बृद्धि गर्ने ।

### ६.२.४ रणनीति तथा कार्यनीति

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न देहायअनुसारका रणनीति तथा कार्यनीति अबलम्बन गरी पूर्वाधार विकास सम्बन्धी रणनीतिक कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिनेछ :

**तालिका ६: पुर्वाधार विकास क्षेत्रको रणनीति र कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : सुरक्षित र व्यवस्थित वस्ती, आवास र बजार सुविधामा अभिबृद्धि गर्ने ।** | |
| १. सुरक्षित र भूकम्प प्रतिरोधी भवन निर्माण प्रवर्द्धन गर्ने | १.१ भवन निर्माणमा राष्ट्रिय भवन संहिता (NBC) पालन अनिवार्य बनाउने<br>१.२ भवन निर्माणपूर्व इन्जिनियरिङ डिजाइन स्वीकृति प्रक्रिया सरल र अनिवार्य बनाउने ।<br>१.३ स्थानीय जनशक्तिलाई सुरक्षित भवन निर्माण सम्बन्धी तालिम प्रदान गर्ने । |
| २. वस्ती व्यवस्थापन र पुनःस्थापना कार्यक्रम सञ्चालन गर्ने | २.१ जोखिमयुक्त क्षेत्रको पहिचान गरी सुरक्षित स्थानमा स्थानान्तरण कार्यक्रम सञ्चालन गर्ने ।<br>२.२ सामूहिक आवास योजनाहरू (cluster housing) विकास गर्ने ।<br>२.३ वातावरणीय प्रभाव मूल्यांकनको आधारमा वस्ती पुनः स्थापनाको योजना बनाउने । |
| ३. व्यवस्थित र आधुनिक बजार पूर्वाधार विकास गर्ने | ३.१ स्थानीय उत्पादनलाई प्राथमिकता दिँदै व्यवस्थित बजारस्थल निर्माण गर्ने ।<br>३.२ बजार क्षेत्रभित्र शौचालय, ढल व्यवस्थापन, बत्ती, पानीजस्ता आधारभूत पूर्वाधार सुनिश्चित गर्ने । |
| **उद्देश्य २: सुरक्षित सडक र यातायात पूर्वाधारको विकास र विस्तार गर्ने ।** | |
| १. प्राथमिक स्तरका कच्ची सडकहरूको गुणस्तर सुधार र स्तरोन्नति गर्ने | १.१ वर्षायाममा सञ्चालन गर्न सकिने गरी कच्ची सडकहरूमा ग्राभेल, ढल र नाली निर्माण गर्ने ।<br>१.२ सडक सुधारमा स्थानीय निर्माण सामग्री र श्रमिकको प्रयोगमार्फत लागत न्यून गर्ने ।<br>१.३ जोखिमयुक्त सडक खण्डमा तटबन्ध, ग्याबियन पर्खाल, तथा नाली निर्माणलाई प्राथमिकता दिने । |
| २. गाउँगाउँमा पहुँच पुऱ्याउने सडक सञ्जाल विस्तार गर्ने | २.१ वडा कार्यालय, बस्ती, विद्यालय, स्वास्थ्य चौकी तथा कृषि उत्पादन क्षेत्रसम्म सडक विस्तार गर्ने योजना बनाउने ।<br>२.२ स्थानीय जनश्रम, उपभोक्ता समिति र साझेदारी कार्यक्रम मार्फत सडक निर्माण कार्य सञ्चालन गर्ने ।<br>२.३ सामुदायिक मागका आधारमा प्राथमिकताक्रम निर्धारण गरी चरणबद्ध सडक विस्तार गर्ने । |

| रणनीति | कार्यनीति |
|---|---|
| ३. सडक प्रयोगमा सुरक्षा र वातावरणीय प्रभाव न्यूनीकरण गर्ने | ३.१ जोखिमयुक्त स्थानको पहिचान गरी मर्मत, चिन्हांकन र सुरक्षा उपायहरू अपनाउने ।<br>३.२ सडक आसपासको भूक्षय रोक्न वनस्पति रोपण तथा पानी निकास व्यवस्थापन गर्ने ।<br>३.३ वातावरणीय प्रभाव मूल्यांकन (IEE/EIA) अनिवार्य गरी दीगो सडक निर्माणमा जोड दिने । |
| ४. यातायात सेवामा पहुँच अभिवृद्धि गर्ने | ४.१ न्यूनतम दैनिक यातायात सेवा सञ्चालनका लागि निजी क्षेत्र (यातायात व्यवसायी) सँग सहकार्य गर्ने ।<br>४.२ सामूहिक सवारी साधन सञ्चालनको लागि प्रोत्साहन कार्यक्रम (जस्तैः इन्धन अनुदान, कर छुट) ल्याउने ।<br>४.३ विद्यार्थी, महिला, ज्येष्ठ नागरीक र अपांगता भएका व्यक्तिहरूका लागि विशेष पहुँच सुनिश्चित गर्ने। |
| **उद्देश्य ३ : विद्युत र स्वच्छ उर्जाको उपलब्धता, गुणस्तर र उपयोगमा बृद्धि गर्ने ।** | |
| १. सबै वडामा विद्युत् सेवा विस्तार गर्ने | १.१ विद्युतीकरण नभएका टोल/गाउँमा राष्ट्रिय ग्रिड वा वैकल्पिक स्रोतमार्फत विद्युत् पुऱ्याउने ।<br>१.२ सौर्य ऊर्जा, लघु जलविद्युत् प्रविधिको प्रयोग गरी टाढाका बस्तीहरूमा विद्युतीकरण गर्ने ।<br>१.३ विद्युत् विस्तार योजनामा समुदायको सहभागिता र स्थानीय श्रम प्रयोगलाई प्रोत्साहन दिने । |
| २. उपलब्ध विद्युत्को गुणस्तर, सुरक्षा र विश्वसनीयता सुधार गर्ने | २.१ पुराना वा कमजोर लाइन, ट्रान्सफर्मर तथा पोलहरूको स्तरोन्नति गर्ने ।<br>२.२ लोड व्यवस्थापन र नियमित मर्मत प्रणाली कार्यान्वयन गर्ने ।<br>२.३ उपभोक्तालाई विद्युत् सुरक्षासम्बन्धी चेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने । |
| ३. स्वच्छ र नवीकरणीय ऊर्जाको प्रवर्द्धन गर्ने | ३.१ घरायसी प्रयोगका लागि सौर्य बत्ती, इन्डक्सन चुल्हो, बायोग्यास जस्ता स्वच्छ ऊर्जामा पहुँच बढाउने ।<br>३.२ नवीकरणीय ऊर्जाको प्रयोग गर्ने उपभोक्तालाई प्रोत्साहन तथा अनुदान दिने व्यवस्था गर्ने ।<br>३.३ विद्यालय, स्वास्थ्य संस्था, सार्वजनिक भवनहरूमा स्वच्छ ऊर्जाको अनिवार्य प्रयोग नीति अवलम्बन गर्ने । |
| **उद्देश्य ४: सूचना तथा संचार पुर्वाधारको निर्माण, गुणस्तरीयता र उपयोगमा बृद्धि गर्ने ।** | |
| १. सबै वडामा सूचना तथा सञ्चार पूर्वाधार विस्तार गर्ने | १.१ मोबाइल नेटवर्क, इन्टरनेट सेवा, टावर तथा फाइबर लाइन जस्ता पूर्वाधार नपुगेका वडामा सेवा विस्तार गर्ने ।<br>१.२ सञ्चार कम्पनीहरूसँग सहकार्य गरी पूर्वाधार विस्तारमा साझेदारी गर्ने नीतिगत व्यवस्था मिलाउने । |
| २. गुणस्तरीय तथा भरपर्दो इन्टरनेट सेवा सुनिश्चित गर्ने | २.१ शैक्षिक संस्था, स्वास्थ्य संस्था र कार्यालयहरूमा उच्चगति इन्टरनेट पहुँच सुनिश्चित गर्ने ।<br>२.२ इन्टरनेट सेवा प्रदायकहरूलाई सेवा गुणस्तर मापनको आधारमा अनुगमन र मूल्यांकन गर्ने । |

| रणनीति | कार्यनीति |
|---|---|
| ३. डिजिटल पहुँच र प्रयोगमा जनस्तरमा अभिवृद्धि गर्ने | ३.१ स्थानीय तहका नागरिकलाई डिजिटल साक्षरतासम्बन्धी अभिमुखीकरण तथा तालिम सञ्चालन गर्ने ।<br>३.२ विद्यार्थी, महिला, युवा र साना व्यवसायीहरूलाई सूचना प्रविधिको प्रयोगमा उत्प्रेरित गर्ने कार्यक्रम सञ्चालन गर्ने ।<br>३.३ मोबाइल एप्स, वेबसाइट वा डिजिटल प्लेटफर्ममार्फत सेवा प्रवाहमा सहजता ल्याउने (जस्तैः निवेदन, जानकारी, सूचना) । |

## ६.३ भौतिक पुर्वाधार विकास क्षेत्रको प्रमुख कार्यक्रम तथा लागत अनुमान

आवधिक योजनाको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, नीजि क्षेत्र, प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकता अनुसार प्रस्तुत रणनीतिक कार्यक्रम तथा आयोजना संचालन गरिनेछ । पूर्वाधार विकास क्षेत्रको प्रमुख कार्यक्रम तथा आयोजना, भौतिक लक्ष्य, कार्यक्रम गर्ने स्थान तथा अनुमानित लागत देहायबमोजिमको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ७: भौतिक पुर्वाधार विकास क्षेत्रको प्रमुख कार्यक्रम तथा लागत अनुमान**

| विषय क्षेत्रगत उद्देश्य अनुसार रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष (२०८१/०८२) | कूल लक्ष्य (२०८६/०८७) | | |
| **उद्देश्य १ : सुरक्षित र व्यवस्थित वस्ती, आवास र बजार सुविधामा अभिबृद्धि गर्ने ।** | | | | | |
| १.१ व्यवस्थित बसपार्क निर्माण | स्थान | ० | १ | ५००० | |
| १.२ भूकम्प प्रतिरोधि संरचना निर्माण, प्रविधि, निर्माण सामाग्री र प्रबलीकरण सम्बन्धी स्थानीय जनशक्तिलाई तालिम प्रदान गर्ने | जना | ० | ४५ | ३०० | |
| १.३ जोखिमयुक्त वस्ती पहिचान र नक्सांकन | स्थान | ० | १ | ५०० | |
| १.४ बजार क्षेत्रभित्र शौचालय, ढल व्यवस्थापन, बत्ती, पानीजस्ता आधारभूत पूर्वाधार निर्माण | स्थान | ० | ८ | ५६०० | |
| १.५ दाहसंस्कार स्थलमा आधारभूत पुर्वाधार सहित सुरक्षित संरचना निर्माण | वडा | ० | ९ | १८०० | |
| **वस्ती, आवास र शहरी विकास जम्मा** | | | | **१३२००** | |
| **उद्देश्य २: सुरक्षित सडक र यातायात पूर्वाधारको विकास र विस्तार गर्ने ।** | | | | | |
| २.१ सम्भाव्यता अध्ययन र डि.पि.आर | वटा | ० | ९ | ९००० | अनुसूची १ मा वडा स्तरबाट प्रस्तावित सडक योजनाहरुमध्ये प्राथमिकता अनुसार |

| विषय क्षेत्रगत उद्देश्य अनुसार रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष (२०८१/०८२) | कूल लक्ष्य (२०८६/०८७) | | |
| २.२ नयाँ सडक योजनाहरुको निर्माण | वटा | ० | ९ | २००००० | अनुसूची १ मा वडा स्तरबाट प्रस्तावित सडक योजनाहरुमध्ये डि.पि आर भएका योजनाहरुमध्ये प्राथमिकता अनुसार |
| २.३ सडक ग्राभेल तथा स्तरउन्नति | कि.मि. | ० | १० | १००००० | गाउँपालिका जोड्ने मुख्य सडक |
| २.४ सडकको नियमित, आवधिक र आकस्मिक मर्मतसंभार | कि.मि. | ० | १० | १८००० | अहिले संचालनमा रहेका सडकहरु |
| २.५ सडक पुल निर्माण | वटा | ० | ६ | ६०००० | अनुसूची १ मा वडा स्तरबाट प्रस्तावित सडक पुल योजनाहरुमध्ये डि.पि आर भएका योजना मध्ये |
| २.६ झोलुंगे पुल निर्माण | वटा | ० | २ | ६००० | अनुसूची १ मा वडा स्तरबाट प्रस्तावित झो.पु योजनाहरुमध्ये डि.पि आर भएका योजना मध्ये |
| २.७ ट्रस (फलामे) पुल निर्माण | वटा | ० | ५ | ७५०० | अनुसूची १ मा वडा स्तरबाट प्रस्तावित ट्रस ब्रिज योजनाहरुमध्ये डि.पि आर भएका योजना मध्ये |
| २.८ काठे पुल निर्माण | वटा | ० | ३ | ३०० | अनुसूची १ मा वडा स्तरबाट प्रस्तावित काठेपुल योजनाहरुमध्यबाट |
| २.९ पैदल बाटो निर्माण | वटा | ० | २ | ६०० | अनुसूची १ मा वडा स्तरबाट प्रस्तावित पैदलबाटो योजनाहरुमध्ये बाट |
| २.१० घोरेटो बाटो निर्माण | कि.मि. | ० | ९ | ९०० | अनुसूची १ मा वडा स्तरबाट प्रस्तावित घोरेटो बाटो योजनाहरुमध्ये बाट |
| २.११ सडक यातायात गुरुयोजना तयारी | पटक | ० | १ | १००० | |
| **सडक तथा यातायात जम्मा** | | | | ४०३३०० | |
| **उद्देश्य ३ : विद्युत र स्वच्छ उर्जाको उपलब्धता, गुणस्तर र उपयोगमा बृद्धि गर्ने ।** | | | | | |
| ३.१ विद्युत पोल पुनर्स्थापना, लाइन क्षमता र ट्रान्सफर्मर विस्तार | वडा | ० | ९ | १५००० | |

| विषय क्षेत्रगत उद्देश्य अनुसार रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष (२०८१/०८२) | कूल लक्ष्य (२०८६/०८७) | | |
| ३.२ वैकल्पिक उर्जा प्रवर्धन र विस्तार | कार्यालय /संस्था/घर | ० | २०० | १५००० | |
| ३.३ लघु जलविद्युत आयोजना तथा सोलार मिनिग्रेड मर्मत | संख्या | ० | ९ | ३५००० | |
| **विद्युत तथा वैकल्पिक उर्जा जम्मा** | | | | ६५००० | |
| **उद्देश्य ४: सूचना तथा संचार पुर्वाधारको निर्माण, गुणस्तरीयता र उपयोगमा बृद्धि गर्ने ।** | | | | | |
| ४.१ मोबाइल नेटवर्क, इन्टरनेट सेवा, टावर तथा फाइबर लाइन जस्ता पूर्वाधार नपुगेका वडामा पुर्वाधार निर्माण तथा सेवा विस्तार | संख्या | ० | ९ | ४५०० | सेवा नपुगेका स्थानहरुमा विस्तार |
| ४.२ स्थानीय तहका नागरिकलाई डिजिटल साक्षरतासम्बन्धी अभिमुखीकरण | वडा | ० | ९ | ४५० | सबै वडाहरुमा |
| ४.३ गाउँपालिका कार्यालय, वडा कार्यालयहरु, शैक्षिक संस्था, स्वास्थ्य संस्था र अन्य कार्यालयहरूमा उच्चगति इन्टरनेट जडान | कार्यालय /संस्था | ० | २० | १००० | |
| ४.४ एफ एम रेडियो संचालन | संख्या | ० | १ | २००० | |
| **सूचना, संचार प्रविधि तथा विद्युतीय सुशासन** | | | | ७९५० | |
| **कूल जम्मा** | | | | ४८९४५० | |

## परिच्छेद ७

# वन, वातावरण तथा विपद व्यवस्थापन योजना

### ७.१ पृष्ठभूमि

नेपालको संविधानको भाग ३ धारा ३० ले नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हक प्रदान गरेको छ । प्राकृतिक स्रोतको संरक्षण, संवर्द्धन र उपयोगसम्बन्धी नीति अन्तर्गत जनसाधरणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक तथा भौतिक विकासबाट वातावरणमा पर्ने सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पती तथा जैविक विविधताको संरक्षण, सम्बर्धन र दीगो उपयोग गर्ने व्यवस्था गरेको छ । यसैगरी संविधानले वातावरणीय सन्तुलनका लागि आवश्यक भूभागमा वन क्षेत्र कायम गर्ने र प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापनाको व्यवस्था सुनिश्चित गरेको छ ।

उपरोक्त संवैधानिक व्यवस्था कार्यान्वयन गर्न संघीय सरकारबाट राष्ट्रिय वन नीति २०७५, राष्ट्रिय वातावरण नीति र राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६, वन ऐन, २०७६ तथा वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली २०७७ लगायतका नीति, ऐन र नियम जारी भएका छन् । सोही अनुसार प्रदेश नीति तथा कानून पनि तयारीको अवस्थामा रहेका छन् भने स्थानीय सरकारहरु स्थानीय वातावरण तथा प्राकृतिक श्रोत संरक्षण ऐन तर्जुमा गरी कार्यान्वयनको प्रयास गर्दैछन् । उपरोक्त नीति तथा कानूनको उद्देश्य स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने प्रत्येक नागरिकको मौलिक अधिकारको संरक्षण गर्न, वातावरणीय प्रदुषणबाट हुने क्षति बापत पीडितलाई प्रदुषकबाट क्षतिपूर्ति उपलब्ध गराउन, वातावरण र विकास बीच समुचित सन्तुलन कायम गर्न, प्रकृति, वातावरण र जैविक विविधतामा पर्ने प्रतिकुल वातावरणीय प्रभाव न्यूनीकरण गर्न तथा जलवायु परिवर्तनको चूनौतीलाई सामाना गर्ने रहेको छ ।

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ ले विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा विपद् उत्थानशील राष्ट्र निर्माण गर्दै दीगो विकासमा योगदान पुऱ्याउने दीर्घकालिन सोच, ध्येय र लक्ष्य सहित प्राकृतिक र गैर प्राकृतिक विपद्बाट हुने क्षति उल्लेख्य रुपमा कम गर्ने मुल उद्देश्य राखेको छ । संविधानमा विपद् व्यवस्थापन सम्बन्धी अधिकार क्षेत्र स्थानीय तहको भएको सन्दर्भलाई मध्यनजर गरी विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजनाले विपद जोखिम न्यूनीकरणमा स्थानीय तहको भूमिकालाई महत्वपूर्ण स्थान दिएको छ । यसैगरी राष्ट्रिय विपद् प्रतिकार्य ढाँचा, वातावरण व्यवस्थापन नीति, राष्ट्रिय वन तथा जलवायु नीति लगायतका नीतिहरुले प्राकृतिक तथा गैर प्राकृतिक विपद् न्यूनीकरण, पूर्व तयारी, उद्दार तथा राहत पुनर्लाभलाई जस्ता विषयहरुमा स्पष्ट व्यवस्था गरेको छ ।

संविधानको अनुसूची ८ ले विपद् व्यवस्थापन तथा जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण, वातावरण संरक्षण, जैविक विविधतालाई स्थानीय तहको एकल अधिकारको सूचीमा राखेको छ। उपरोक्त संवैधानिक तथा नीतिगत कार्यसूचीको आधारमा योजनामा प्रस्तावित रणनीति, कार्यनीति तथा कार्यक्रमहरु समुदायमा आधारित संस्था र समूहको संस्थागत क्षमता विकास तथा प्रदेश र संघीय सरकारका सम्बन्धीत निकायसँग समन्वय र सहकार्यमा संचालन गर्ने गरी तर्जुमा तथा प्रस्तावित गरिएका छन् ।

संविधान, संघ र प्रदेश नीति र कानूनी प्रावधान एवम् दीगो विकासका लक्ष्य जस्ता अन्तर्राष्ट्रिय लक्ष्य तथा प्रतिवद्धतासमेत हासिल गर्न स्थानीय तहहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहने हुँदा वन, वातावरण, भूसंरक्षण तथा जलाधार व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन क्षेत्रको लक्ष्य, उद्देश्य र रणनीति सहित क्षेत्रगत मार्गचित्र स्पष्ट गर्न यो योजना तर्जुमा गरिएको छ । योजनामा वन, वातावरण र

विपद व्यवस्थापन विषय क्षेत्रसँग सम्बन्धीत संभावना, अवसर, समस्या तथा चुनौती सहित विद्यमान अवस्था, विषय क्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति तथा कार्यनीति एवम् रणनीतिक महत्वका कार्यक्रम तथा आयोजनाहरु समेत संलग्न गरी तर्जुमा गरिएको छ ।

## ७.२ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम

यस गाउँपालिकाको वन तथा जैविक विविधता, भूसंरक्षण र जलाधार व्यवस्थापन, वातावरण र फोहोरमैला व्यवस्थापन तथा जाजरकोट भुकम्प र विपद व्यवस्थापन क्षेत्रको उद्धेश्य, परिमाणात्मक लक्ष्य, रणनीति तथा प्रमुख कार्यक्रमलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

### ७.२.१ सोच

गाउँपालिकाको वातावरण र विपद व्यवस्थापन क्षेत्रको सोच देहायअनुसार रहेको प्रस्तुत छः

"प्राकृतिक सम्पदाको संरक्षण, स्वच्छ वातावरण र विपदको उचित व्यवस्थापन"

### ७.२.२ लक्ष्य

गाउँपालिकाको वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

प्राकृतिक सम्पदाको संरक्षण र सदुपयोग, वातावरणमैत्री विकास तथा जलवायु अनुकुलता र विपद उत्थानशिलता सुनिश्चित गर्ने ।

### ७.२.३ उद्देश्य

गाउँपालिकाका वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

१. जल, जमिन, जंगल, जैविक विविधता तथा अन्य प्राकृतिक श्रोतको संरक्षण गर्ने ।

२. वनजन्य उत्पादनको व्यावसायीकरण र औद्योगिकिकरण गर्ने ।

३. पर्यावरणीय स्वच्छता, सुन्दरता र वातावरणीय सरसफाईमा अभिबृद्धि गर्ने ।

४. विपद् जोखिम र विपद्जन्य क्षति न्यूनीकरण तथा जलवायु अनुकुलता बृद्धि गर्ने ।

### ७.२.४ रणनीति तथा कार्यनीति

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न देहायअनुसारका रणनीति तथा कार्यनीति अबलम्बन गरी वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी रणनीतिक कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिनेछ :

**तालिका ८ : वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: जल, जमिन, जंगल, जैविक विविधता तथा अन्य प्राकृतिक श्रोतको संरक्षण गर्ने ।** | |
| १. प्राकृतिक स्रोतहरूको संरक्षण तथा पुनःस्थापना कार्यक्रम सञ्चालन गर्ने | १.१ खोला, मुहान, ताल तलैया आदि जलस्रोतको सफाई, संरक्षण र पुनर्जीवन कार्यक्रम सञ्चालन गर्ने ।<br>१.२ मरुभूमिकरण र भूक्षय रोक्न ग्याबियन पर्खाल, र वनस्पति रोपण कार्य गर्ने । |

| रणनीति | कार्यनीति |
|---|---|
| २. वन तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने | २.१ सामुदायिक वन उपभोक्ता समूहहरूको सशक्तिकरण गरी जैविक विविधता संरक्षणमा संलग्न गराउने ।<br>२.२ दुर्लभ प्रजातिका वनस्पति र जीवजन्तुको संरक्षणका लागि सचेतना, निगरानी र कानुनी प्रवर्तन गर्ने ।<br>२.३ जैविक सम्पदा युक्त क्षेत्रहरूमा अध्ययन, वृक्षारोपण तथा स्थानीय प्रजातिको संरक्षण कार्यक्रम सञ्चालन गर्ने । |
| ३. प्राकृतिक स्रोतको उपयोगमा सन्तुलन र दीगो अभ्यासलाई प्रवर्द्धन गर्ने | ३.१ कृषियोग्य जमिनको संरक्षण तथा योजनाबद्ध प्रयोग सुनिश्चित गर्ने (जस्तैः जमिन बैंक, भू-उपयोग योजना) ।<br>३.२ जल र वन स्रोतको उपयोग गर्दा दीगो प्रणाली (जस्तैः पानी संकलन, agroforestry) अपनाउने ।<br>३.३ प्राकृतिक स्रोतको दोहन नियन्त्रण गर्न नीतिगत नियम र समुदायमा आधारित अनुशासन लागू गर्ने । |
| **उद्देश्य २ः वनजन्य उत्पादनको व्यावसायीकरण र औद्योगिकिकरण गर्ने ।** | |
| १. वनजन्य उत्पादनहरूको संकलन, प्रशोधन र भण्डारण प्रणाली विकास गर्ने | १.१ कच्चा वन उत्पादन (जस्तैः जडीबुटी, फलफूल, दाउरा, टुसा) को वैज्ञानिक संकलन र प्राथमिक प्रशोधन गर्ने सीप विकास गर्ने ।<br>१.२ वनजन्य उत्पादन सङ्कलन केन्द्र, सुकाउने, प्याक गर्ने तथा भण्डारण गर्ने पूर्वाधार निर्माण गर्ने ।<br>१.३ उत्पादन गुणस्तर मापदण्ड अनुसार सर्टिङ र ग्रेडिङ प्रणाली लागू गर्ने । |
| २. स्थानीय वन उत्पादमा आधारित साना तथा घरेलु उद्योग स्थापना गर्ने | २.१ टिमुर, अलैंची, जडीबुटी, बांस, निगालो आदि वस्तुमा आधारित स्थानीय उद्योग स्थापना गर्न प्रोत्साहन दिने ।<br>२.२ वन उत्पाद प्रयोग गरेर औषधि, खाद्य, प्रसोधन, फर्निचर जस्ता उच्च मूल्यका वस्तु उत्पादन गर्ने योजना बनाउने ।<br>२.३ उद्योग स्थापना र सञ्चालनमा वित्तीय तथा प्राविधिक सहयोग (अनुदान, तालिम, उपकरण) उपलब्ध गराउने । |
| ३. वन उत्पादको बजारिकरण र व्यापार विस्तार गर्ने | ३.१ बजारसम्म वनजन्य उत्पादन पुऱ्याउने आपूर्ति श्रृंखला विकास गर्ने ।<br>३.२ सहकारी संस्था, उत्पादक समूह वा निजी साझेदारीको माध्यमबाट सामूहिक बजार पहुँच बनाउने ।<br>३.३ उत्पादनमा "ब्रान्डिङ", "प्याकेजिङ", "जिआइ ट्याग", "प्रमाणीकरण" लगायत बजार प्रवर्द्धनका उपायहरू अवलम्बन गर्ने । |
| **उद्देश्य ३ः पर्यावरणीय स्वच्छता, सुन्दरता र वातावरणीय सरसफाईमा अभिबृद्धि गर्ने ।** | |
| १. स्थानीय स्तरमै सरसफाइ तथा फोहोर व्यवस्थापन प्रणाली सुदृढ गर्ने | १.१ वडास्तरमा फोहोर सङ्कलन केन्द्र स्थापना गर्ने र "घरमै कम्पोस्ट" कार्यक्रम सञ्चालन गर्ने ।<br>१.२ जैविक फोहोर (बालीको अवशेष, गहुँत आदि) लाई मल बनाउन र अजैविक फोहोरलाई पुनः प्रयोग/पुनः चक्रण (recycle) गर्न अभिप्रेरित गर्ने ।<br>१.३ पहिरो सम्भावित क्षेत्रहरूमा फोहोर थुपार्न निषेध गरिने र समुदाय-आधारित निगरानी टोली बनाइने । |
| २. हरियाली प्रवर्द्धन र | २.१ बाटो किनार, विद्यालय, स्वास्थ्य चौकी, धार्मिक स्थल र सार्वजनिक |

| रणनीति | कार्यनीति |
| --- | --- |
| सौन्दर्यकरण अभियान सञ्चालन गर्ने | चौरहरूमा वृक्षारोपण कार्यक्रम सञ्चालन गर्ने ।<br>२.२ स्थानीय जातीय/सांस्कृतिक शैलीअनुसार गाउँको सौन्दर्यीकरण (फूल बगैँचा, कलात्मक ढुङ्गा बाटो, रंगीन भित्ते चित्र) गर्ने ।<br>२.३ "एक घर-तीन बिरुवा" वा "हरित वडा अभियान" सञ्चालन गरी सामूहिक वृक्षरोपण प्रोत्साहित गर्ने । |
| ३. जनसहभागिता, शिक्षा र चेतनामूलक अभियान सशक्त बनाउने | ३.१ प्रत्येक वडामा "सफा गाउँ समिति" गठन गरी सरसफाइको नेतृत्व सामुदायिक रूपमा गरिने ।<br>३.२ विद्यालय र महिला समूह मार्फत वातावरण शिक्षा र सरसफाइ विषयमा स्थायी कार्यक्रम सञ्चालन गरिने ।<br>३.३ सफा वडा, सफा टोल, हरित परिवारजस्ता स्थानीय पुरस्कार र मान्यता दिने कार्यक्रम सञ्चालन गरिने । |
| **उद्देश्य ४: विपद् जोखिम र विपद्जन्य क्षति न्यूनीकरण तथा जलवायु अनुकुलता बृद्धि गर्ने ।** | |
| १. जोखिम न्यूनिकरण तथा पूर्वतयारीमा आधारित सामुदायिक प्रणाली सुदृढ गर्ने | १.१ स्थानीय विपद् व्यवस्थापन समिति गठन तथा क्षमता विकास तालिम सञ्चालन गर्ने ।<br>१.२ सम्भावित जोखिम (पहिरो, डुबान, आगलागी, हिउँपात) को स्थानीय नक्साङ्कन (hazard mapping) गर्ने ।<br>१.३ विद्यालय, स्वास्थ्य चौकी, सार्वजनिक स्थलमा विपद् पूर्वतयारी सामग्री (जस्तैः प्राथमिक उपचार किट, सेतोझोला, साइरन) राख्ने । |
| २. स्थानीय पूर्वाधार र वस्तीको विपद् सहनशीलता अभिवृद्धि गर्ने | २.१ पहिरो सम्भावित क्षेत्रहरूमा ग्याबियन पर्खाल, ढुङ्गा-पर्खाल, वनरोपण जस्ता संरचनागत उपायहरू निर्माण गर्ने ।<br>२.२ घर, विद्यालय, स्वास्थ्य चौकी लगायत संरचनाहरू भूकम्प प्रतिरोधी र वातावरणअनुकूल बनाउने ।<br>२.३ जोखिमयुक्त स्थानका बासिन्दालाई सुरक्षित क्षेत्रमा पुनःस्थानान्तरण गर्न दीर्घकालीन योजना बनाउने । |
| ३. जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र अनुकूल उपाय प्रवर्द्धन गर्ने | ३.१ वर्षा असमानता र तापक्रम वृद्धिका कारण हुने समस्यालाई मध्यनजर गर्दै जल-मूलीक संरचना (rainwater harvesting, recharge pits) निर्माण गर्ने ।<br>३.२ वातावरणीय रूपले संवेदनशील क्षेत्र (जस्तैः खोला किनार, डाँडाकाँडा) मा वन संरक्षण र पुनःरोपण अभियान चलाउने ।<br>३.३ जलवायु-अनुकूल कृषि अभ्यास (जस्तैः बहु-बाली प्रणाली, सिँचाइ प्रणाली, जैविक मल प्रयोग) प्रोत्साहित गर्ने । |
| ४. जनचेतना, शिक्षा र बहुपक्षीय समन्वयलाई मजबुत बनाउने | ४.१ विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तनबारे विद्यालय पाठ्यक्रम, स्थानिय मिडिया तथा नाटक, गीत, चित्र मार्फत जनचेतना फैलाउने ।<br>४.२ विपद् व्यवस्थापनमा सरोकारवाला (सरकार, NGOs, समुदाय) बीच स्थायी प्लेटफर्म निर्माण गर्ने ।<br>४.३ विपद् पश्चात् राहत, पुनःस्थापना र पुनर्निर्माणका लागि स्थानीय आपतकालीन कोष स्थापना गर्ने । |

## ७.३ वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको प्रमुख कार्यक्रम तथा लागत अनुमान

वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिकाको स्रोत, संघ/संस्था, स्थानीय समुदाय, नीजि क्षेत्र, प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकता अनुसार प्रस्तुत रणनीतिक कार्यक्रम तथा आयोजना संचालन गरिनेछ । वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको प्रमुख कार्यक्रम तथा आयोजना, भौतिक लक्ष्य, कार्यक्रम गर्ने स्थान तथा अनुमानित लागत देहायबमोजिमको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ९: वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको प्रमुख कार्यक्रम तथा लागत अनुमान**

| विषय क्षेत्रगत उद्देश्य अनुसार रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत ( रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष (२०८१/०८२) | कूल लक्ष्य (२०८६/०८७) | | |
| **उद्देश्य १: जल, जमिन, जंगल, जैविक विविधता तथा अन्य प्राकृतिक श्रोतको संरक्षण गर्ने ।** | | | | | |
| १.१ खोला, मुहान, ताल तलैया आदि जलस्रोतको सफाई र संरक्षण कार्यक्रम | वडा | ० | ९ | २७०० | स्रोत भएका स्थानहरुमा |
| १.२ बन डढेलो नियन्त्रण, वनबाटिका/इकोपार्क निर्माण कार्यक्रम | वडा | ० | ९ | ४५०० | एउटा वडामा मुख्य ५ वटा पानीका मुहान संरक्षण |
| १.३ वन, जैविक विविधता, दुर्लभ प्रजातिका वनस्पति र जीवजन्तुको संरक्षण कार्यक्रम | वडा | ० | ९ | २७०० | सबै वडाहरुमा |
| १.४ पर्यापर्यटन पदमार्ग सम्भाव्यता अध्ययन, भु उपयोग योजना तयारी तथा क्षमता विकास कार्यक्रम | पटक | ० | १ | २००० | |
| **वन तथा जैविक विविधता जम्मा** | | | | **११९००** | |
| **उद्देश्य २: वनजन्य उत्पादनको व्यावसायीकरण र औद्योगिकिकरण गर्ने ।** | | | | | |
| २.१ वनजन्य उत्पादन सङ्कलन केन्द्र, सुकाउने, प्याक गर्ने तथा भण्डारण गर्ने पूर्वाधार निर्माण | स्थान | ० | २ | ८००० | सहकारी, वन उपभोक्ता समिति मार्फत उपर्युक्त स्थानमा दुई वटा उद्योग स्थापना |
| २.२ टिमुर, अलैंची, जडीबुटी, बांस, निगालो आदि वस्तुमा आधारित स्थानीय उद्योग स्थापना | वटा | ० | ३ | ९००० | सहकारी, वन उपभोक्ता समिति मार्फत उपर्युक्त स्थानमा दुई वटा उद्योग स्थापना |
| २.३ सहकारी संस्था, उत्पादक समूह वा निजी साझेदारीको माध्यमबाट वनजन्य उपजहरुको बजार प्रवर्द्धन कार्यक्रम | पटक | ० | ५ | ३००० | आर्थिक अनुदान, सहकार्य, समन्वय बैठक, अनुदान इ |
| **भूसंरक्षण तथा जलाधार व्यवस्थापन जम्मा** | | | | **२००००** | |
| **उद्देश्य ३: पर्यावरणीय स्वच्छता, सुन्दरता र वातावरणीय सरसफाईमा अभिबृद्धि गर्ने ।** | | | | | |
| ३.१ घरधुरीहरुमा "घरमै कम्पोस्ट" प्रोत्साहन कार्यक्रम सञ्चालन | वडा | ० | ९ | ९०० | प्रोत्साहन कार्यक्रम |
| ३.२ बाटो किनार, विद्यालय, स्वास्थ्य चौकी, धार्मिक स्थल र सार्वजनिक चौरहरूमा वृक्षारोपण प्रोत्साहन | स्थान | ० | २० | २०० | सबै विद्यालय तथा कार्यालय र खाली चौरहरुमा |

| विषय क्षेत्रगत उद्देश्य अनुसार रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत ( रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष (२०८१/०८२) | कूल लक्ष्य (२०८६/०८७) | | |
| कार्यक्रम | | | | | |
| ३.३ "एक घर-तीन बिरुवा" वा "हरित वडा अभियान" सञ्चालन | वडा | ० | ९ | ९०० | सबै वडाहरुमा |
| ३.४ सफा वडा, सफा टोल, हरित परिवारजस्ता स्थानीय पुरस्कार र सम्मान गर्ने कार्यक्रम सञ्चालन | पटक | ० | ५ | ५०० | एक वर्षमा एक पटक |
| ३.५ फोहोरमैला व्यवस्थापन सम्वन्धी सचेतना कार्यक्रम | वडा | ० | ९ | ९०० | सबै वडाहरुमा |
| **वातावरण र फोहोमैला व्यवस्थापन जम्मा** | | | | ३४०० | |
| **उद्देश्य ४: विपद् जोखिम र विपद्जन्य क्षति न्यूनीकरण तथा जलवायु अनुकुलता बृद्धि गर्ने ।** | | | | | |
| ४.१ स्थानीय विपद व्यवस्थापन योजना तयारी/अद्यावधिक तथा सम्भावित जोखिम (पहिरो, नदी कटान, आगलागी, हिउँपात) को नक्साङ्कन (hazard mapping) | पटक | ० | १ | १५०० | |
| ४.२ वातावरणीय रूपले संवेदनशील क्षेत्र (जस्तैः पहिरो, खोला किनार, डाँडाकाँडा) मा वृक्षारोपण, ग्याविन पर्खाल आदी कार्यक्रम | वडा | ० | ९ | १०८०० | |
| ४.३ जलवायु-अनुकूल कृषि अभ्यास ( जस्तैः बहु-बाली प्रणाली, सिँचाइ प्रणाली, जैविक मल प्रयोग) प्रोत्साहन कार्यक्रम | वडा | ० | ९ | ५०० | |
| ४.४ विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तनबारे क्षमता विकास, स्थानिय मिडिया तथा नाटक, गीत, चित्र मार्फत जनचेतनामूलक कार्यक्रम | पटक | ० | ५ | ७०० | |
| ४.५ विपद् पश्चात् राहत, पुनःस्थापना र पुनर्निर्माणका लागि स्थानीय आपतकालीन कोष स्थापना | पटक | ० | १ | १५०० | |
| **विपद् व्यवस्थापन जम्मा** | | | | १५००० | |
| **वन, वातावरण र विपद् कुल जम्मा** | | | | ५०३०० | |

# परिच्छेद ८

# संस्थागत विकास तथा सुशासन योजना

## ८.१ पृष्ठभूमि

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानबाट प्रत्यक्ष अधिकारको संघीयताको मोडेलमा आधारित स्थानीय सरकारहरु स्थापना भई संविधान अनुसार विकास कार्यसम्पादन तथा सेवा प्रवाहमा क्रियाशिल रहेका छन् । स्थानीय सरकारलाई जनताको घरदैलोको सरकारको रुपमा हेरिएको हुन्छ । आम नागरिक विशेष गरी विपन्न तथा पछाडि परेका वर्ग एवं समुदायले स्थानीय सरकारबाट ठूलो अपेक्षा गरेका हुन्छन् । संवैधानिक व्यवस्था, कानूनी शासन र जनअपेक्षा अनुसार कूशल, पारदर्शी, जवाफदेही ढंगले स्थानीय शासन संचालन गरी सेवा प्रवाह र विकास कार्यलाई प्रभावकारी बनाउने अहम् दायित्व स्थानीय सरकारहरुको रहेको हुन्छ । संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात स्थानीय सरकारको फराकिलो संवैधानिक अधिकार क्षेत्र र साधन स्रोतमा बढोत्तरीसँगै जनआकांक्षा र समस्याहरु पनि चुलिएका छन् ।

चुलिदै गएका जनआकांक्षाको सम्बोधन परम्परागत र पुरानै सोच र तरिकाबाट संभव देखिदैन । बदलिदो परिवेशसँगै विकास व्यवस्थापन र सेवा प्रवाह सिर्जनशिलता र वैकल्पिक उपायहरु अबलम्बन गर्न जरुरी देखिएको छ । अबका दिनमा स्थानीय सरकारहरुले संगठन तथा क्षमता विकास, कर्मचारी व्यवस्थापन र अन्तर सरकार, समुदाय, नीजि तथा गैर सरकारी संस्था साझेदारीको माध्यमबाट सेवा प्रवाह र विकास व्यवस्थापनलाई नतिजामूलक र प्रभावकारी बनाउने तर्फ विशेष ध्यान दिन आवश्यक देखिन्छ । यसलाई मध्यनजर गरी यस गाउँपालिकाको सेवा प्रवाह र कार्यसम्पादनमा प्रभावकारिता अभिबृद्धि गरी स्थानीय सुशासन कायम गर्न स्थानीय नीति, कानून, संगठन तथा क्षमता विकास, राजस्व तथा श्रोत परिचालन र योजना व्यवस्थापनको वस्तुस्थिति विश्लेषण देहायअनुसार गरिएको छ ।

## ८.२ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम

यस गाउँपालिकाको नीति, कानून तथा सुशासन, संगठन तथा क्षमता विकास, स्रोत परिचालन र विकास व्यवस्थापन लगायत स्थानीय तहको संस्थागत विकास तथा सुशासन क्षेत्रको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजनालाई देहायअनुसार प्रस्तुत गरिएको छ ।

### ८.२.१ सोच

गाउँपालिकाको संस्थागत विकास तथा सुशासन क्षेत्रको सोच देहायअनुसार रहेको प्रस्तुत छः

"सक्षम, जनमुखी, र जवाफदेही स्थानीय सरकार"

### ८.२.१ लक्ष्य

यस गाउँपालिकाको संस्थागत विकास तथा सुशासन क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

जवाफदेही, स्पष्ट र पारदर्शी स्थानीय शासन संचालन गर्ने ।

### ८.२.३ उद्देश्य

गाउँपालिकाको संस्थागत विकास तथा सुशासन क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

१. स्थानीय शासन तथा कार्य संचालन प्रणाली सरल, स्पष्ट र पारदर्शी बनाउने ।

२. संगठन संरचना, मानव संशाधन, कार्य क्षमता र सेवा प्रवाह चुस्त बनाउने ।

३. आन्तरिक र वाह्य श्रोत परिचालन प्रभावकारी तथा आन्तरीक राजस्व प्रणाली सुदृढ बनाउने ।

४. योजना तथा विकास कार्य, सूचना प्रणाली प्रविधिमैत्री तथा नतिजामूलक बनाउने ।

### ८.२.४ विषयगत रणनीति तथा कार्यनीति

यस आवधिक योजनाको संस्थागत विकास तथा सुशासन क्षेत्रको लक्ष्य तथा उद्देश्य हासिल गर्न अपनाइने रणनीति तथा नतिजा हासिल गर्न निर्धारण भएका रणनीतिक कार्यक्रम तथा आयोजना संचालनमा देहायअनुसारका कार्यनीति अवलम्बन गरिनेछ ।

**तालिका १० : सुशासन तथा संस्थागत विकास क्षेत्रको रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: स्थानीय शासन तथा कार्य संचालन प्रणाली सरल, स्पष्ट र पारदर्शी बनाउने ।** | |
| १. सेवा प्रवाह प्रणालीलाई जनमुखी र पारदर्शी बनाउने | १.१ नागरिक वडापत्र (Citizen Charter) अनिवार्य रूपमा कार्यालय र वेबसाइटमा प्रकाशित गर्ने ।<br>१.२ सेवाको समय, लागत, प्रक्रिया, जिम्मेवार व्यक्ति आदि खुलाउने ।<br>१.३ सार्वजनिक गुनासो तथा सुझाव व्यवस्थापन प्रणाली स्थापना गर्ने । |
| २. सूचना प्रविधिको अधिकतम प्रयोग गर्ने | २.१ ई-सेवा प्रणाली (जस्तैः अनलाइन आवेदन, मोबाइल एप) विकास र विस्तार गर्ने ।<br>२.२ अभिलेख व्यवस्थापनलाई डिजिटल प्रणालीमा रूपान्तरण गर्ने ।<br>२.३ कार्यालयको वेबसाइट नियमित अपडेट गरी सूचना पहुँच सुनिश्चित गर्ने । |
| ३. निर्णय प्रक्रिया पारदर्शी र सहभागी बनाउने | ३.१ योजना निर्माणमा जनप्रतिनिधि, नागरिक समाज र सेवाग्राहीको सहभागिता सुनिश्चित गर्ने ।<br>३.२ निर्णय, बजेट तथा खर्च विवरण सार्वजनिक गर्ने ।<br>३.३ अनुगमन तथा मूल्यांकनमा नागरिक सहभागिता बढाउने । |
| ४. संस्थागत क्षमता र जवाफदेहिता अभिवृद्धि गर्ने | ४.१ जनप्रतिनिधि र कर्मचारीलाई प्रशासनिक दक्षता तथा सुशासन सम्बन्धी तालिम दिने ।<br>४.२ कार्य विभाजन स्पष्ट पार्ने गरी कार्य विवरण पुस्तिका तयार गर्ने ।<br>४.३ सेवा प्रवाहमा नियमित अनुगमन र मूल्यांकन प्रणाली विकास गर्ने । |
| **उद्देश्य २: संगठन संरचना, मानव संशाधन, कार्य क्षमता र सेवा प्रवाह चुस्त बनाउने ।** | |
| १. संगठन संरचनाको पुनरावलोकन र सुधार गर्ने | १.१ कार्यभार र सेवाको प्रकृति अनुसार संगठन संरचना पुनरावलोकन गर्ने ।<br>१.२ आवश्यकता अनुसार नयाँ इकाइ/शाखाहरूको गठन वा समायोजन गर्ने ।<br>१.३ संगठन संरचनालाई जिम्मेवारीसहित स्पष्ट बनाउने । |
| २. मानव संसाधनको क्षमता अभिवृद्धि गर्ने । | २.१ कर्मचारीहरूका लागि नियमित तालीम, कार्यशाला र क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने ।<br>२.२ कार्य सम्पादन मूल्यांकन प्रणाली लागू गर्ने ।<br>२.३ योग्यताका आधारमा स्रोत परिचालन र वृत्ति विकासको अवसर प्रदान गर्ने । |
| ३. सेवा प्रवाह प्रणालीलाई चुस्त र समयमै परिणाममुखी बनाउने | ३.१ नागरिक वडापत्रअनुसार सेवा प्रवाहको समय, प्रक्रिया र शुल्क निर्धारण गर्ने ।<br>३.२ ई-गभर्नेन्स (e–governance) प्रणालीको विस्तार गरी सेवा सहज बनाउने ।<br>३.३ सेवा प्रवाहको नियमित अनुगमन तथा नागरिक सन्तुष्टि सर्वेक्षण गर्ने ।<br>३.४ पारदर्शी सूचना व्यवस्थापन प्रणाली सञ्चालन गर्ने । |

| रणनीति | कार्यनीति |
| --- | --- |
| **उद्देश्य ३: आन्तरिक र वाह्य श्रोत परिचालन प्रभावकारी तथा राजस्व प्रणाली सुदृढ बनाउने ।** | |
| १. आन्तरिक राजस्व स्रोतको अधिकतम परिचालन गर्ने | १.१ कर योग्य वस्तु, सेवा र सम्पत्तिको वैज्ञानिक सूचीकरण तथा अद्यावधिक गर्ने ।<br>१.२ स्थानिय कर प्रणालीलाई सरल, पारदर्शी र सेवा अनुकूल बनाउने ।<br>१.३ करदातामा करप्रति चेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्ने ।<br>१.४ कर उठाउने कर्मचारीलाई राजस्व सम्बन्धी तालिम तथा प्रविधि प्रयोगमा दक्ष बनाउने ।<br>१.५ राजस्व संकलन, रेकर्ड राख्ने र रिपोर्टिङ प्रणालीलाई डिजिटल बनाउने। |
| २. बाह्य स्रोत परिचालनमा समन्वय र पारदर्शिता कायम गर्ने | २.१ संघीय र प्रदेश सरकारसँगको वित्तीय साझेदारी तथा अनुदान प्राप्तिमा सक्रियता देखाउने ।<br>२.२ विकास साझेदार, निजी क्षेत्र तथा संघसंस्थासँग सहकार्य गरी स्रोत परिचालन गर्ने ।<br>२.३ परियोजना र अनुदानको पारदर्शी व्यवस्थापन प्रणाली विकास गर्ने । |
| ३. वित्तीय योजना, निगरानी र मूल्यांकन प्रणाली मजबुत बनाउने | ३.१ राजस्व चोरी नियन्त्रणका लागि निगरानी र दण्ड प्रणाली सुदृढ गर्ने ।<br>३.२ स्रोतको पूर्वानुमान, बजेट निर्माण र खर्च निगरानी प्रणालीलाई संस्थागत बनाउने ।<br>३.३ आय-व्यय पारदर्शिता सुनिश्चित गर्न नियमित वित्तीय विवरण सार्वजनिक गर्ने ।<br>३.४ राजस्व तथा स्रोत परिचालनको मूल्यांकन गरी आवश्यक सुधार गर्ने । |
| **उद्देश्य ४: योजना तथा विकास कार्य, सूचना प्रणाली प्रविधिमैत्री तथा नतिजामूलक बनाउने ।** | |
| १. योजना निर्माण र कार्यान्वयनमा प्रविधिको प्रयोग विस्तार गर्ने | १.१ योजना बैंक प्रणाली (Project Bank System) विकास गरी प्राथमिकता आधारित योजना चयन गर्ने ।<br>१.२ अनलाइन योजना व्यवस्थापन प्रणाली (MIS) विकास गरी योजना दर्ता, अनुगमन र मूल्यांकन गर्ने ।<br>१.३ भौगोलिक सूचना प्रणाली (GIS) प्रयोग गरी योजना पहिचान र स्थान विश्लेषण गर्ने ।<br>१.४ योजना कार्यान्वयनमा नतिजा केन्द्रीत दृष्टिकोण अवलम्बन गर्ने । |
| २. सूचना प्रणालीलाई सुदृढ गरी तथ्यमा आधारित निर्णय प्रणाली विकास गर्ने | २.१ तथ्यांक संकलन, विश्लेषण र व्यवस्थापनका लागि सूचना व्यवस्थापन प्रणाली निर्माण गर्ने ।<br>२.२ कार्यपालिका कार्यालयका सबै शाखाहरूको विवरण एकीकृत डिजिटल प्रणालीमा समेट्ने ।<br>२.३ निर्णय प्रक्रिया तथा विकास कार्यक्रमहरूलाई तथ्यमा आधारित बनाउने गरी सूचना प्रवाह सुनिश्चित गर्ने । |
| ३. पारदर्शिता, सहभागिता र जवाफदेहिता बढाउने | ३.१ योजनाको विवरण, बजेट, प्रगति रिपोर्ट र मूल्यांकन प्रतिवेदन सार्वजनिक गर्ने ।<br>३.२ योजना निर्माणदेखि मूल्यांकनसम्म नागरिक सहभागिता सुनिश्चित गर्ने ।<br>३.३ योजनाको सामाजिक लेखा परीक्षण (social audit) र सार्वजनिक सुनुवाइ गर्ने । |

## ८.२ संस्थागत विकास तथा सुशासन क्षेत्रको प्रमुख कार्यक्रम तथा लागत अनुमान

आवधिक योजनाको संस्थागत विकास र सुशासन क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिका स्रोत, संघ/संस्था, स्थानीय समुदाय, नीजि क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकताको आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना संचालन गरिनेछ ।

**तालिका ११ : सुशासन तथा संस्थागत विकास क्षेत्रको प्रमुख कार्यक्रम तथा लागत अनुमान**

| विषय क्षेत्रगत उद्देश्य अनुसार रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष (२०८१/०८२) | कूल लक्ष्य (२०८६/०८७) | | |
| **उद्देश्य १: स्थानीय शासन तथा कार्य संचालन प्रणाली सरल, स्पष्ट र पारदर्शी बनाउने ।** | | | | | |
| १.१ नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका मापदण्ड निर्माण, प्रवोधीकरण ( Technologization) तथा प्रकाशन | विषय | | १० | ५०० | - संविधानको अनुसूची ८ र ९ मा उल्लिखित विषय क्षेत्र मध्ये बाँकी रहेका विषयमा केन्द्रित हुने र आवश्यकता अनुसारका ऐन, नियम र कार्यबिधि तर्जुमा गर्ने |
| १.२ सुशासन तथा जबाफदेहिता प्रवर्द्धन कार्यक्रम | पटक | ० | ५ | १००० | - सामाजिक जवाफदेहिता प्रवर्धन सम्वन्धी मार्गदर्शन नियमित अनुसरण गर्ने र अभ्यास गर्ने |
| १.३ नागरिक पृष्ठपोषण र वहस कार्यक्रम | पटक | ० | ५ | ५०० | - बार्षिक कार्यक्रमको समीक्षासँग आवद्ध गरी संचालन गर्ने |
| १.४ सूचना प्रविधिमैत्री शासन प्रवर्धन | पटक | ० | ५ | ५०० | - घटना दर्ता, योजना, खरिद, SUTRA, राजस्व जिन्सी, सम्पत्तीको अभिलेख, प्रशासन र प्रतिवेदन सूचना व्यवस्थापन प्रणालीमा सूचना प्रविधिको प्रयोग गर्ने |
| १.५ विवाद मध्यस्थता, कानूनी साक्षरता तथा मेलमिलाप कार्यक्रम | पटक | ० | ५ | ५०० | - न्यायिक समितिको संयोजनमा मेलमिलाप कर्ताद्धारा स्थानीय विवाद समाधान गर्ने । वडा समिति र टोल सुधार समिति तथा गैससको सहयोगमा कानूनी साक्षरता कक्षा संचालन गर्ने |
| **नीति, नियम र सुशासन जम्मा** | | | | ३००० | |
| **उद्देश्य २: संगठन संरचना, मानव संशाधन, कार्य क्षमता र सेवा प्रवाह चुस्त बनाउने ।** | | | | | |
| २.१ कार्यालय व्यवस्थापन एवं भौतिक निर्माण तथा सुधार कार्यक्रम | वटा | १ | १ | १५००० | - कार्यपालिका कार्यालयको नयाँ भवन निर्माण गरी सभाहल, बैठक कक्ष, विषयगत कार्यकक्ष, तालिम हल सहित एकीकृत सेवा प्रवाहको व्यवस्था गर्ने |

| विषय क्षेत्रगत उद्देश्य अनुसार रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष (२०८१/०८२) | कूल लक्ष्य (२०८६/०८७) | | |
| २.२ स्थानीय सरकारको कार्य सम्पादन तथा संस्थागत क्षमता (LISA, FRA, LED etc..) सुदृढिकरण कार्यक्रम स्वमूल्याङ्कन कार्यक्रम | पटक | ० | ५ | १००० | - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट उपलब्ध स्थानीय सरकारको संस्थागत स्वमूल्याङ्कन (लिसा) कार्यविधिको आधारमा तयार गर्नुपर्ने र सम्पादन गर्नुपर्ने विभिन्न कृयाकलापहरु संचालन गर्ने |
| २.३ जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज संस्थाको क्षमता अभिबृद्धि कार्यक्रम | पटक | ० | ५ | १००० | - ऐन, नियम, कार्यविधि तर्जुमा प्रक्रिया सोको विषयवस्तु तथा तर्जुमा भएका कानुनहरुको कार्यान्वयन सम्वन्धमा<br>- योजना बजेट तर्जुमा, कार्यान्वयन, खरिद व्यवस्थापन, अनुगमन तथा मूल्याङ्क, गुणस्तर नियन्त्रण तथा नतिजा मापन<br>- योजना व्यवस्थापन (प्राविधिक र व्यवस्थापकीय पक्ष) सम्वन्धमा तालिम<br>- सूचना प्रविधिमा आधारित शिक्षण विधि तथा विषयगत तालिम<br>- प्राविधिक कर्मचारीका लागि विद्युतीय खरिद प्रक्रिया, नयाँ निर्माण सामाग्री, गुणस्तर नियमन र आयोजना व्यवस्थापन<br>- जनप्रतिनिधि र कर्मचारीका लागि सफ्टवयर, इविडिङ्ग र सूचना प्रविधिको प्रयोग<br>- विषयगत तालिम (कृषि तथा पशु विकास, पर्यटन प्रवर्धन, उद्यम विकास, शैक्षिक व्यवस्थापन, स्वास्थ्य, खानेपानी, सरसफाई र वातावरण व्यवस्थापन आदि)<br>- महामारी र विपद् पूर्व तयारी र व्यवस्थापन<br>- सेवाग्राहीलाई उपलब्ध सेवासुविधा र सोको प्रक्रिया बारे अभिमुखकीरण |
| २.४ अन्तर स्थानीय तह अध्ययन, परामर्श र टिम विल्डिङ कार्यक्रम | पटक | ० | ५ | ५०० | - पदाधिकारी र कर्मचारीलाई उत्कृष्ट कार्यसम्पादन गरीरहेका स्थानीय सरकारसँग परामर्श गर्ने र पदाधिकारी र कर्मचारी टिम विल्डिङ्ग सेसन संचालन गर्ने |
| २.५ कर्मचारी प्रोत्साहन कार्यक्रम | पटक | ० | ५ | १००० | - कार्य सम्पादनमा आधारित करार पद्धति र प्रोत्साहन प्रणाली लागू गर्ने |

| विषय क्षेत्रगत उद्देश्य अनुसार रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य आधार वर्ष (२०८१/०८२) | योजनाको लक्ष्य कूल लक्ष्य (२०८६/०८७) | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | | | | - पुरस्कार र सुविधासहित कर्मचारी प्रोत्साहन कार्यविधि तयार गर्ने<br>- कार्यविधि बमोजिम बार्षिक २ जनाको दरले १० जनालाई पुरस्कृत वा थप कार्य वापत मासिक सुविधा प्रदान गर्ने |
| २.६ संगठन विकास तथा सुदृढीकरण कार्यक्रम | पटक | ० | १ | ५०० | - कार्यविभाजन र कार्यसम्पादन नियमावली र संगठन व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अनुसार संगठन संरचना दरबन्दी र तह मिलान गर्ने<br>- समिति, शाखा, इकाई, वडा कार्यालय तथा कर्मचारीको कार्य विवरण अनुसार कार्यसम्पादनको अनुगमन गरी लेखाजोखा गर्ने<br>- संगठन तथा क्षमता विकास रणनीति सहित विस्तृत क्षमता विकास योजना तयार गर्ने |
| २.७ सेवाग्राही प्रतिक्षालय, कार्यकक्ष, सूचना प्रविधि र उपकरण व्यवस्थापन कार्यक्रम | पटक | ० | १ | ८०० | - गाउँ कार्यपालिकाको कार्यालयमा सोधपुछ कक्ष, सहायता कक्ष, स्तनपान कक्ष र सेवाग्राही प्रतिक्षालय लगायत कार्यकक्षको व्यवस्था गर्ने<br>- कार्यापालिका र वडा कार्यालयहरुमा पावर व्याकअप समेत इन्टरनेट सुविधाको व्यवस्था गर्ने |
| २.८ न्यायिक समिति र मेलमिलाप केन्द्र संचालन तथा न्यायिक सम्पादन कार्यक्रम | पटक | ० | ५ | ७५० | - कार्यपालिका कार्यालयमा मेलमिलाप कक्षको व्यवस्था गर्ने<br>- प्रत्येक वडालाई समेट्ने गरी मेलमिलापकर्ताका लागि विवाद निरुपण तथा मध्यस्थता सम्बन्धी तालिम/पुनतार्जगी तालिम संचालन गरी मेलमिलापकर्ता तयार गर्ने । |
| २.९ लक्षित वर्ग संस्थागत संरचना तथा क्षमता विकास कार्यक्रम | पटक | ० | ५ | ५०० | - एकल महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, विपन्न, भूमिहिन, विस्थापितहरुको संयन्त्र तथा संजाल निर्माण र क्षमता विकास गर्ने |
| २.१० गै.स.स. समन्वय डेस्क स्थापना तथा संचालन | पटक | ० | १ | १०० | - गैसस समन्वय डेस्क सञ्चालनको कार्यविधि तर्जुमा गर्ने<br>- गैसस समन्वय डेक्स कक्ष तथा संचालनको व्यवस्था गर्ने |

| विषय क्षेत्रगत उद्देश्य अनुसार रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष (२०८१/०८२) | कूल लक्ष्य (२०८६/०८७) | | |
| | | | | | - बर्षमा कम्तीमा २ पटक गैससँग अन्तरक्रिया र समन्वय वैठक आयोजना गर्ने |
| **संस्थागत विकास जम्मा** | | | | २११५० | |
| **उद्देश्य ३: आन्तरिक र वाह्य श्रोत परिचालन प्रभावकारी तथा राजस्व प्रणाली सुदृढ बनाउने ।** | | | | | |
| ३.१ आन्तरिक आयको संभावना अध्ययन तथा प्रक्षेपण | पटक | ० | १ | ५०० | - राजश्व सुधार कार्ययोजनाको तयारी गर्ने |
| ५.३.२ करदाता शिक्षा कार्यक्रम | पटक | ० | ५ | ५०० | - कर, शुल्क, दस्तुरको दर, संकलन प्रक्रिया, छुट तथा दण्डको व्यवस्था बारे वडा तथा समुदायस्तरमा टोल विकास संस्था मार्फत करदाता शिक्षा कक्षा संचालन गर्ने |
| ३.३ राजस्व शाखा सुदृढीकरण कार्यक्रम | पटक | ० | १ | ५०० | - कर्मचारी क्षमता विकास, सफ्टवेयर सञ्चालन, कर्मचारी तथा भौतिक सामग्री सहित कार्यकक्ष व्यवस्थापन, राजश्व र पंजिकरण अनलाईन प्रबिधिबाट संचालन गर्ने |
| ३.५ आन्तरिक नियन्त्रण प्रणाली तयारी र प्रणाली सुदृढीकरण | पटक | ० | १ | ५०० | - आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयारी<br>- खर्चको आन्तरिक लेखा परीक्षण र सार्वजनिक परीक्षण गर्ने/गराउने |
| **स्रोत परिचालन जम्मा** | | | | २००० | |
| **उद्देश्य ४: योजना तथा विकास कार्य, सूचना प्रणाली प्रविधिमैत्री तथा नतिजामूलक बनाउने ।** | | | | | |
| ४.१ पूर्व संभाव्यता अध्ययन तथा डिपिआर र आयोजना वैक तयारी | पटक | ० | १ | ५००० | - आयोजना वैंक तयार गर्ने,<br>- प्राथमिकता प्राप्त आयोजनाको संभाव्यता अध्ययन र डिपिआर तयार गर्ने |
| ४.२ योजना तर्जुमा, कार्यान्वयन अनुगमन, मूल्याङ्कन र सिकाई प्रणाली संचालन | पटक | ० | ५ | ६०० | - नतिजामूलक र सूचना प्रविधिमा आधारित भई योजना तर्जुमा, अनुगमन र सिकाई सम्बन्धी कार्यविधि र प्रणाली विकास गर्ने<br>- पदाधिकारी र कर्मचारीलाई प्रभावकारी योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कनका र सिकाई सम्बन्धी क्षमता विकास कार्यक्रम संचालन गर्ने<br>- चौमासिक र बार्षिक समीक्षा गर्ने |

| विषय क्षेत्रगत उद्देश्य अनुसार रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष (२०८१/०८२) | कूल लक्ष्य (२०८६/०८७) | | |
